ISSN: 2350-8639

पुनर्विलोकित बहुविषयक जर्नल

# विवेक

वर्ष ३४, अङ्क ११ नेपाली खण्ड

त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ
वीरेन्द्र बहुमुखी क्याम्पस, एकाइ समिति
भरतपुर, चितवन
श्रावण २०७५

ISSN: 2350-8639

पुनर्विलोकित बहुविषयक जर्नल

# विवेक

वर्ष ३४, अङ्क ११ नेपाली खण्ड

त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ
वीरेन्द्र बहुमुखी क्याम्पस, एकाइ समिति
भरतपुर, चितवन
श्रावण २०७५

संरक्षक
गोविन्द सापकोटा
क्याम्पस प्रमुख
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

सम्पादक समूह
कन्हैयालाल गुप्ता
पशुपति नेपाल
चन्द्रावती लम्साल

प्रकाशक
**त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ**
**वीरेन्द्र बहुमुखी क्याम्पस, एकाइ समिति**
भरतपुर, चितवन

प्रकाशन वर्ष 19 श्रावण २०७५ (जुलाई २०१८) 4 Aug 2018

प्रकाशित प्रति ५०१

मूल्य रू. ५००।-

ISSN 2350-8639

आवरण/कम्प्युटर सेटिङ्ग गोपाल भट्टराई

मुद्रण
सिद्धबाबा अफसेट प्रेस
हाकिमचोक, चितवन, ०५६-५२६२४५
E-mail: sandip.siddhababa@gmail.com

# विषयसूची


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १ | विपी कोइराला : बाल्याकालीन अवस्था तथा राजनीतिक मनोविज्ञान र दिशाबोध | राजेन्द्र रेग्मी | १ |
| २ | भैरव अर्यालको हास्यव्यङ्ग्यात्मक प्रवृत्ति र असनको डबली निबन्ध | पूर्णप्रसाद अधिकारी | ११ |
| ३ | भाषिक मृत्यु : कारण र दिशा | दामोदर रिजाल | १९ |
| ४ | श्वेतभैरवीका कथाहरूको समाजशास्त्र | धनेश्वर भट्टराई | २९ |
| ५ | साहित्यिक विधाहरूमा आञ्चलिकता | कृष्णप्रसाद सापकोटा | ४० |
| ६ | पात्रविधानका कोणबाट चन्द्रवदन कथाको अध्ययन | रमेश प्रभात | ४८ |
| ७ | समाज विकासमा वैकल्पिक शिक्षाको भूमिका र मानवीय संवाहकको आवश्यकता | सुरेन्द्र घिमिरे | ५७ |
| ८ | आरूको फूल कथामा यौनमनोविज्ञान | भीष्मराज पौडेल | ७० |
| ९ | नेपालमा  महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा भएका परिवर्तनहरु | कृष्णकान्त पौडेल | ८२ |
| १० | कर्तव्य कथाको समाजशास्त्रीय विश्लेषण | राजेन्द्र गिरी | ९३ |

**पुनर्विलोकनको गहन भूमिकामा रहनुभएका प्राध्यापकज्यूहरू**

प्रा.डा. देवीप्रसाद कँडेल
प्रा. नारायणप्रसाद खनाल
प्रा.डा. होमनाथ सापकोटा
सह प्रा. निर्मल कुमार शर्मा

**भाषा सम्पादन**

सह प्रा. दामोदर रिजाल
सह प्रा.डा. धनेश्वर भट्टराई

**कृतज्ञता ज्ञापन**

यस विवेक अङ्क ११ नेपाली खण्डको पुनर्विलोकन गरी महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने प्राध्यापकज्यूहरू, यस जर्नलका लागि लेख रचना उपलब्ध गरी सहयोग पुऱ्याउनुहुने प्राध्यापकज्यूहरू तथा प्रकाशनको सम्पूर्ण आर्थिक भार वहन गर्ने वीरेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री गोविन्द सापकोटा तथा क्याम्पस प्रशासन परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ।

त्रि.वि. प्राध्यापक सङ्घ
वीरेन्द्र बहुमुखी क्याम्पस
एकाइ समिति परिवार

# विपी कोइराला : बाल्याकालीन अवस्था तथा राजनीतिक मनोविज्ञान र दिशाबोध

राजेन्द्र रेग्मी, पिएचडी
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
regmiraja@gmail.com

**लेखसार**

*नेपालको राजनीतिक इतिहासमा विपी कोइराला एक अद्वितीय व्यक्तित्व मानिन्छन् । विपी जब नेपालको राजनीतिक क्षितिजमा देखापरे, त्यस समयदेखि नै सत्तामा रहँदा वा नरहँदा होस्, बन्दी अवस्थामा वा निर्वासनमा रहँदा होस् वा जनमतसङ्ग्रहको खुल्ला परिवेशमा वा सुधारसहितको पञ्चायती शासनकालमा नै किन नहोस् विपी कोइराला राजनीतिक क्षितिजमा राजनीतिक निर्णायकहरूका लागि ध्यानाकर्षण हुने पात्रका रूपमा रहिरहे । यस किसिमका विलक्षण व्यक्तित्वको राजनीतिक दिशाबोध उनकै बाल्याकालीन परिवेशबाट तयार भएको देखिन्छ । बाल्याकालीन अवस्थाबाट नै उनमा असाधारण क्षमता देखापर्दै आइरहेको देखिन्छ । विराटनगरमा रहँदाको उनको पूर्वबाल्यकालीन समयमा परेको प्रभाव, निर्वासनमा रहँदा उनको परिवारले भोग्नुपरेको आर्थिक र मानसिक प्रभाव, सो समयमा महात्मगान्धीको सादगी जीवनको प्रभाव, भारतमा रहँदा नै आतङ्ककारी समूहसँगको संलग्नताको अनुभव, माक्सवादी दर्शनको प्रभाव तथा मार्क्सवादी नेताहरूको बोली व्यवहारमा देखिएको भिन्नताले पारेको प्रभाव, उनको अध्ययनशीलता, बाबु कृष्णप्रसादको जीवनदर्शनले पारेको प्रभाव, भारतीय समाजवादी नेताहरूको प्रभाव, नेपालप्रजापरिषद्को गठन तथा त्यसको गन्तव्यको सम्बन्धमा उनको निष्कर्ष, भारतीय स्वतन्त्रता सङ्ग्रामका गतिविधिको प्रभावजस्ता कारणहरूले विपीमा प्रजातान्त्रिक समाजवादको राजनीतिक दिशाबोध निदिष्ट भएको देखिन्छ ।*

**शब्दसूची** : राजनीतिक मनोविज्ञान, प्रजातान्त्रिक समाजवाद, विपी कोइराला, महात्म गान्धी, मार्क्सवादी दर्शन, भारत छोडो आन्दोलन ।

## विषय परिचय

विपी नेपाली साहित्याकाशमा एक मनोविश्लेषक कथाकारका रूपमा स्थापित भएका छन् । हुनत उनी आफैँले "म साहित्यमा अराजक हुँ" भनी आफ्नो साहित्यिक कलमलाई राजनीतिक विषयवस्तुबाट टाढा राखेर हेर्न सल्लाह

*रेग्मी इतिहास विषयका सह–प्राध्यापक हुनुहुन्छ ।*

दिएका छन् तथापि साहित्यमा उनको जुन मनोविज्ञान छचल्किएको छ सो मनोविज्ञान राजनीतिक क्षेत्रमा पनि छचल्किरहेको प्रष्ट रूपमा देख्न सकिन्छ। वास्तवमा विपी कोइराला बनारसमा जन्मिए। प्रारम्भिक बाल्यकाल विराटनगरमा बित्यो। सम्पूर्ण परिवारसहित विपी ३ वर्षका उमेरमा निर्वासित भएर भारतको बनारसका गल्लीलगायत कलकत्ता, भागलपुर, बेतिया, जयनगर, बम्बइ आदि स्थानहरूमा अनेकन उतार चढाबका साथ बाल्याकालीन अवस्था गुजारेका थिए। वि.सं. २००३ असोज १८ तदनुरुप सन् १९४६ अक्टोबर ४ मा एक व्यक्तव्य सार्वजनिक गरी नेपालको राजनीतिक रङ्गमञ्चमा एउटा राजनीतिक दल गठनमा लाग्नुभन्दा अगाडिका उनका तमाम भोगाइ तथा उनका गतिविधिहरूको मनोविज्ञान अध्ययन गरिरहँदा उनको भावी राजीतिक यात्राले प्रष्ट रूपमा दिशाबोध गरिसकेको देखिन्छ। वास्तवमा उनका ती तमाम भोगाइहरूबीच देखिँदै गएको उनको राजनीतिक दिशाबोधलाई नै यस लेखको विषयबस्तु बनाइएको छ। विपीका बहुआयामिक पक्षहरूका सम्बन्धमा थुप्रै थुप्रै कलमहरू चलिसकेका छन् जसमध्ये कयौँबाट विपीका सम्बन्धमा अनेकौं आलङ्कारिक उपमासहित चर्चा परिचर्चा गरिएको देखिन्छ भने कतिपयबाट सतही रूपमा मात्र टिप्पणी गरिएको देखिन्छ। अतः विपीका सम्बन्धमा भएका अन्य विभिन्न पूर्वकार्यहरूलाई छाडेर विपीका आफ्नै अन्तरवार्ता तथा आत्मकथाहरूमा उल्लेख भएका विभिन्न कथनहरूको मनोबैज्ञानिक विश्लेषणका आधारमा विपीको राजनीतिक दिशाबोधका सम्बन्धमा यो लेख केन्द्रित रहेको छ। विपी कोइरालाको जन्म वि.सं.१९७१ भाद्र २४ गते तदनुरुप सन् १९१४ सेप्टेबर ८ (प्रथम विश्वयुद्ध हुनुभन्दा एक हप्ता अगाडि) मा भारतको बनारसमा भएको थियो। उनको न्वारानको नाम चूडामणि भए पनि ठूलाबाबु कालिदासले बनारसको विश्वनाथको प्रसाद ठानी विश्वेश्वरप्रसाद नाम राखिदिएका थिए जुन नाम नेपालको राजनीतिक तथा साहित्यिक फाँटमा कालजयी बन्न सफल भयो।

### विराटनगरको पूर्वबाल्यकाल र विपी

विपीको जन्म बनारसमा भए पनि उनको पूर्वबाल्यकाल विराटनगरमा बितेको थियो। पूर्व २ नं. को दुम्जाबाट कामको खोजीका क्रममा विपीका पिताजी कृष्णप्रसाद कोइराला विपीको जन्मपूर्व नै विराटनगर पुगेर व्यापार सुरु गरेका थिए। व्यापारमा प्राप्त सफलताबाट उनको परिवारको आर्थिक अवस्था निकै राम्रो रह्यो। आर्थिक रूपमा सन्तुष्ट रहेका कृष्णप्रसादलाई सामाजिक सेवाभाव उत्पन्न भइरहँदा एक दिन दैवीवाणी प्राप्त भएको अनुभूति भयो जसको परिणामस्वरुप उनले अस्पताल तथा स्कूल स्थापना गरे। तत्कालीन नेपाली समाजमा रहेको महिलावर्गप्रतिको असमान व्यवहारबाट महिलावर्गलाई कसरी सम्मानित गराउन सकिन्छ भन्ने सोच अनुसार चन्द्रशमशेरको अनुमतिमा चन्द्रशमशेरको महारानीको संरक्षकत्वमा महिला संघ गठन गरे।

पिताजी कृष्णप्रसादका ती तमाम सामाजिक सेवाभावबाट विपीको तत्कालीन उमेर अवस्थामा खासै प्रभाव नपरे पनि जब विपी बुझ्न सक्ने उमेरका भए सो अवस्थामा पिताजीको सेवाभावबाट विपीमा एक गहिरो प्रभाव परेको थियो। यस सम्बन्धमा स्वयम् विपीको कथनः

उहाँ (बाबु) को जीवनमा २।३ कुरा बडो घतलाग्दा छन् र त्यसको मेरो जीवनमा पनि बडो प्रभाव परेको छ । पछि पिताजीले व्यापार गर्नुभयो, निकै पैसा कमाउनुभयो । विराटनगरको स्थापना गर्नुभयो ।...मेरा परिवार पनि मलाई मान्दछन् र मित्रहरू पनि मान्दछन् भनेर आफूलाई आत्मसन्तुष्ट रहँदै आउनु भएको थियो । हठात् उहाँले एउटा आवाज सुन्नुभयो । "कृष्णप्रसाद तिमीले सबै कुरा आफ्ना निम्ति गर्‍यौं । ...जबसम्म तिमीले अरुहरूको निम्ति केही गर्दैनौ, तबसम्म त तिमीले कमाएको केही माने हुँदैन" । ... अनि उहाँका साथीहरू जसले उहाँलाई मद्दत गरेका थिए, उनीहरूलाई सोध्नुभएछ। अस्पताल खोल्नु पर्‍यो, स्कूल खोल्नु पर्‍यो भनेर। उनीहरूले चेताएछन्, यो के गरेको ? सरकारले गर्ने काम तिमीले गर्ने हो ? यसको परिणाम राम्रो हुँदैन ।" तर पिताजीले भन्नुभएछ "मैंले त हिजो देवावाणी सुनिसकेको छु , म त गर्छु ।" (शर्मा, २०५५: २।)

विपीका पिताजी कृष्णप्रसाद विराटनगरमा एक प्रतिष्ठित समाजसेवीका रूपमा भइरहँदा चन्द्रशमशेरलाई शासन व्यवस्थामा सुधारका लागि रचनात्मक सुझाव दिँदै आइरहेका पनि थिए। दासप्रथा उन्मुलनका लागि आग्रह गर्दै चन्द्रशमशेरलाई पत्राचार गरेका थिए। (कोइराला, २०५६: १११) यसै गरी एक दिन कृष्णप्रसादले आम नेपाली जनताको आर्थिक अवस्थाको जानकारी दिने विचारले एक भरियाको थोत्रा कपडा पार्सल गरी चन्द्र शमशेरको दरबारमा पठाए। तर चन्द्रशमशेरले सो कार्यलाई आफ्नो अपमान भएको अनुभूति गर्दै कृष्णप्रसाद कोइरालालाई गिरफ्तार गर्न निर्देशन दिए। चन्द्रशमशेरको सो गलत निर्देशनका कारण कृष्णप्रसाद कोइराला वि.सं.१९७४ मा निर्वासित हुन बाध्य भए। उनको परिवारसमेत गिरफ्तार हुने अवस्था देखिएपछि विराटनगरको सो व्यवस्थित बसोबासको अवस्थालाई चटक्कक छोडेर उनको पुरै परिवार भागाभाग गरी निर्वासित भयो।

वास्तवमा त्यस्ता सामाजिक काम गर्दा तत्कालीन सरकारले गर्ने आपत्तिका कुराहरू साथीहरूले अवगत गराउदा गराउँदै पनि समाजका निमित्त पनि केही गर्नुपर्दछ भन्ने अन्तरात्माको आवाजलाई दैवीवाणीका रूपमा अनुभूत गरी विपीका पिता कृष्णप्रसादबाट जुन निस्वार्थपूर्वक गरिएका सामाजिक कार्यहरू र बाबुको सामजिक सेवाभावबाट विपी निकै प्रभावित भएको र जीवनमा आफू र आफ्नो परिवारको सुखसुविधाका लागि मात्र नभएर देश र जनताका लागि केही गर्नुपर्दछ भन्ने सोचबाट विपी निर्देशित भएको प्रष्ट देखिन्छ।

## निर्वासनको समय र राजनीतिक प्रशिक्षण

कृष्णप्रसाद कोइराला तथा उनको परिवार निर्वासित हुँदा विपी तीन वर्षका मात्र थिए। विपीको राजनीतिक जीवनमा दिशाबोधका लागि सो निर्वासनको घटनाक्रमले विपीको मानसिकतामा खास कुनै प्रभाव परेको देखिँदैन तर जब निर्वासनमा उनको परिवारले आर्थिक जटिलताको सामना गर्दै गर्दाको अवस्थामा उनको मनोविज्ञानमा के

आर्थिक अभावको चित्रण गर्ने क्रममा पारिवारिक सदस्यको निधनमा कात्रो किन्नका लागि समेत पैसा नभएको, कयौं दिन एक छाक खानामा दिन काट्नु परेको, (शर्मा, २०५५ :१७) शरीरमा एकसरो लुगाभन्दा अरु फेर्ने लुगा नभइरहेको (कोइराला, २०५६:६६) जस्ता भोगाइहरूका प्रसङ्गहरू आफ्ना आत्मकथाहरूमा उल्लेख गर्दा गर्दै पनि विपीले त्यस्तो आर्थिक दूरावस्थामा पनि आफूलाई बडो रमाइलो लागिरहेको र सो पारिवारिक वातावरणबाट आफूले थुप्रै थुप्रै शिक्षा पाइरहेको विभिन्न प्रसङ्गहरू उनका आत्मकथाहरूमा पढ्न पाइन्छ।

विपी सपरिवार निर्वासित हुँदाका समयमा भारतीय राजनीतिमा महात्मा गान्धीको उदय भइसकेको थियो। गान्धीको प्रभावमा रहेका कृष्णप्रसाद कोइराला भारतीय राजनीतिमा सजिलै छाउन सफल भए। विपीको परिवार बनारसमा निर्वासित रहँदा त्यहाँ भएका विभिन्न राजनीतिक घटनाक्रमले विपीको बालमतिष्कमा समेत राजनीतिको बिजारोपण भइसकेको थियो। चार पाँच वर्षको उमेरदेखि नै विपीमा राजनीतिक गतिविधिका बारेमा जानकारी हुन थालेको पाइन्छ। यस सम्बन्धमा एक अन्तरवार्तामा विपीको कथनः

> पिताजी बनारसमा विभिन्न भागमा हुने नेपाली सभा, सम्मेलनहरूमा भाषण पनि दिनुहुन्थ्यो। त्यस्तै सभाहरूमध्ये एउटा सभामा मेरा पिताजीलाई धेरै फूलमाला लगाइदिएको मलाई सम्झना छ। त्यस्ता क्रियाकलापबाट मलाई हाम्रो राजनीतिक अवस्थाबारे जानकारी हुन थाल्यो। म चार पाँच वर्षको मात्र थिएँ। त्यति बेला ब्रिटिश सामान बहिष्कार गर्ने गान्धीजीको असहयोग आन्दोलन भर्खरै शुरु भएको थियो। (चटर्जी. २०५१. पृ. ५९)

विपी कहिलेबाट र कसरी राजनीतिक गतिविधिमा देखिए भन्ने सम्बन्धमा विपी स्वयम्को भनाइः

> म सात वर्षजतिको थिएँ। एक दिन गान्धीजी र जवाहरलाल नेहरू बनारस आउनुभयो । गान्धीजीले सरकारी स्कूल नपढ्न अपील गर्नुभयो। मेरो क्लासमा जुरुक्क उठी स्कूल छाड्ने प्रतिज्ञा गर्ने म नै पहिलो विद्यार्थी थिएँ। (चटर्जी. २०५१. पृ. ५९)

बाल्यकालीन अवस्थामा गान्धीको अपीलमा आफू पहिलो विद्यार्थीका रूपमा उभिँदै गर्दा विपीलाई बडो सम्मानका साथ गान्धी र जवाहरलाल नेहरूका बीचमा मञ्चमा राखिएको घटनालाई विपीले गौरवका साथ लिएको देखिन्छ। यस सम्बन्धमा विपीको कथन :

> गान्धीजीको बैठक एक धनी व्यक्तिको हवेलीको विशाल हातामा भएको थियो र त्यहाँ मलाई ठूलो सम्मान गरियो। ... मलाई गान्धीजी र जवाहरलाल बस्नु भएको मञ्चमा लगियो। (चटर्जी. २०५१. पृ. ५९)

वास्तवमा विपी सात वर्षको उमेरमा नै राजनीतिक गतिविधिमा संलग्न भै सकेका थिए। यस सम्बन्धमा विपीको भनाइ :

> म सात वर्षको थिएँ । ... मेरो पिताजी असहयोग आन्दोलनमा लाग्नुभयो र हाम्रा सबै विदेशी लुगाहरू जलाइए। मेरो आमासँग महँगा सारीहरू र त्यस्तै विदेशी लुगा कपडाहरू थिए, ती पनि सबै जलाइए। (चटर्जी. २०५१. पृ. ५९)

निर्वासनमा रित्तो हात लिएर बसिरहनुपरेको अवस्थामा आफ्नो रोजी रोटीको समस्याले गाँजिरहेको अवस्थामा पनि महात्मा गान्धीको विदेशी सामान बहिष्कारको आह्वानप्रति विपीको परिवारले आफूँहरूसँग रहेका महँगा विदेशी कपडाहरू जलाउन तयार रहनु त्यस परिवारको राजनीतिप्रतिको कति ठूलो विश्वास, कति ठूलो समर्पणभाव वास्तवमा राजनीतिक इतिहासमा एउटा उदाहरण दिन लायक घटनाका रूपमा लिन सकिन्छ। अहिलेका राजनीतिक नेता कार्यकताहरू *जो राजनीति जोगी हुनका लागि होइन, जीवन चलाउनका लागि हो । जीवन पनि त चलाउनु पऱ्यो नि !* भन्ने मानसिकताका साथ कमाउ धन्दामा लागिरहेको अवस्थामा विपीको परिवारले देखाएको त्यो आदर्शोन्मुख राजनीतिक समपर्णभावले केही सन्देश देओस् भन्ने अहिलेको परिस्थितिमा केवल कामना मात्र गर्न सकिन्छ।

### आतङ्ककारी समूह र विपी

विपी कोइराला कुनै समयमा आतङ्ककारी समूहको नजिक पनि देखिए । विहारको चम्पारन जिल्लामा आतङ्ककारी समूहबाट भएको एक आगजनी र हत्याका घटनामा विपी कोइरालाका केही आतङ्ककारी साथीहरू समातिएपछि उनीहरूको निकट रहेको आशंकामा सन् १९३०को दशैंताका १५ वर्षकै उमेरमा विपी पनि गिरफ्तारीमा परे। वास्तवमा सो गिरफ्तारी विपीको जीवनमा पहिलो गिरफ्तारी थियो। नेल र हतकडीसहित कठोर यातनाका साथ थुनामा रहेका विपी झन्डै तीन चार महिनापछि अभियोग प्रमाणित नभएपछि रिहा भए। (मिश्र, १९८५: ६) रिहा भए पछि विपी कलकत्ता विश्वविद्यालयमा भर्ना भए।

### मार्क्सवादी दर्शन र विपी

विपी सानै उमेरदेखि नै गान्धीवादी आन्दोलनमा सरिक भएका थिए तर किशोरावस्था पुग्दा नपुग्दै विपी अनयास मार्क्सवादी विचारको नजिक भएर कम्युनिस्ट सङ्गठनसँग पनि जोडिन पुगे। यस सम्बन्धमा स्वयम् विपीको कथन

> भिक्टोरिया (बम्बईको रेल स्टेशन) स्टेशनसम्म म गान्धीवादी थिएँ । तर मेरठ जान हिंडेका उनीहरूसँग मेरा लामो छलफल भयो र मेरो मनै विचलित भयो। उनीहरूमध्ये पछि गिरफ्तारीमा परेका एक जनाको कुरा सुनेर गान्धीवादप्रतिको मेरो आस्था नै खल्बलियो । उनले मेरो विचारको क्षितिजलाई फराकिलो पारिदिए र बनारसमा आइपुग्दा म निकै उद्वेलित हुन पुगें। (चटर्जी. २०५१. पृ. ६५)

विपीलाई सो यात्राका साथीहरूले सोझै मार्क्सवादका बारेमा प्रस्ट व्याख्या त गरेनन् तर विपीको गान्धीवादी विचारधारामा निकै संशय उत्पन्न गराउन उनीहरू सफल भए। सोही यात्राकै क्रममा विपीको ठेगाना लिएका ती सहयात्री साथीहरूको डोरोबाटो बाटै कम्युनिस्ट साथीहरू विपीलाई भेट्न आए। मार्क्सवादी पुस्तकहरू दिं दै विपीलाई मार्क्सवादी विचारमा ढाल्ने प्रयत्नमा लागे। यसै क्रममा विपीमा मार्क्सवादी विचारधाराले निकै प्रभाव

पनि पाऱ्यो। विपीले मार्क्सवादी अध्ययन समूह गठन गरी अध्ययन प्रक्रियालाई अगाडि समेत बढाए। मार्क्सवादी अध्ययन समूहमा रहेर अध्ययन गर्दाको अनुभवका सम्बन्धमा विपीको कथनः

> स्टडी सर्कलको नियम के थियो भने एक जनालाई कुनै किताव पढ्न दिएका हुन्थ्यौं, उसले त्यो किताबका कुराहरू पढेर भन्दथ्यो र अरुहरूले त्यसको सम्बन्धमा प्रश्न गर्दथे। म इन्चार्ज भएकाले बेसी किताब पढ्दथें। त्यस बखतमा मैले बुखारिनको किताब पढें, लेनिनका किताबहरू पढें, ट्राटस्कीका किताबहरू पढें। ... त्यसबखतमा त्यसरी मैले मार्क्सवादको सम्बन्धमा आफ्नो जानकारी बढाएँ। (शर्मा. २०५५. पृ. २०)

यसरी मार्क्सवादका बारेमा निकै अध्ययन गरेका विपीले *दी सोसलिस्ट* नामक पत्रिकाको सम्पादनको जिम्मेवारी समेत समालेका थिए। यसै क्रममा मेरठ घटनामा संलग्न कम्युनिस्ट कार्यकर्ताको बचाउका लागि मेरठ डिफेन्स कमिटी समेत गठन भएको र सो समितिका लागि आवश्यक पैसाका लागि विपीलाई विश्वविद्यालयको कोठाकोठामा गएर चन्दा सङ्कलन गर्ने काम समेत दिइएको थियो।

मार्क्सवादी दर्शनको अध्ययनबाट निकै प्रभावित भएर पनि कम्युनिस्टहरूका कतिपय गतिविधिहरूले विपीलाई सो सङ्गठनमा लागिरहन मन मानेन। छिटै नै विपी कम्युनिस्टहरूको संगतबाट टाढा–टाढा हुँदै गए। विपी मार्क्सवादबाट प्रभावित भएर पनि कम्युनिस्ट संगठनबाट टाढिनुका कारणका सम्बन्धमा विपीको कथनः

> मलाई कम्युनिस्ट आन्दोलनका केही कुराहरूमा चित्त बुझेको थिएन। त्यसो त मार्क्सवाद मलाई बडो क्रान्तिकारी दर्शन लाग्दथ्यो। मलाई चित्त नबुझेका ती कुराहरू मेरो मनमा उठिराख्दथे। भारतको एउटा राष्ट्रिय आन्दोलन, त्यत्रो ठूलो यथार्थ, जसमा मेरो सम्पूर्ण परिवार संलग्न थियो, म त्यस राष्ट्रिय आन्दोलनको दौरानमा नै हुर्कें, मेरो पिताजीको सक्रिय संलग्नता मैंले देखिरहेकोलाई, यो केही पनि होइन, यो बृटिसहरूले गराएको, गान्धी भनेको बृटिशहरूको दलाल, अचेतन दलाल भन्ने कुरा म स्वीकार गर्न सक्तिनथें। अर्को कुरा, मार्क्सवादको सम्बन्धमा मलाई ट्राटस्कीको अन्तर्राष्ट्रियवादले प्रभावित पारेको थियो। मेरो आन्तरिक भावना त्यसको प्रभावमा थियो। मेरो मनमा मार्क्सवादको त प्रभाव रह्यो तर कम्युनिस्ट पार्टीले मलाई प्रभावित गर्न छोड्यो। (शर्मा. २०५५. पृ. २१)

वास्तवमा विपी मार्क्सवादी दर्शनबाट निकै प्रभावित थिए। तर तत्कालीन कम्युनिस्टहरूको गतिविधिका कारण उनी कम्युनिस्ट सङ्गठनबाट टाढा त भए पनि मार्क्सवादी दर्शनबाट टाढा हुन सकेनन्। बरु भारतमा भइरहेको आन्दोलनको धारभित्र रहेर नै मार्क्सवादको दर्शनलाई कसरी जोड्न सकिन्छ भन्ने चिन्तन गरिरहे। यसै अवसरमा कुनै समयमा अमेरिकामा कम्युनिस्ट विचारको नजिक रहेका, तर विपी जस्तै कम्युनिस्टहरूको विधि र व्यवहारबाट कम्युस्टि सङ्गठनबाट अलगिएका जयप्रकाश नारायणसँग भेट भएपछि जयप्रकाश नारायणको चिन्तन अनुसार भारतीय राष्ट्रिय काङ्ग्रेसद्वारा सञ्चालित राष्ट्रिय आन्दोलनबाट अलग नभई त्यसकै अङ्ग भइरहन पनि सकिने र

प्रगतिशिल पनि रहन पाउने कुराले जयप्रकाश नारायणले अगाडि सारेको समाजवादी दलप्रति विपीको आकर्षण बढ्यो। अन्तत थुप्रै साथीहरूसहित विपी सो समाजवादी दलमा आबद्ध भए।

प्रारम्भमा मार्क्सवादप्रतिको मोह तर त्यसको प्रयोग गर्ने विधि विधानका सम्बन्धमा देखिएको विरोधाभासपूर्ण गतिविधिका कारण कम्युनिस्ट सङ्गठनबाट टाढा भएका विपीको राजनीतिक पहिचानका रूपमा देखिएको प्रजातान्त्रिक समाजवादको अवधारणा वास्तवमा सोही समयमा देखापरिसकेको थियो।

## विपीको अध्ययनशीलता र राजनीतिक दिशाबोध

मार्क्सवादीहरूको सम्पर्कमा रहँदा विपीले समाजवादी अध्ययन समूह गठन गरी अध्ययन कार्यलाई निकै बढाएका थिए। सो समयमा गरिएको अध्ययन कार्यले विपीको बौद्धिकताको क्षितिज निकै फराकिलो भएको प्रसङ्ग उनको आत्मकथामा उल्लेख भएको पाइन्छ। यसै गरी मेट्रिक पास गरेपछि कलकत्तामा कलेज भर्ना हुँदा थुप्रै पुस्तकहरू अध्ययन गरेको, पटनामा बस्दा समेत उनले विभिन्न विद्वानहरूको सम्पर्कमा रहेर विभिन्न साहित्यिक पुस्तकहरूका अतिरिक्त राजनीति र इतिहासका पुस्तकहरूको अध्ययन गर्ने अवसर पाएको देखिन्छ। वास्तवमा यही समयको अध्ययनशीलताबाट विपीमा राजनीतिक दिशाबोध भएको देखिन्छ।

## पिता कृष्णप्रसाद कोइरालाको प्रभावले डोऱ्याएको विपीको राजनीतिक गोरेटो

विपी कोइरालाको राजनीतिक दिशाबोधमा बाबु कृष्णप्रसाद कोइरालाको गहिरो प्रभाव परेको देखिन्छ। यसैगरी "तँ आँट म पुऱ्याउँछु" भन्ने पिताजीको नीति वाक्य, (कोइराला. २०५६. पृ. ५२), दैवीवाणीबाट प्रभावित भएर पिताजीबाट स्कूलको स्थापना, (कोइराला. २०५६. पृ. ४६), स्कूलमा योग्य शिक्षकको नियुक्ति (चटर्जी. २०५१. पृ. ५६), अस्पतालको स्थापना र अस्पतालमा योग्य र क्षमतावान् डाक्टरको नियुक्ति (कोइराला. २०५६. पृ. ४२), बाट विपी आफ्नो पिताजीबाट निकै प्रभावित रहँदै आएका थिए। निर्वासनमा रहेर पनि विपीका पिताजीले देवीप्रसाद सापकोटासँग मिलेर पत्रिका प्रकाशन गरी जनचेतना विस्तार गर्ने कार्य गरे। विपक्षीलाई चिडाएर भन्दा आफ्नो शक्ति मजबुत गराउन जनमत आफ्नो पक्षमा पार्नुपर्छ भन्ने पिताजीको कथनसँग आफू अत्यन्त प्रभावित भएको विपीले आफ्नो आत्मकथामा उल्लेख गरेका छन्। (कोइराला. २०५६. पृ. ७८) यही मान्यताले उनी प्रजापरिषद्मा आबद्ध हुन चाहेनन्। (बस्नेत. २०६६. पृ. ३४) यसैगरी पिता कृष्णप्रसाद कोइराला निर्वासित हुनुभन्दा पहिलेदेखि नै भारतीय राजनीतिमा चासो राख्दै आएकामा झन् निर्वासित भएर बनारसमा रहँदा त उनको घर भारतीय नेताहरूको राजनीतिक भेटघाट तथा छलफल गर्ने थलो हुने गरेको, पिता कृष्णप्रसाद भारतीय राष्ट्रिय काङ्ग्रेसमा सम्मिलित भएर विभिन्न सभा सम्मेलनहरूमा संलग्न भइरहेका घटनाक्रमले विपीको राजनीतिक चिन्तनमा क्रमशः थप प्रेरणा पैदा हुँदै गयो। (चटर्जी. २०५१. पृ. ५९) विपीले कानुनमा स्नातक सकिसकेपछि दाजु मात्रिकाले भाइ (विपी) ले पनि राणा प्रशासनमा जागीर खाओस् भन्ने तीव्र चाहना राखेका अवसरमा पिताजीको चाहना भने जागीर नखाओस्

बरु स्वतन्त्र पेशा अपनाओस् (चटर्जी. २०५१. पृ. ५९) भन्ने रहेको हुँदा विपीको राजनीतिक बाटोमा पिताजीको गहीरो प्रभाव रहेको देखिन्छ।

### जयप्रकाश नारायणसँगको सम्पर्क र समाजवादी दलमा आबद्ध

विपी जयप्रकाश नारायणको सम्पर्कबाट सन् १९३४ मा नै समाजवादी दलको नजिक भइसकेका थिए। १९३४ देखि ३७ सम्म कलकत्तामा कानुन विषय अध्ययन गर्दै गर्दा विपीले विभिन्न राजनीतिक व्यक्तिहरूका सम्पर्क विस्तार गरेका थिए। यस अवसरमा विपी आचार्य नरेन्द्रदेव, जयप्रकाश नारायण, राममनोहर लोहियाजस्ता नेताहरूको निकट सम्पर्कमा आइसकेका थिए।

विपीले सन् १९३७ मा कानुनमा स्नातक गरे। दार्जिलिङमा झन्डै छ महिनाको वकालतपछि विपी पुनः कलकत्ता पुगेर समाजवादी पार्टीबाट राजनीतिमा सक्रिय भए। (चटर्जी. २०५१. पृ. ५९) उनले विशेष गरी विहारको समाजवादी पार्टीको सहायक सचिव र काँग्रेस समाजवादी पार्टीको भारतभरको विद्यार्थी आन्दोलनको जिम्मेवारी समालेका थिए। यस अवसरमा उनले अवलम्बन गरेको राजनीतिक अभियानका सम्बन्धमा स्वयम् विपीको कथन :

> मैले समाजवादी पार्टीको किसान संगठनमा किसानहरूसँग, विद्यार्थी संगठनसँग र औद्योगिक श्रमिकहरूसँग पनि काम गरेँ। मजदुर समस्याहरूप्रति मेरो विशेष चाख भएकाले पार्टीले मलाई दरभंगाको जुटमिलमा कामदारहरूसँग काम गर्न पठायो। तर म त्यहाँ समस्या खडा गर्न गएको आशंका गरी ब्रिटिश सरकारले मलाई गिरफ्तार गऱ्यो। (चटर्जी. २०५१. पृ. ७१)

विपीको उक्त कथनले विपी राजनीतिक रूपमा निकै खारिँदै गएको र उनको राजनीतिक जीवनयात्राले बाटो निर्धारण गर्दै गएको देखिन्छ।

### विपी किन प्रजापरिषद्को सदस्य भएनन्

विपी स्नातक तह पुरा गरेपछि विपी आफ्ना दाजुको आग्रहमा काठमाडौँ आए। सन् १९३९ मा काठमाडौं आउँदा चूडाप्रसादसँग उनको भेट भयो। चूडाप्रसादले विपीलाई प्रजापरिषद्को सदस्य हुनका लागि आग्रह गरेका थिए। त्यस अवस्थामा विपीले प्रजापरिषद्को सदस्य हुन अस्वीकार गरे। उनले प्रजापरिषद्को सदस्य हुन अस्वीकार गर्नुको कारण विपीकै शब्दमा

> ...राजाको सहयोगबाट एक किसिमको आन्तरिक सत्ता परिवर्तन गराउने पक्षमा उहाँहरू (प्रजा परिषद्का सदस्यहरू) हुनुहुन्थ्यो। यो धेरै हदसम्म दरबार प्रायोजित थियो। ...मैले त्यसको विरोध गरेँ। किनकि अन्ततः त्यो नेपाली राजनीतिमा बराबर हुने गरे झैँ सत्ता हत्याउने एउटा षडयन्त्र मात्र हुने थियो। म भने व्यापक जन आन्दोलनको पक्षमा थिएँ। (चटर्जी. २०५१. पृ. ७५)

यस सम्बन्धमा विपी अझ अगाडि भन्दछन् :

> त्यसले नेपालमा नयाँ राजनीतिक प्रणालीको सुरुवात गर्दैनथ्यो। त्यो खाली राणाहरूबाट दरबारमा सत्ताको हस्तान्तरण मात्र हुन पुग्दथ्यो। म त्यस विचारको पक्षमा थिइन। त्यसैले उनीहरूले मलाई छोडिदिए।

विपीको उक्त कथनबाट विपी सत्तामुखी राजनीतिमा भन्दा जनसहभागिताको राजनीति गर्न चाहन्थे । यसका लागि नेपाली जनताको सहभागितामा एउटा राजनीतिक दल खोल्न आवश्यक भएको महसुस गरेको अनुमान गर्न सकिन्छ।

**भारत छोडो आन्दोलन र विपी**

भारतमा गान्धीको नेतृत्वमा १९४२ मा भारत छोडो आन्दोलन प्रारम्भ भयो। यता नेपालमा भारत छोडो आन्दोलनमा सहभागी भारतीय नेताहरूलाई विपीका पिताजी कृष्णप्रसाद कोइरालाले आश्रय दिए। सो कार्य गरेवापत राणा सरकारले १९४२ (वि.स.१९९९) गिरफ्तार गरी बन्दी बनायो। सोही बन्दी अवस्थामा १९४५ मा कृष्णप्रसाद कोइरालाको निधन भयो।

उता विपी पनि भारतीय भूमिमा आन्दोलनमा सरिक भए। पटक पटक जेल परे। जेलमा रहँदा भारतका केन्द्रीय नेताहरूसँग विपीको अन्तरङ्ग सम्पर्क कायम भयो। यस अवसरमा भारतीय नेताहरूसँगको सम्पर्क विस्तारले विपी एक उच्च राजनीतिक व्यक्तिका रूपमा स्थापित हुन सफल भएका थिए। जेलमा भएको सम्पर्ककै कारण विपीको घाँटीको शल्यक्रियामा डा.राजेन्द्रप्रसादको ठूलो सहयोग रहेको थियो। वास्तवमा सो अवसरमा राजेन्द्रसँग सम्पर्क नभएको भए विपीको घाटीको समस्याको निदान हुन सम्भव थिएन।

**निष्कर्ष**

भौतारिँदो बाल्याकाल, बाल्याकालको उतारचढाब, पिताजीको आदर्श जीवन र प्रेरणादायी गतिविधि, निर्वासनमा रहँदा भारतीय नेताहरूको राजनीतिक गतिविधि, भारतीय नेताहरूसँगको सामीप्यता, भारत स्वतन्त्र नहुँदासम्म नेपालमा प्रजातन्त्रको लडाइ सफल हुन सक्दैन भन्ने विपीको राजनीतिक मनोविज्ञानमा गहिरो प्रभाव परेको देखिन्छ। वास्तवमा यही मनोविज्ञानले विपीलाई राजनीतिक दिशाबोध गराएको देखिन्छ।

विपीको बाल्याकाल अत्यन्त दुखमय रहेको थियो। उनको जीवन आर्थिक विपन्नतामा गुज्रिएको भए तापनि उनमा कहिल्यै विचलन आएन। जतिसुकै आर्थिक विपन्नताको घडीमा पनि उनले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिइरहे। वास्तवमा विपीको यो लगनशीलता आजका राजनीतिक कार्यकर्ताका लागि राम्रो सन्देश हुन सक्दछ। आर्थिक सङ्कटावस्थामा पनि कहिल्यै विचलित नभई राजनीतिक आदर्शप्रति सदैव अडिग रहिरहे। विपीले तत्कालीन अवसरमा नै पनि राजनीति सत्ता प्राप्तिका लागि नभई जनसहभागिताका लागि हुनुपर्दछ भन्ने

मान्यतामा जोड दिँदै आएका थिए। यस अर्थमा विपीले २०१२ सालमा पार्टी दस्तावेजमा समाजवादी कार्यक्रमलाई समाबेश गरेका भए पनि उनी पहिलेदेखि नै समाजवादी चिन्तनप्रति आकर्षित रहँदै आएको प्रष्ट देखिन्छ। हो विपीले २००३ सालमा एक अपील सार्वजनिक गरी राजनीतिक दल स्थापनाको अभियान अगाडि बढाएका भए पनि उनमा त्यस किसिमको राजनीतिक सोच क्रमशः विकसित हुँदै आएको र २००३ सालमा गएर मात्र त्यसले मूर्तरुप पाएको प्रष्ट देखिन्छ।

**सन्दर्भ सामग्री**

कोइराला. विश्वेश्वर (२०५६). *आफ्नो कथा.* ललितपुर : साझा प्रकाशन।

गौतम. राजेश (२०५५). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस.* काठमाडौं : श्रीराम श्रेष्ठ कृष्णकुमारी अधिकारी।

चटर्जी. भोला (२०५१). *बी.पी.कोइराला एक क्रान्तिकारी व्यक्तित्व.* ललितपुर : साझा प्रकासन।

बस्नेत. पुरुषोत्तम (२०६६). *नेपाली कांग्रेसको इतिहासको प्रारुप. (दोस्रो संस्करण).* ललितपुर : लेखक स्वयम्।

शर्मा. गणेशराज (सम्पादक. २०५५). *विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त.* ललितपुर : जगदम्बा प्रकाशन।

Misra. Shashi (1985). *BP Koirala A case study in Third World Democratic Leadership.* varanasi : Konark Publishing House.

Shamsher. Pramod (1975) *Rana Nepal: An Insider's view.* Kathmandu : Mrs R. Rana.

# भैरव अर्यालको हास्यव्यङ्ग्यात्मक प्रवृत्ति र असनको डबली निबन्ध

पूर्णप्रसाद अधिकारी
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस

**लेखसार**

*नेपाली हास्यव्यङ्ग्यविधाका शीर्षस्थ प्रतिभाका रूपमा परिचित व्यङ्ग्यशिरोमणि भैरव अर्यालको हास्यव्यङ्ग्यकारिता, प्रवृत्ति, चरण र योगदानको चर्चा गर्दै 'असनको डबली' मा केन्द्रीत भई त्यसका विशेषताको समीक्षात्मक अनुशीलन गर्नुमा यस लेखको विषयवस्तु वा शोधमर्म केन्द्रित रहेको छ।*

**शब्दसूची** : दृष्टि चेतना, उत्खनन, शङ्खनाद, सङ्क्रमणकालीन, स्वैरकल्पना, सौम्यता, अन्तरिक्ष, पदलोलुपता, भैरवीय क्षुद्रता, प्रतिबिम्ब।

## विषय परिचय

निबन्धको विकासका पूर्वाधारहरूमा भाषिक क्षमता, पत्रपत्रिकाको विकास, अभिव्यक्ति कलाप्रवाह आवश्यक हुन्छ तर नेपाली निबन्धको बीजारोपणकालमा यी कुनै कुरा थिएनन्। नेपाली भाषाको मौखिक जन्म नै वि.सं. को १०औँ शताब्दीमा भएको अनुमान गरिए पनि लिखित रूप भने वि.सं. १३१२ को अभिलेखमा फेला पर्दछ। नेपाली भाषाले अभिलेखकाल पार गरी वाङ्मयीक काल प्रवेशपछि रामशाहको जीवनी, पृथ्वीनारायण शाहको दिव्योपदेशजस्ता रचनाहरूबाट नैबन्धिक चेतनाको झिल्काहरू प्राप्त भएका छन्। वि.सं. १९०७ मा गोरखापत्रको प्रकाशनपछि माध्यमिक काल आरम्भ भएसँगै भारतका दार्जिलिङ, बनारस र देहरादूनजस्ता ठाउँबाट भाषिक उन्नति र नेपाली जातिको जातीय जागरणसँग सरोकार राख्ने साहित्यिक पत्रिकाहरू प्रकाशित भएपश्चात् यस विधाले नयाँ गोरेटो पाउन थाल्यो। यति भइकन पनि नेपाली निबन्धको आधुनिक काल भने वि.सं. १९९२ को शारदा पत्रिकाको प्रकाशनसम्म प्रतिक्षा गर्नुपर्ने हुन्छ। यसै वर्षको शारदा मासिक पत्रिकामा लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' प्रकाशनपश्चात् मात्र आधुनिक युग आरम्भ भएको मानिन्छ। यस युगका तीन व्यक्तित्वहरू मुख्य रूपमा आएका छन्। आत्मपरक धाराका केन्द्रीय व्यक्तित्व देवकोटा, प्रयोगवादी धाराका शीर्षस्थ निबन्धकार शङ्कर लामिछाने र हास्यव्यङ्ग्य धाराका व्यङ्ग्यशिरोमणि भैरव अर्याल आजसम्मकै अग्रपङ्क्तिमा आउने व्यक्तित्व हुन्। नेपाली निबन्धको इतिहासमा अतीतदेखि वर्तमानसम्म हजारौँको सङ्ख्यामा नैबन्धिक स्रष्टाहरू आए पनि तीन स्रष्टाको तीन क्षेत्रमा लगभग एकाधिकार नै रहेको छ। त्यसमध्ये पनि तेस्रोधार हास्यव्यङ्ग्य धारको प्रतिनिधित्व गर्ने भैरव अर्यालको प्रवृत्तियात्रा र योगदानसँगै 'असनको डबली' मा केन्द्रीत भई यस लेखको विश्लेषणात्मक विवेचना गरिने छ।

*अधिकारी नेपाली विषयको सह–प्राध्यापक हुनुहुन्छ।*

**सैद्धान्तिक पर्याधार**

भैरव अर्यालको वास्तविक नाम तीर्थनाथ अर्याल भए पनि भैरवकै नामबाट नेपाली निबन्धका उज्ज्वल नक्षत्रका रूपमा चर्चित रहे। वि.सं. १९९३ असोज ६ गतेको जन्मेर, २०३३ साल असोज १९ मा जीवन विसर्जन गर्ने अर्यालको भौतिक जीवनको उहापोह पनि सङ्घर्षशील छ। नेपाली साहित्यमा एम.ए. र पत्रकारितामा स्नातकसम्म शिक्षा पाएका अर्याल शिक्षक, पत्रकार, सम्पादक, समाजसेवक भई विभिन्न क्षेत्रमा क्रियाशील थिए। हालसम्मकै ठूलो दुर्भाग्यपूर्ण घटना बनेर रहेको वि.सं. २०३३ असोज १९ गतेको रात र गोकर्णको भीरबाट आत्महत्याद्वारा मृत्युवरणपश्चात् बाग्मती नदीमा उनले देहत्याग गरे। कुन तत्त्वले उनलाई आत्महत्या गर्न प्रेरित गऱ्यो त्यो हालसम्म रहस्यमय पहेली बनेर रहेको छ। भौतिक जीवनमा उनले गरेका शैक्षिक, साहित्यिक सेवा र समर्पणको निकै लामो विवरण बन्न सक्दछ तथापि मुख्य कार्य भने यसप्रकार छन् :

भवानी प्रा.वि. पोखरामा शिक्षण (२०११), इन्द्रायणी प्रा.वि. काठमाडौँ (२०१३), हालखबर दैनिक उपसम्पादक (२०१६), सगरमाथा संवाद समितिका उपसम्पादक (२०१७), गोरखापत्रको सहायक सम्पादक (२०१८), गोरखापत्र/मधुपर्कको सम्पादक (२०२२) यसबाहेक ग्रामविकास ज्ञानज्योति पुस्तकालय जोरपाटीका सदस्य सचिव, नयाँ नेपाल पुस्तकघर गोकर्णका संस्थापक सदस्य, प्राथमिक शिक्षक सङ्गठनको सदस्य आदि संस्थासँग संलग्न भइ काम गरेको पाइन्छ। यसका अतिरिक्त रत्नश्री, रचना, अरूणोदय, हालखबर, गोरखापत्र, मुकुट, सिंहनाद, सगुन–द्यौरालीजस्ता साहित्यिक पत्रिकाहरूमा पनि प्रत्यक्ष/अप्रत्यक्ष रूपमा काम गरी सहयोग पुऱ्याएको पाइन्छ। भौतिक जीवनमा सामान्य खाले सम्मान र पुरस्कार पनि उनले पाएका थिए जसमा कविता उत्सव प्रथम पुरस्कार (२०२२), शुभराज्यभिषेक पदक (२०३१), श्री ५ को सरकारबाट नगद पुरस्कार (२०२४ र २०३१) प्रमुख छन्। भैरव अर्यालले लेखेका र सम्पादन गरेका कृतिहरूमा काउकुती (२०२२), जयभुँडी (२०२२), गलबन्दी (२०२६), प्रवेशिका निबन्ध (२०२७ सम्पादन), इतिश्री (२०२८), दशऔतार (२०३३) जस्ता निबन्धसङ्ग्रहहरू मुख्य हुन्। गोजीमा अटाउने, पढ्दा प्रियकर लाग्ने मझौला आयतन भएका र सम्पूर्ण मानवीय दुर्बलतालाई उजागर गर्ने अर्यालको नैबन्धिक कला आफैमा नमुनामय छ। निजात्मक शैलीका बीचमा बसेर टिप्पणी, मूल्याङ्कन र समीक्षा गर्ने व्यङ्ग्यप्रबल चेतना पनि आफैमा नमुनामय छ। उनका कविता र काव्यभित्र उपवन (२०१८), राष्ट्रिय आह्वान (२०१८), विरहीराम (२०२०) मुख्य हुन् भने अर्यालद्वारा सम्पादित कृतिहरूमा साझा निबन्ध (२०२०), साझाकथा (२०२४) लाई साझा प्रकाशनले प्रकाशित गरेको थियो। त्यसको सम्पादन र विशिष्ट भूमिका विद्वतापूर्ण र बौद्धिकतायुक्त छ। उनका समालोचकीय कृतिका रूपमा नेपाली साहित्यमा प्रकृति (२०३०) नेपाली काव्यको विशुद्ध प्रकृतिपरक समालोचना हो। यनले छ्याकन नामक हास्यव्यङ्ग्यसङ्ग्रह कविता सम्पादन गरी २०२५ सालमा प्रकाशित गरेका थिए। उनको हास्यव्यङ्ग्यात्मक सिर्जनाको चरण भने निम्नानुसार देखिन्छ जसलाई तीन चरणमा वर्गीकृत गरिएको छ।

**प्रथमचरण** (२०१४-२०१८)

'खोलापारिको पुरेत' (२०१४) हालखबर दैनिकमा यसको प्रकाशन भयो र उनको यो प्रथम चरणको रचना हो। काउकुती (२०१९) पुस्तकाकार कृतिमा यसलाई समेटिएको छ। हास्यव्यङ्ग्य सिर्जनाको अभ्यासकाल नवीन चिन्तनको प्रादुर्भाव गर्ने सोच, सामाजिक-राजनैतिक दुराचारका कुरा, भ्रमहरूको शल्यक्रिया गर्दै अभिव्यक्तिमा वक्रता, कलात्मकताका साथ जुटेको यो अभ्यासकाल हो। नेपाली समाजका विभिन्न विकृति, विसङ्गतिलाई प्रस्तुत गर्ने खालका निबन्धहरू यस चरणमा रचिएका छन्।

**द्वितीयचरण** (२०१९-२०२५)

यो भैरव अर्यालको विकासशील चरण हो। दृष्टिचेतना प्रखर बन्दै जाँदा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका दुराचार, दुर्गुण र विसङ्गतिको उत्खनन गर्ने कार्य यस चरणका निबन्धहरूमा भएको छ। व्यङ्ग्यप्रधान भए पनि हास्य र व्यङ्ग्यलाई सन्तुलनका साथ अभिव्यक्ति कलाचेतना बलवान् हुँदै गएको छ। कुनै विषय समातेपछि पाठकले पेट मिचीमिची हाँस्नुपर्ने र हाँसिसकेपछि वास्तविक कमजोरीको अनुभूति गर्ने कलाका रूपमा प्रखर बन्दै गएको अवस्थाजनित चरणका रूपमा यसलाई लिन सकिन्छ।

**तृतीयचरण** (२०२६-२०३३)

यो खण्डमा अर्यालले हास्यव्यङ्ग्यलाई कलात्मक उचाइको उच्च स्तरीय मापदण्ड बनाएका छन्। यो चरण भनेको उनको सिर्जनशील समयको महत्त्वपूर्ण समय पनि हो। विषयगत व्यापकता र प्रस्तुतिगत विविधता भएको यस चरणमा विश्वव्यापीस्तरका मानव निर्मित विकृति, विसङ्गतिलाई निर्बन्धीकरण गर्दै ती समस्याहरूलाई निराकरण गर्नुपर्ने चेतनाको उनले शङ्खनाद गरेका छन्।

**मुख्य प्रवृत्ति र विशेषता**

हास्यव्यङ्ग्य निबन्धमा हाँसो, छेडछाड र अप्रत्यक्ष सुधारको सन्देश हुन्छ। अर्यालमा पनि त्यो प्रवृत्ति विद्यमान छ। सामाजिक विकृति र विसङ्गतिका प्रति व्यङ्ग्य गर्नु उनको प्रमुख प्रवृत्ति हो। आफू बाँचेको युग र समाजको विकृतिप्रति उनले व्यङ्ग्य गरेका छन्। व्यक्तिका कमजोरी, अनैतिकता, मपाइँत्वको क्षूद्रता, चाकडी, चापलुसी, लोभ-लालच, कञ्जुस्याँइ र कुलत, दूराचार, यौनविकृतिजस्ता कुराहरूप्रति व्यङ्ग्य गरिएको छ। त्यसैगरी सामाजिक विकृतिका प्रति पनि तीक्ष्ण व्यङ्ग्य गरेका छन्। आफूले देखे-भोगेका मध्यमवर्गीय समाजलाई उनले मूलधार बनाएका छन्। नेपालजस्तो सङ्क्रमणकालीन समाजमा देखापरेका विकृतिका प्रति अर्यालले प्रहार गरेका छन्। सामन्ती शोषण, उत्पीडन, असमानता, अमानवीय व्यवहार त्यस्तै भ्रष्टाचार, अनैतिकता, प्रशासनिक ढिलासुस्ती, जयभोलि, घुसखोरी, धूर्त्याइँ, वेरोजगारी, गरिबी, पदलोलुपता, कालोबजारीजस्ता प्रवृत्ति पनि अर्यालका निबन्धमा पाइन्छ। त्यसैगरी आर्थिक

विपन्नता, असमानता, वर्गीय भेदभावजस्ता विकृतिको पर्दाफास 'भान्सा भो हजूर', 'मान्छे मोडेल १९६७', 'पशुपतिनि मान्छे' जस्ता निबन्धमा पाइन्छ। त्यस्तै साहित्यिक जगत्मा व्याप्त विसङ्गति, दुर्दशा, अन्योलजस्ता कुराहरूको पनि व्यङ्ग्यात्मक चर्चा गरेका छन्। सात सूत्रीय साहित्य दर्पण, कवि चम्प्रलजी एक शब्दचित्र, अमरावती कान्तिपुरी नगरी, नयाँ भाका नयाँ कविता (कसै-कसैले यसैलाई पहिलो भनेका छन्) यसका उदाहरण हुन्। त्यस्तै राजनैतिक गतिविधिमा पनि व्यङ्ग्य गर्नुमा उनको कलम पछि परेको छैन। 'नेता नं. १०१' मा अन्तर्राष्ट्रिय राजनीति, गुटबन्दी, हात-हतियारको प्रतिस्पर्धा, अन्तरिक्षको होडबाजीजस्ता कुरालाई पनि उनले व्यङ्ग्य गरेको दृष्यन्त छ (अन्तरिक्ष कसको ? चन्द्रलोक कसको ?), गलबन्दी, अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन आदि निबन्धहरूमा हास्य र व्यङ्ग्यको समन्वय भेटिन्छ। उनको प्रवृत्तिगत विशेषतालाई बुँदागत रूपमा यसरी हेर्न सकिन्छ :

१. सामाजिक विषयवस्तुमा केन्द्रित रही क्रान्ति र विद्रोहको क्रान्तिकारी चेतना सतहमा हास्य र मर्मका साथ व्यङ्ग्यको गहिराईमा आत्मपरक धार, स्वैरकल्पना (अयथार्थ) चेतनप्रवाह पद्धतिको कथात्मक अभिव्यक्ति हुनु
२. आफूभन्दा अगाडिका हास्यव्यङ्ग्य स्रष्टाभन्दा भिन्न रही वैयक्तिक, सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रका विकृति, विसङ्गतिजस्ता विषयवस्तुमा निबन्ध रचना गर्नु,
३. मानवीय कमजोरी, यौनविकृति, कुलत, दूराचारी प्रवृत्ति, मपाईंत्व, क्षूद्रता, चाकडी, कञ्जुस्याइँ, समस्याग्रस्त नेपालीहरूका विवशता र बाध्यताको अभिव्यक्ति कायम गर्नु,
४. प्रशासनिक पदलोलुपता, अस्त-व्यस्तता, भ्रष्टाचार, घुसखोरी, पछौटेपन, कामचोर प्रवृत्ति र ढिलासुस्तीको चित्रण गर्नु,
५. आर्थिक विपन्नता, असमानता, वेरोजगारी र गरिबीको मार्मिक चित्रणसँगै साहित्यिक विसङ्गति, साहित्यकारहरूका मार्मिक र दूर्दशापूर्ण परिवेशको चित्रण गर्नु,
६. भौतिक उन्नतिबाट उत्पन्न ह्रासोन्मुख मानवीय अवस्थाको चित्रणसँगै राजनैतिक गतिविधि र नेताहरूको दूराचारपूर्ण जीवनशैलीलाई जीवन्त रूपबाट प्रस्तुत गर्नु,
७. शक्तिशाली राष्ट्रको स्वेच्छाचारिता आपसी गुटबन्दीको प्रस्तुतिसँगै एउटै निबन्धमा एकभन्दा बढी विषयको कलात्मक अभिव्यक्तिमा नाटकीयता र कथात्मकताको प्रयोगमा रुचि लिँदै जाँदा देशभक्तिको भावना, शब्द र अर्थको सौन्दर्यपूर्ण चमत्कार, तत्सम, तद्भव, अङ्ग्रेजी र झर्रा शब्दको प्रयोगसँगै थेगो, उखान-टुक्का र तुकवादी भए पनि सरल भाषा, आलङ्कारिक अर्थ एवम् रागात्मक भाषाशैली उनको प्रवृत्तिगत पहिचान हो।

## मुख्य योगदान

२० वर्षको उमेरमा 'नवनिर्माण' कविता र 'खोलापारिका पुरेतबाजे' हालखबर (२०१४) निबन्ध लेखन र प्रकाशनबाट हास्यव्यङ्ग्ययात्रा आरम्भ गर्ने भैरव अर्याल प्रथमतः हास्यव्यङ्ग्य निबन्धकार हुन्। यसबाहेक उनी शिक्षक, पत्रकार, कवि, कथाकार, समालोचक, सम्पादकजस्ता व्यक्तित्वमा आबद्ध भए पनि प्रतिभाका दृष्टिले

उनी हास्यव्यङ्ग्यात्मक तत्त्वका अग्रणि स्रष्टा हुन्। स्रष्टा र द्रष्टा व्यक्तित्व उनको निबन्धमा प्रकट भएको छ। प्रथमचरणमा हास्य प्रबल देखिन्छ भने पछिल्लो चरणमा व्यङ्ग्यको प्रबलता रहेको पाइन्छ। नेपाली समाजमात्र नभई मानव समाजमा विद्यमान आर्थिक, भौतिक, राजनीतिक, धार्मिक, साहित्यिक, सांस्कृतिक विविध पक्ष र पाटाहरूमा देखिने विकृति र विसङ्गतिप्रति एकातिर हास्यका खित्का छोडाउनु र अर्कोतिर व्यङ्ग्यको बाण वर्षाउनुका साथै त्यसमा प्रगतिशील परिवर्तन र सुधारको अपेक्षा गर्नु भैरव अर्यालको नैबन्धिक विशेषता हो। चिनीमा मेटासिड मिसाएर बनाइएका उनका पाँच दर्जन हास्यव्यङ्ग्यात्मक निबन्धहरूमा समाजमा विकृतिको निराकरणका लागि अचूक औषधि तथा रामवाण भएका छन्। उनका केही निबन्धहरूमा स्वैरकल्पना र चेतनप्रवाह पद्धतिको उपयोग गरिएको छ। ठेट नेपाली भाषाका झर्रा शब्द, अनुप्रासमयता, शब्द चमत्कार, नयाँनयाँ शब्द निर्माण, उखान–टक्काको प्रयोग, आकर्षक गद्यशिल्प, अनौपचारिक शैली, भाषिक कुशलता भैरवका महत्त्वपूर्ण विशेषता हुन्। विरोचन, भारवी फाइफुट्ट, रजडाढे, वकमफुस शर्मा, अलबर भैयाजस्ता उपनाम राखेर निबन्ध सिर्जना गर्ने भैरव अर्यालको हास्यव्यङ्ग्यात्मक कृतित्वगत उचाइलाई उत्तरवर्ती हास्यव्यङ्ग्य निबन्धकारले स्पर्श गर्न सकेका छैनन्। यस दृष्टिले गद्य फाँटको हास्यव्यङ्ग्य निबन्ध, प्रबन्ध विधामा भैरव अर्यालको साहित्यिक योगदान अतुलनीय रहेको छ। यस मानेमा उनी विश्व साहित्यका उत्कृष्ट व्यङ्ग्यकारका पङ्क्तिमा उभिएका देखिन्छन्। पछिल्लो समयमा लेखक, विवेचक र सर्जक व्यक्तित्व भैरवको विपरीत सौम्य भएर आए पनि उनको सौम्यतालाई शासक तथा शासित कसैबाट पनि आदरणीय हुन सकेन। उनी नियतिको कोपभाजक बन्न पुगे। भैरवको भैरवीय चरित्रले आखिर उनलाई नै अकाल मृत्युवरण गर्न बाध्य तुल्यायो। मृत्युसँग भिड्ने निहुँमा जिउँदो भैरव र समाजका विकृतिसँग जुध्ने व्यङ्ग्यकार भैरवको सङ्घर्षले नैसर्गिक मृत्युको स्वाद लिन नपाए पनि नेपाली साहित्यले लिइरहेको छ र लिइ रहने छ। यसरी भैरवको जीवनले देशबाट के पायो भन्नुभन्दा उनले नेपाली साहित्यलाई के दिए ? भनेर मूल्याङ्कन गर्नु उपयुक्त हुनेछ। समग्रमा आजसम्म पनि भैरवजस्तो हास्यव्यङ्ग्यको सवालमा उच्चस्तरको स्रष्टा आउन नसक्नु र उनीमात्र अपवाद बन्नुमा नै विशिष्ट योगदानको उदाहरण मान्न सकिन्छ।

## 'असनको डबली' निबन्धको अनुशीलन

भैरव अर्यालका अन्य निबन्धभन्दा यो भिन्नै शैली प्रयोग गरेर लेखिएको निबन्ध हो जसलाई संस्मरणात्मक शैली पनि भन्न सकिन्छ। आरम्भदेखि अन्त्यसम्म व्याख्या र विश्लेषण अपनाएर लेखिएको छ। यसभित्र विभिन्न वर्ग, तह र तप्काका चरित्रहरू आएका छन् र असम्बद्ध संवादसँगै भिन्न–भिन्न पात्रका प्रयोगबाट आरम्भ गरिएको यो रचना उनका अन्यभन्दा फरक छ। यो निबन्ध रिपोर्ताजक प्रतिवेदनको शैलीमा लेखिएको देखिन्छ। असनको डबलीमा बसेर त्यहाँ भएका एक–एक कुराहरूलाई टिपिएको देखिन्छ। जसको तीन प्रकारका सैद्धान्तिक दृष्टिकोणहरू रहेका छन्। यस निबन्धमा एकातिर यथार्थवादी दृष्टिकोण पाईन्छ भने अर्कातिर अति यथार्थवादी दृष्टिकोण प्रस्तुत भएको देखिन्छ। भित्रको स्वतःस्फूर्त भनाइलाई जस्ताको तस्तै उतार्ने काम यसमा भएको छ। मनको कुनै प्रवाहलाई नरोकिकन

जस्तो आउँछ त्यस्तै रूपमा लेखिएको अवचेतन प्रवाहशैलीमा यसको रचना भएको छ। व्यतिरेकी दृष्टिकोणलाई समेत ध्यानमा राखेर लेखिएको यस निबन्धमा संवाद असम्बद्ध हुँदाहुँदै पनि माथिल्लो र तल्लो संवादको सङ्केत गरिएको छ। सम्बद्ध नहुनु पनि आफैमा विसङ्गति हो। एक अनुच्छेदबाट अर्को अनुच्छेदको वतिरेकी रूपमा सम्बद्ध हुन पुगेको छ। समग्रमा अघिल्लो र पछिल्लो वाक्यमा भिन्न-भिन्न संवाद भए तापनि त्यसले विसङ्गति प्रस्तुत गरेका छन्। त्यो पनि यस निबन्धको महत्त्वपूर्ण दृष्टिकोण हो। 'असनको डबली' प्रगति (वर्ष छ, अङ्क २७) २०२७ सालमा सर्वप्रथम प्रकाशनमा आएको हो। यसलाई पछि गएर इतिश्री निबन्धसङ्ग्रह (२०२८) मा समेटिएको छ। असनमा रहेका विभिन्न व्यक्तिका भनाइलाई एक-एक गरेर टिपेको शैलीमा यो लेखिएको छ। कृषिप्रधान देश भए तापनि अन्नको महंगी र अनिकाल बढेको छ। त्यसो भइकन पनि अन्नपूर्णदेवीमाथि विश्वास रहेको छ भन्ने भनाइलाई अघि सारेर नेपाल कृषिप्रधान देश हुनुलाई अन्नपूर्ण देवीमाथिको आस्था र विश्वासमाथि व्यङ्ग्य प्रहार गरिएको छ। त्यस्तै मान्छेले केही नचोरोस् भनेर देवता पुकारिन्छ तर देवताकै मूर्ति चोरी हुन्छ भन्दै व्यङ्ग्य गर्नुमा यसको मर्म निहित छ। त्यसै गरी सी.आइ.डी. बन्न सक्यो भने आजका बेकार र भोलि चोर हुन सक्दछन्। त्यस्तै आजका बेकर पनि भोलि कार चढेर पैसा कमाउन सकिन्छ। संसारका व्यक्तिको चुरीफुरी र जनतालाई हेप्ते, दुःख दिनेजस्ता कुराहरूप्रति पनि व्यङ्ग्य गर्नुमा यसको मर्म निहित छ। विज्ञानले ज्यान बचाउनका लागि विभिन्न आविष्कार गरेको छ भने मान्छेलाई विनाश गर्नका लागि पनि अनेकौं यन्त्रको निर्माण गरेको छ। यसरी विपरीत खालको वैज्ञानिक आविष्कारका प्रति लेखकको कडा व्यङ्ग्य छ। यस्तै चाकडी र चापलुसी गर्ने प्रवृत्तिका प्रति पनि व्यङ्ग्य गर्नु, संवादात्मक, संस्मरणात्मक र चेतनाप्रवाहलाई एकसाथ अगाडि बढाउनुमा यसको अभिप्राय देखिन्छ। लेखकका पूर्ववर्त्तीभन्दा उत्तरवर्त्ती चरणका निबन्धमा हास्य कम र व्यङ्ग्यको झटारो प्रहार गर्ने प्रवृत्ति पाइन्छ। लेखकले समाजका विभिन्न वर्गमध्ये हास्यव्यङ्ग्यको मूलथलो काठमाडौँका मध्यम वर्गीय समाजलाई बनाएका छन्। विशेषतः २००७ साल हुँदै २०१७ सालपछिको समाज परिवर्तनको संक्रमणकालीन दिशा र दशालाई आफ्ना निबन्धको मसला बनाउन क्रममा यो रचना पनि आएको हो। उनका रचनालाई नेपाली समाजको ऐनाका रूपमा लिइन्छ। उनले देखे-भोगेको समाजलाई यथार्थ चित्र उतार्नुका साथै त्यसको वर्णन भने सोझो, सरल र सपाट नभइ व्यङ्ग्यात्मक, अतिरञ्जनात्मक धारामा गर्नु लेखकको अभिव्यक्तिगत कुशलता हो।

असनको डबली भन्ने शीर्षकमा स्थानवाचक र विशेषणवाचक शब्दबाट यसको शीर्षकीकरण भएको छ। यसभित्र कृषि, धर्म, संस्कृति, बेरोजगारी, गरिबी, आत्महत्या, हिंसा, हत्या, महङ्गी, कालोबजारी, भ्रष्टाचार, अहङ्कार, बन्द, हडताल, विदेश पलायन, जनसङ्ख्या वृद्धि, दुर्व्यसन, दुराचार, बदमासी वृत्ति, होडबाजी, स्वास्थ्य समस्या, स्वार्थी प्रवृत्ति इत्यादिको समग्र अस्तव्यस्तताको प्रतीकका रूपमा काठमाडौँको मुटु मानिने असनचौकस्थित डबली (रङ्गमञ्च) लाई लेखकले विषयवस्तु बनाएका छन्। असन हाम्रो राजधानी काठमाडौँको अति व्यस्त ठाउँ हो। त्यस ठाउँको रङ्गमञ्चीय वा मानवीय पक्षका विभिन्न गतिविधि र दृश्यावलीहरूको वर्णन यसमा गरिएको छ। वास्तवमा असनको डबलीः हाम्रो प्राचीन धरोहर हो। यहाँका कलाकृति, मठ-मन्दिर, सांस्कृतिक झलकहरूले

पारखीहरूका आँखा लोभ्याउँछन्। यहाँ स्वदेशी र विदेशी पर्यटकहरूको ओइरो लाग्नु स्वाभाविकै हो। यस्तो व्यस्त शहर तथा सार्वजनिक महत्त्वको स्थलको उचित संरक्षण हुन नसक्दा बजारमा देखिएका साँढेहरूदेखि अनैतिक, व्यभिचारीहरूको कारणले यसको गरिमा छोपीदिएको छ। अनेक प्रकारका हिप्पीहरूको दुर्व्यसनका कारण यहाँको शोभालाई बिगारेका छन्। नेपाल कृषिप्रधान देश हो। कृषिजन्य उत्पादनको उचित बजार व्यवस्था नहुँदा कालोबजारी बढेको, सर्वसाधारणलाई बाँच्नै कठीन भएको देखाउँदै निबन्धकार अर्यालले सामाजिक, आर्थिक, सांस्कृति, पर्यटकीय विकृति र विसङ्गतिहरूप्रति व्यङ्ग्य, विरोध र घोचपेच गरेका छन्। त्यस्तै नेपालीहरू विश्वमा स्वतन्त्र, स्वाभिमानी जातिका रूपबाट परिचित रहेकोमा आज यहाँका शासकहरूले त्यसको ख्यालै नगरी विदेशी चन्दा, अनुदान, ऋण आदिका प्रभावमा परेको देख्दा देशभक्त अर्यालको मन कुँडिएको छ। लाजै नमानी नेपाललाई परमुखापेक्षी, परावलम्बी राष्ट्रका रूपमा लैजाने परराष्टङ नीतिप्रति उनले छेड हानेका छन् र त्यस्ता गतिविधिको उछितो काढेका छन्। प्रशासनिक क्षेत्र त्यस्तै अस्त-व्यस्त छ। पदीय मर्यादाको दुरूपयोग गरी कोही रातारात करोडपति बनेका छन्। इमानदार, राष्ट्रभक्त, गरीब र निमुखाहरू झनझन गरिबीको रेखामुनि झर्दै गइरहेको देखेर यहाँ निबन्धकारले यस्ता कुकृत्य, असमानता, घुसखोरी, चाकरी, चापलुसीका दूस्प्रवृत्तिहरूलाई व्यङ्ग्यको झटारो वर्साएका छन्। विश्वका समस्या मिलाउने संयुक्त राष्ट्र सङ्घको शान्तिनीति असफल हुनु र शक्तिशाली राष्ट्रहरू हावी हुनुजस्ता विश्वव्यापी समस्य पनि यसमा आएका छन्। एकातिर विकृति र विसङ्कतिहरू राष्ट्रिय रोगका कीटाणुहरू मात्र नभै अन्तर्राष्ट्रिय सङ्क्रमण भई फैलिँदै गएको छ भने अर्कातिर मानव समाजको सुन्दर फूलबारीमाथि आणविक हात-हतियारको होडबाजी, गोला-बारुदको दुर्गन्धले दुषित पारिरहेको छ। मानव बस्तीमाथि क्षेप्यास्त्रका काला बादल मडारिएर विश्व समाज नै त्रसित भैरहेको आजको द्वन्द्वग्रस्त युगको उनले व्यङ्ग्यात्मक चित्रण गरेका छन्। यसरी प्रस्तुत निबन्धका माध्यमबाट निबन्धकारले यहाँको धुलो, धुवाँ, अव्यवस्था, कुनीतिका कारण यसको मारम्परिक महत्त्व र गरिमा ओझेलमा परेको सङ्केत गरेका छन्। एकै ठाउँमा सबै गतिविधि हुनुनले कोलाहल, अराजकता र दुर्गन्धबाहेक अरू केही नहुने हुँदा यसतर्फ ध्यान दिन सम्बन्धित पक्षलाई घचघच्याउने उद्देश्य निबन्धमा अन्तर्निहित रहेको पाइन्छ। साथै कलै-कलाको, मन्दिरै-मन्दिरको, कृषिप्रधान देशका रूपमा विश्वमा परिचित रहेको सभ्य, सुन्दर काठमाडौं शहरलाई व्यवस्थित र दुर्गन्धिरहित आदर्श सहर बनाउनु पर्ने सन्देश प्रवाह गर्नु निबन्धको थप उद्देश्य हो। अन्तमा यस निबन्धमा हास्यशक्तिभन्दा व्यङ्ग्य शक्ति प्रबल रहेको छ भने विषयमा व्यापकता र चिन्तनमा गम्भीरता पनि देखिन्छ। राष्ट्रिय परिवेशदेखि अन्तर्राष्ट्रियस्तरका विसङ्गतिलाई कोट्याउँदै त्यसको दुर्गन्धमा फिनेल छरेर सुन्दर, स्वस्थ र सभ्य पर्यावरण बनाउने शिक्षा र सन्देश दिनुमा निबन्धको उद्देश्य निहित छ।

**निष्कर्ष**

यस निबन्धमा व्यक्त विचारसारलाई तलका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

१. कृषिप्रधान देशमा अनिकालको स्थिति देखिनु,

२. अन्नपूर्णा देवीको भाकलमा विश्वास भए पनि अन्नको अभावमा सङ्कट भोग्नु,
३. कला, संस्कृति र मूर्तिचोरीको भण्डाफोर गर्दै सङ्कटापन्न स्थितिका बीच महङ्गी, बेरोजगारी, भ्रष्टाचार, अहङ्कार, चाकडी, हत्या, हिंसाको मनोदशा देखाउनु,
४. हात-हतियारको होडबाजी, खँस्कदो व्यापार र विदेश पलायनसँगै गरिबी, भोकमरीसँगै इमान्दार बन्नु भनेको बुद्ध हुनु हो भन्ने चिन्तन बलियो रहनु,
५. धार्मिक आडम्बर, परिवार नियोजनको विज्ञापन, मगन्ते युगका प्रतिको व्यङ्ग्यका साथै कागजमा भएको देखाउने यथार्थमा केही नगर्ने भ्रष्टाचारी प्रवृत्तिको चित्रण गर्नु,
६. स्वास्थ्य समस्या, विश्व शान्तिको खिल्ली उडाइरहेको अवस्था, अस्त-व्यस्तता, ठूलाले सानोलाई हेप्ने प्रवृत्तिका साथै साँडे, दमकलजस्तो भइ भिडभाडतिर बढ्ने स्वभावको चित्रण गर्नु,
७. असनको डबली (रङ्गमञ्च) मा अन्तर्राष्ट्रिय प्रतिबिम्ब देख्नुका साथै समग्र विश्व दुर्गन्धित भएको र दुर्व्यसन र लागुपदार्थको वासस्थान बन्दै जाँदा शान्तिको प्राप्तिका लागि रानीपोखरीमा डुबेर मर्नु उत्तम हुने सन्देश दिनु नै यस निबन्धको मुख्य सार हो।

**सन्दर्भसामग्री सूची**

अर्याल. भैरव (२०२८). *इतिश्री*. काठमाडौँ : कौवा प्रकाशन।

अर्याल. भैरव (२०२८). "असनको डबली". *प्रगति*. वर्ष ६. अङ्क २७. पृ. २५.

पाण्डेय. ताराकान्त (२०५९). "समकालीन प्रगतिवादी निबन्ध लेखन र त्यसका प्रवृत्तिहरू". *प्रलेश*. वर्ष ७. पूर्णाङ्क १३. पृ. २२९-२३५

भट्टराई. घटराज (२०५६). *नेपाली लेखक कोश*. काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान।

भट्टराई. घटराज (२०३८). "व्यक्तित्व र कृतित्वका सन्दर्भमा भैरव अर्याल". *रचना*. वर्ष १६. अङ्क २. पृ. ५५-६१

मञ्जन. विनोद (२०६४). "निबन्धको चौतारीमा नेपाली नारी". *नागार्जुन नारी समालोचनाङ्क*. वर्ष ६. अङ्क १. पूर्णाङ्क १७. पृ. १४०-१४५

शर्मा. मोहनराज (२०६३). *समकालीन नेपाली समालोचना सिद्धान्त र प्रयोग* (दोस्रो संस्क.). काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन।

सुवेदी. राजेन्द्र (२०६४). "नेपाली निबन्धको समसायिक स्वरूप". *मिमिरे*. वर्ष ३९. अङ्क ३. पूर्णाङ्क २६२. पृ. २६४-२६८

शर्मा. सुकुम (२०६८). "नेपाली निबन्धमा आत्मपरताको सन्दर्भ". *रत्न बृहत् नेपाली समालोचना*. काठमाडौँ : रत्न पुस्तक भण्डार।

त्रिपाठी. वासुदेव (२०३८). "भैरव अर्यालको साहित्यिक व्यक्तित्वको अन्तर्विकास र अन्तर्विघटनको प्रक्रिया". *रचना*. वर्ष १६. अङ्क २. पृ. ९६-११७

# भाषिक मृत्यु : कारण र दिशा

दामोदर रिजाल
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
drijal2011.dr@gmail.com

लेखसार

भाषा मानवीय विचार र संवेदना अभिव्यक्त गर्ने सशक्त र प्रमुख माध्यम हो। यसले एकातिर सामाजिक सम्पदाका रूपमा भाषिक समुदायबीच अन्तर्क्रियात्मक भाषिक कार्यसम्पादन गर्न ठूलो भूमिका खेलेको हुन्छ भने अर्कातिर यो हिजो प्राप्त गरेका ज्ञान र अनुभवबाट आवश्यक प्रेरणा प्राप्त गर्ने तथा भोलिका पुस्ताका लागि अनन्त र असीमित ज्ञानको भण्डार हस्तान्तरण गर्ने बलियो साधन पनि हो। सामाजिक वस्तुका रूपमा स्वीकृत भाषाका कारण मानवसभ्यताको अभिलेखीकरण र मानवजीवनको अनुभव तथा उपलब्धीको प्रचार-प्रसार गर्न सम्भव भएको हो। सांस्कृतिक सहसम्बन्धको परिचायक बनेको भाषालाई नबुझी कुनै पनि समाजको विगत र वर्तमानलाई चिन्न सकिँदैन त्यसैले समाजमा प्रचलित भाषिक स्वरुपलाई छिचोलेर मात्र त्यसको प्रागैतिहासिकता, विकासात्मकता र वर्तमानको बोध गर्न सकिन्छ। निश्चय नै प्रागैतिहास कालमा भाषाका केही ध्वनि र शब्दहरू मात्रै प्रचलनमा थिए, विकासका क्रममा भाषिक समुदायको सिर्जनशीलताले यसलाई क्रमशः व्यवस्थित र विकसित गराउँदै यहाँसम्म ल्याएको हो।

यही क्रममा भाषिक सम्पर्कका कारण कुनै दुई अथवा सोभन्दा बढी भाषा एक भाषिक समुदायमा प्रयोग हुँदै जाँदा कालान्तरमा एउटा भाषा शक्तिशाली अथवा प्रभावकारी र अर्को भाषा दुर्बल अथवा प्रभावहीन बन्ने सम्भावना रहन्छ र द्वैभाषिक स्थितिमा मातृभाषाभाषी व्यक्तिहरू त्यस्तो शक्तिशाली भाषातर्फ ज्यादा आकृष्ट हुँदै जाने र त्यसकारण उनीहरूको भाषिक क्षेत्र साँघुरिँदै व्याकरणिक नियम र शब्दभण्डारमा ह्रास भएपछि त्यस्तो भाषा स्वाभाविक रूपमा मृत्यून्मुख बन्न र केही पुस्तापछि भाषिक मृत्युको घटना घट्छ।

मातृभाषाका रूपमा प्रयोग हुँदै आएको कुनै भाषा समयक्रममा लोप हुनु, त्यस भाषाको एउटा पनि वक्ता नहुनु, प्रभुत्वशाली भाषाका कारण कुनै भाषिक समुदायले आफ्नो मातृभाषा बोल्न छोड्नु नै भाषिक मृत्युसँग जोडिएका परिघटनाहरू हुन्। यस लेखमा यसका कारणहरूको सङ्क्षिप्त रुपमै भए पनि उल्लेख गर्दै भाषिक मृत्युका प्रक्रियाहरूको सारभूत ढङ्गमा उपस्थापन गरिएको छ।

---

रिजाल नेपाली विषयको सह-प्राध्यापक हुनुहुन्छ।

**शब्दसूची** : लोपोन्मुख, न्यूनीकरण, भाषानीति, भाषायोजना, आधुनिक आर्य भाषाहरू, भाषिक वंशविनाश, अवेस्ता, गोथिक, त्रियापनेक, सङ्कटापन्न।

## विषय परिचय

कुनै पनि समाजको जीवन्तता एकातर्फ उसले प्रयोग गर्ने भाषामा सम्पूर्णतया व्यक्त भएको हुन्छ भने अर्कातिर भाषाको निरन्तरता मानवीय बोली–व्यवहारमा प्रकट भएको देखिन्छ। भाषाको यस किसिमको निरन्तरता भनेकै अनेक प्रयोजन, शैली, प्रसङ्ग आदि पक्षमा यसको प्रयोग हुनु नै हो। जब कुनै निश्चित भाषाभाषी समुदायले परम्परादेखि मातृभाषाका रूपमा प्रयोग गर्दैआएको भाषालाई प्रयोग गर्न छोडेर अर्कै नयाँ भाषा प्रयोग गर्न थाल्छ अथवा त्यस भाषाको एउटा पनि प्रयोगकर्ता अथवा वक्ता देखापर्दैन तब भाषिक मृत्युको घटना घटित हुन्छ। त्यस भाषा बोल्ने व्यक्ति अथवा समुदायले सो भाषा प्रयोग गर्न नसक्ने स्थिति सृजना हुनु अथवा त्यस भाषाका सम्पूर्ण वक्ताहरू नासिनु नै वास्तवमा भाषिक मृत्यु हो। लामो समयदेखि जनमानसमा प्रयोगमा रहेको भाषा कालान्तरमा प्रयोगमा नरहनु अथवा कुनै पनि भाषाको एउटा पनि आधिकारिक वक्ता अथवा प्रयोक्ता नहुनुलाई भाषिक मृत्यु भन्न सकिन्छ। भाषामा यस्तो परिस्थिति द्वैभाषिकताबाट प्रारम्भ हुन्छ र यही स्थितिमा प्रभुत्वशाली तथा कमजोर भाषाभाषीहरू एकआपसमा अन्तर्सम्पर्कित भइरहँदा कमजोर भाषा सबै तह र पक्षमा कमजोर हुँदै गएपछि त्यस भाषाको प्रयोगक्षेत्र पनि साँघुरिँदै जान्छ अनि केही पुस्ताको अन्तरालपछि कमजोर भाषा स्वतः प्रयोगमा आउन छोड्छ भन्नु नै भाषिक मृत्युको प्रक्रिया हो। सामाजिक रूपमा कमजोर भाषाभाषीहरूलाई द्वैभाषिक बनाउँछ र प्रभुत्वशाली भाषाको प्रयोगक्षेत्र निकै बढ्दै जान्छ अनि कमजोर भाषाभाषीहरूको भाषिक क्षेत्र घट्दै गई व्याकरणात्मक नियम र शब्दभण्डारमा समेत ह्रास आउँछ त्यसैले मातृभाषाभाषीहरू अर्द्धवक्ता अथवा आंशिक वक्ता हुन पुग्छन् र प्रभुत्वशाली भाषाकै प्रयोग गर्न बाध्य हुन्छन्। त्यसपछिको एकदुई पुस्ताले आफ्नो मातृभाषाको सही ढङ्गले प्रयोग गर्न सक्दैन र त्यस भाषाले भाषिक मृत्युवरण गर्नुपर्छ। यस सन्दर्भमा ऐतिहासिक भाषावैज्ञानिकहरूले कुनै पनि भाषाको लोप भई अस्तित्व नै मेटिएर त्यस भाषाको वक्ता अथवा प्रयोक्ता नै फेला नपार्ने अवस्था भाषाको मृत अवस्था हो भन्ने निष्कर्ष (गौतम. चौलागाईं. २०६७. पृ. ४०८) निकालेका छन्।

## भाषिकमृत्युका कारण

भाषिक परिवर्तनका अनेक कारण भएजस्तै भाषिक मृत्युका पनि अनन्त कारण छन्। संसारका कतिपय प्राचीन भाषाहरू भाषिक मुत्युका उदाहरण भइसकेका छन् भने वर्तमानका कैयौँ भाषाहरू पनि विभिन्न कारणवश लोप हुने अवस्थातर्फ धकेलिएका छन्। एकातिर सेना अथवा सुरक्षाअङ्गद्वारा सम्पूर्ण भाषाभाषीलाई घेराबन्दीमा पारेर मार्दा, ज्वालामुखी फुटेर अथवा सुनामी आएर सम्बन्धित भाषिक समुदायका व्यक्तिहरूको महाविनाश हुँदा र काटमारजस्ता पाशविक प्रवृत्तिका कारण सबै भाषावक्ताको सर्वनाश हुँदा भाषाले भाषिक मृत्यु बेहोर्नुपरेको

छ भने अर्कातिर व्याकरणका कठिन नियमहरू लोप र अन्य नियमहरूसमेत भङ्ग भई अन्ततोगत्वा एउटा पुस्ता पूर्णतया अर्द्ध मातृभाषाभाषी हुँदै अर्को पुस्तालाई आफ्नो भाषा सम्प्रेषण गर्न नसक्दा पनि भाषाको मृत्यु हुन्छ। भाषाविकासका दृष्टिले जुनसुकै प्रकृतिको भाषिक मृत्युलाई सही ठहऱ्याउन सकिँदैन तापनि भाषिक सम्पर्ककै परिणामस्वरूप हुने भाषिक मृत्युलाई भाषाविज्ञानका फाँटमा अपेक्षाकृत स्वाभाविक मानिन्छ। प्रभुत्वशाली भाषाले प्रारम्भमा कमजोर भाषाका व्याकरणात्मक कोटि, पदसङ्गति, पदक्रम, कारक, वचनव्यवस्थाजस्ता व्याकरणका विभिन्न पक्षमा सामान्य व्यतिरेकी प्रभाव सृजना गर्दा भाषिक मृत्युको वातावरण तयार हुन्छ भने त्यसपछि क्रमशः शब्दनिर्माणप्रक्रिया र रूपायनप्रक्रिया अवरुद्ध हुन्छ; कम प्रचलित शब्दहरू लोप हुँदै जान्छन्; शैलीगत विविधता र विशिष्टता खिइँदै जान्छ; अर्थतत्त्व प्रभावित हुँदै जान्छ; भाषाले आफ्नो निजी विशेषता गुमाउँदै जान्छ र यी सबैको एकमुष्ट परिणामस्वरूप भाषिक मृत्यु हुन्छ। आज संसारमा निरन्तर कुनै न कुनै भाषाको मृत्यु भइरहेको हुन्छ भन्ने अनुमान गरिएको छ। गहन र वस्तुगत विवेचनाका आधारमा भाषिक मृत्युका अनेक कारण (आचार्य. २०६४. पृ. २७७-५८०) खोतल्न सकिन्छ भन्ने भाषाशास्त्रीहरूको ठहर छ। यहाँ त्यस्ता कारणहरूमध्येका खास केही कारणहरूको उल्लेख गर्न सकिन्छ छ।

**भाषिक सम्पर्क**

दुई अथवा सोभन्दा बढी भाषाभाषी समुदाय व्यावहारिक, धार्मिक, सांस्कृतिक, सामाजिक, शैक्षिक आदि कारणले एकअर्काका सम्पर्कमा आउनुलाई उचित र स्वाभाविक प्रक्रिया मानिन्छ। यसै प्रसङ्गमा एउटा भाषाका ध्वनि, शब्द, रूप, लवज आदि अर्को भाषामा सङ्क्रमित हुन्छन् जसलाई भाषाशास्त्रीहरूले भाषिक सम्पर्क (भ्यान ड्रियम. सन् २००७. पृ. ३२५) भनेका छन्। कुनै औद्योगिक अथवा व्यापारिक क्षेत्र, दुई अथवा सोभन्दा बढी देशका सीमाक्षेत्र, शरणार्थी शिविरहरू, शैक्षिक तथा अन्य संस्थानहरू, पर्यटकीय स्थलहरू, आप्रवासी बस्तीहरू, औपनिवेशिक भूमिहरूमा भाषिक सम्पर्कको गति तीव्र र सक्रिय हुन्छ जसबाट भाषिक समाज त द्वैभाषिक अथवा बहुभाषिक हुन्छ-हुन्छ, भाषिक मिश्रणका कारणले पुराना/स्थानीय भाषाहरूको मृत्यु भई नयाँ तेस्रो भाषा विकसित हुने सम्भावन पनि प्रबल बन्छ। भाषिक सम्पर्कमा एउटा भाषा आधारभाषा (मातृभाषा/स्थानीय बोलचालको भाषा) का रूपम देखापर्छ भने त्यस भाषालाई प्रभावित पार्ने अर्को देश/ठाउँको भाषा प्रभावक हुन्छ। आधारभाषाका वक्ताहरू सबल सक्षम, समृद्ध, स्वाभिमानी र स्वालवम्बी हुन्छन् भने त्यसमा प्रभावक भाषाको असर आंशिक रूपमा देखापर्छ प्रभावक भाषाभाषीहरू ती गुण अथवा विशेषताबाट सुसज्जित हुँदा धार्मिक, सांस्कृतिक, व्यावहारिक आदि क्षेत्र आधारभाषाले परम्परादेखि प्रस्तुत आफ्नो निजीपन गुमाउँदै बढी क्षति बेहोर्नुपर्छ। यसरी प्रभावक भाषाको शक्ति सामर्थ्य बढ्दै जानु नै आधारभाषा लोपोन्मुख हुँदै कालान्तरमा भाषिक मृत्युको पन्जामा पर्नु हो। विश्वका शक्तिश र क्रियाशील मुलुकमा बोलिँदै आएका भाषाहरू पनि अन्य राष्ट्रमा बोलिने भाषाहरूको सम्पर्कमा आउँदा तिनीहरू वर्चस्व समाप्त भएका उदाहरणबाट यस तथ्यको पुष्टि हुन्छ। भाषिक सम्पर्कले गर्दा एकातिर विकसित र स

भाषाका विषयक्षेत्र र वक्ताहरू प्रतिदिन बढिरहेको परिस्थिति र अर्कातिर कतिपय अविकसित एवम् अलिखित भाषाहरू लोपोन्मुख भइरहेको अवस्थालाई बुझेर नै नेपालमा पनि विभन्न जनजाति र आदिवासीका मातृभाषाहरूको अध्ययन, अनुसन्धान, संरक्षण र सम्बर्द्धनमा चासो र जागरुकता बढ्न थालेको मान्न सकिन्छ।

**भाषिक सम्मिलन**

एकभन्दा बढी अथवा एउटै भाषापरिवारका भिन्नभिन्न भाषाहरू एउटै भाषिक क्षेत्रमा लामो समयसम्म प्रयोगमा रहँदा एउटा भाषाका खासखास तत्त्वहरू (काल, पक्ष, लिङ्ग, वचन, शब्द, रूप, वाक्य, अर्थ, संरचना) अर्को भाषामा साटिनुलाई भाषिक सम्मिलन भनिन्छ। यसलाई भाषावैज्ञानिकहरूले भाषिक मिश्रण पनि (गौतम. चौलागाईं. २०६७. पृ. ४०६) भनेका छन्। यसले दुई अथवा सोभन्दा बढी भिन्नभिन्न भाषाका वक्ताहरूलाई नजिक ल्याउने काम गर्नुका साथै त्यस भाषिक क्षेत्रका विभिन्न भाषाभाषीहरूलाई द्वैभाषिक र बहुभाषिक पनि बनाउँछ। वक्ताहरू द्वैभाषिक र बहुभाषिक भएका खण्डमा एउटा भाषाको प्रभाव अर्को भाषमा पर्दै जान्छ र कालान्तरमा ती भाषाका व्याकरणिक नियमहरू पनि मिल्दाजुल्दा हुन पुग्छन्। यस किसिमको स्थितिले भाषाप्रयोगका क्षेत्रमा लामो समयसम्म दुवै भाषा अथवा सबै भाषाको अस्तित्त्व कायम राख्न सहयोग पुऱ्याउँछ। यही प्रक्रियाकै कारण एक भाषाका विशेषता अर्को भाषामा सर्दै जान्छन् र केही शताब्दीपछि कुन विशेषता कुन भाषाको हो भनी छुट्याउन नसकिने स्थिति सृजना हुन्छ जसलाई भाषाशास्त्रीहरूले द्विदिशात्मक भाषिक सम्मिलन भनेका छन्। कुनै भाषाको प्रभाव एकतर्फी रूपले अर्को भाषामा परेको छ र त्यसबाट आधारभाषा अथवा व्यक्ति अथवा समुदायको मातृभाषा कमजोर बन्दै गएको छ भने त्यसलाई एकदिशात्मक (भट्टराई. लुइँटेल. २०६१. पृ. ३५) भाषिक सम्मिलन भन्नुपर्छ। द्विदिशात्मक भाषिक सम्मिलन समान स्तरको बन्ने हुनाले यस प्रक्रियाबाट भाषिक मृत्युलाई त्यति मलजल हुँदैन भने एकदिशात्मक भाषिक सम्मिलन असमानस्तरको हुने र प्रभावक अथवा प्रभुत्वशाली भाषालाई विजयी र आधारभाषालाई शक्तिहीन बनाउने क्रियामा क्रियाशील देखिएकाले भाषिक मृत्युका लागि यो महत्त्वपूर्ण कारण (भ्यान ड्रियम. सन् २००७. पृ. ३४२) बन्छ भन्ने भाषाशास्त्रीहरूको निचोड छ।

**आप्रवास**

संसारका विभिन्न राष्ट्रमा बस्ने भाषिक समुदाय अथवा वक्ता सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक, यौद्धिकजस्ता कारणबाट देशभित्र आप्रवासी र देशबाहिर प्रवासी हुन बाध्य छ। आफू जन्मे-हुर्केको पुर्ख्यौली बासस्थान छोडेर बसाइँसराइ गरी भाषिक समुदाय अथवा वक्ताहरू जहाँजहाँ पुग्छन् त्यहींत्यहीं भाषा सिक्न र बोल्न पनि विवश हुन्छन्। अझ बसाइँसराइको प्रक्रिया प्रायः समूहगत नभई वैयक्तिक हुने भएकाले विस्थापितहरू विभिन्न नयाँनौला भाषिक समुदायका छेउछाउ अथवा एउटै तर नवीन भाषिक समाजको केन्द्रमा बस्न बाध्य हुन्छन् र सामाजिक व्यवहारका लागि अर्काको भाषा प्रयोग नगरी उनीहरू बाँच्न पनि सक्दैनन्। यस अवस्थामा

उनीहरू भाषा जोगाउने चिन्ताबाट भन्दा प्राण बचाउने सतर्कताबाट बढी पीडित बनेका हुन्छन् । यसैक्रममा पहिलो-दोस्रो पुस्ताले पुर्ख्यौली भाषालाई जेनतेन सुरक्षित राखे पनि त्यसपछि उनीहरूको भाषा विलीन हुँदै भाषिक मृत्युको सङ्घारमा पुग्छ तसर्थ भाषाशास्त्रीहरूका विचारमा आप्रवास (घिमिरे. २०६५. पृ. ४०) पनि ढिलै अथवा चाँडै जतिखेर भए पनि भाषिक मृत्युलाई निम्त्याउन महत्त्वपूर्ण कारण बन्छ। नेपालका सन्दर्भमा समूहगत बसाइँसराइ गरी पहाडबाट तराई भेगमा झरेका विभिन्न जनजातिहरू एकै ठाउँमा बगाल मिलेर बस्दा उनीहरूको पुर्ख्यौली भाषा जोगिएको देखिन्छ भने एकाध सङ्ख्यामा गरिएको जनजातिगत अथवा व्यक्तिगत बसाइँसराइले धेरै भाषाहरूलाई मृत्युकै मुखमा धकेलेकै पाइन्छ र नेपालका अनेक बस्ती र गाउँबाट अमेरिका अथवा युरोपका विभिन्न मुलुकमा पुगेर उहीँ बसोबास गरेका मानिसहरूले पनि दोस्रो अथवा तेस्रो पुस्तामा आफ्नो पुर्ख्यौली भाषा बिर्सेर अङ्ग्रेजीलाई नै मातृभाषाका रूपमा स्वीकार गरेको स्थिति पनि यसैको उदाहरण हो ।

### भाषानीति

कुनै पनि मुलुकमा चलनचल्तीका भाषाहरूमध्ये सबै भाषाप्रति समान दृष्टिकोण राख्ने नीति सरकारले अवलम्बन गरेको छैन भने त्यस अवस्थामा कतिपय भाषाहरू लोपोन्मुख हुने सम्भावनाका लक्षणहरू देखापर्छन् । सरकारी नीतिअनुसार संरक्षणमा परेका भाषा र त्यस सुविधाबाट वञ्चित भाषाहरूको उन्नति अथवा विकास समान प्रक्रिया र गतिमा हुन सक्दैन । राष्ट्रिय भाषाका रूपमा मान्यता नदिने, भाषा बचाउ आन्दोलनलाई दबाउन खोज्ने अथवा बेवास्ता गर्ने, राष्ट्रिय भाषाको मान्यता पाएका तर आधुनिकीकरणका दृष्टिले पछि परेका कुनै पनि भाषालाई उच्च प्राथमिकतामा नराख्ने, भाषाविशेषका वक्तालाई निम्नस्तरको, जङ्गली अथवा असभ्य ठानेर सोहीअनुसार व्यवहार गर्ने सोच सरकारले विकास गर्ने हो भने यसरी उपेक्षित भाषाहरू मातृभाषाकै वक्तासमेतबाट अपहेलित हुन्छन्, तिरष्कृत हुन्छन् र सरकारद्वारा मान्यता प्रदत्त भाषाका वक्ताहरूको सङ्ख्या बढ्दै गई अन्य भाषाभाषी/वक्ताहरूको सङ्ख्या घट्न जान्छ जसको फलस्वरूप उपेक्षित भाषाहरू कालान्तरमा लोपोन्मुख बन्छन्। राष्ट्रभाषा, सम्पर्कभाषा, माध्यमभाषा, मानकभाषा, शैक्षिकभाषाजस्ता स्वरूपमा एउटै मात्र भाषालाई विकसित गर्ने नीति र योजना राज्यले अख्तियार गर्दा अन्य भाषाका सम्पूर्ण वक्ताहरू बिस्तारै-बिस्तारै सोही भाषामा विलय हुन्छन् र त्यस्ता भाषाहरू भाषिक मृत्युको खाडलमा जाकिन्छन्। नेपालका सन्दर्भमा नेपाली भाषालाई मात्र यी सुविधा दिने नीति अख्तियार गरिएकै कारणले यहाँ थुप्रै जनजातिका भाषाहरू लोपोन्मुख अवस्थामा पुगेको तथ्यमा (घिमिरे. २०६५. पृ. १६८) सबै भाषाशास्त्रीहरू सहमत देखिन्छन्।

### जातीय युद्ध र उत्पीडन

जुनसुकै देशमा प्रारम्भ भएको जुनसुकै स्वरूपको जातीय हुलदङ्गा कालान्तरमा जातीय युद्धमा रूपान्तरण भएको देखिन्छ र यसका कारण कुनै पनि जाति कुनै जातिविशेषको विनाशक बन्न सक्छ अनि जातिविनाशसँगै

भाषिक मृत्यु हुनु स्वाभाविक ठहर्छ। समाजमा उच्च कहलिएको कुनै जातिविशेषले सामाजिक–आर्थिक हिसाबले पछिपरेका, हेला गरिएका र हेपिएका जनजातिमाथि जबरजस्ती र बिनाकारण दासता थोपर्दा अर्थात् मालिकहरूले दासमाथि शासन चलाउँदा भाषाको गति पनि सोहीअनुरूपको हुन्छ अर्थात् दासहरूको भाषा मालिकको भाषामा सम्मिलन हुन पुग्छ। यस अवस्थामा जनजातिको पुर्ख्यौली भाषाको स्तरीकरण र मानकीकरण हुन सक्दैन जसका कारण ती भाषाहरूले कालान्तरमा भाषिक मृत्युलाई वरण (भ्यान ड्रिएम. सन् २००१. पृ. ३५) गर्नुपर्ने स्थिति सृजना हुन्छ। अझ समाजमा कुनै एउटा भाषा प्रयोग गर्दा प्रतिष्ठित र सम्मानित भइने र अर्को कुनै भाषालाई प्रयोगमा ल्याउँदा इज्जत अथवा प्रतिष्ठा गुमेको ठानिने परिस्थितिले पनि भाषिक मृत्युलाई निम्त्याउँछ। समाजमा मानिस जहिले पनि र जहाँ पनि इज्जत तथा प्रतिष्ठाका साथ बाँच्न चाहन्छ त्यसैले समाजद्वारा हेय तुल्याइएको भाषिक प्रयोगमा उसको रुचि नै हुँदेन, रहँदैन। वास्तवमा सामाजिक व्यवहारका दृष्टिले प्रचलनमा रहेका कुनै पनि भाषाहरूप्रति यसप्रकारको हेयभाव अथवा उच्चभाव दर्साएकै कारण हेय ठानिएका भाषाका वक्ताहरू लोप हुने सम्भावना रहन्छ जो भाषिक मृत्युको सहयोगी साबित हुन्छ। अझ भनौँ भने मुलुकभित्रका थुप्रै भाषामध्ये कुनै भाषाको संरक्षण–सम्बर्द्धन गर्ने र कुनै भाषाप्रति बेवास्तापूर्ण व्यवहार देखाउने भाषिक भेदभावका कारण पनि संसारका थुप्रै भाषाहरूको भाषिक मृत्यु भएको छ।

## सांस्कृतिक विनाश

भाषाका वक्ताहरू कुनै राष्ट्रको निश्चित सीमाभित्र बसोबास गरिरहेका हुन्छन् र उनीहरूको आफ्नै निजी विशेषतायुक्त सांस्कृतिक परिधि पनि हुन्छ। भाषालाई सांस्कृतिक सञ्चरणको माध्यम पनि भनिएकाले सांस्कृतिक पक्षका थुप्रै मूल्य–मान्यता र धरोहरलाई यसकै सहायताले संरक्षण गरिएको हुन्छ। भाषाशास्त्रीहरूका अनुसार कुनै पनि भाषाको संरक्षण र सम्बर्द्धनलाई जीवन्त तुल्याउन सम्बन्धित संस्कृतिको पालनपोषण हुनु (रिजाल. २०६५. पृ. ५३) जरुरी छ र अझ जुन भाषाभाषीको सांस्कृतिक धरोहर समाप्त हुन्छ त्यस भाषाभाषीले आफ्नो भाषाको सुरक्षा गर्ने आधार गुमाउँछ भन्ने मान्यता स्थापित भइसकेको छ। जुनजुन समाज सांस्कृतिक बाह्यहस्तक्षेपबाट पृथक र चोखो छ त्यहाँत्यहाँ भाषिक विकासको इतिहास पनि समृद्ध र निकै लामो देखापर्छ। लिखित वाङ्मय, साहित्यिक रचना, ज्ञान–विज्ञानका विषयगत शैली र सांस्कृतिक महत्ताका अभावमा न त भाषा सम्पन्नशाली बन्छ न त विकसित हुन्छ त्यसैले भाषामा ज्ञानको अनन्त भण्डार भित्र्याउने सर्तमा अथवा आधुनिक संसारका भौतिक–आध्यात्मिक उपलब्धिलाई व्यक्त गर्न भाषालाई सक्षम तुल्याउने निहुँमा अन्य भाषाका माध्यमद्वारा भाषामा भित्रिने सांस्कृतिक हस्तक्षेपलाई परास्त गरी सांस्कृतिक संरक्षण गर्नुपर्छ र मात्र आफ्नो भाषाको मौलिक स्वरूपलाई जोगाउन सकिन्छ। भाषिक आगमनकै कारण देखापर्ने यस किसिमको प्रभावलाई समयमै सतर्कतापूर्वक रोक्न सकिएन भने संस्कृतिविनाशसँगै भाषिक विनाशको क्रम प्रारम्भ हुन्छ (घिमिरे. २०६५. पृ. ६२–६८) र केही शताब्दीपछि सम्बन्धित भाषा पनि मृत्युको नजिक–नजिक पुग्छ।

भाषिकमृत्युका प्रक्रियाहरु

भाषा मानवीय र सामाजिक वस्तु भएकाले यसको स्रष्टा पनि भोक्ता पनि मान्छे र मानवीय समाज नै हो। खास भाषा भाषिक समुदायमा मात्र प्रयुक्त हुन्छ र यसले मानवीय व्यवहारलाई गतिशील र क्रियाशील बनाउँछ। यसमा समयको गतिसँगै अनेक परिवर्तन देखिन्छन् र सादृश्य, आगमन, भाषिक सम्मिलनजस्ता भाषावैज्ञानिक प्रक्रियाले पनि यसलाई विशिष्ट र कनिष्ठ बनाउन सक्दो भूमिका निर्वाह गर्छन्। भाषाका प्रयोक्ताहरू आफ्नै भाषाप्रति असचेत एवम् जागरणविहीन अवस्थामा रहँदा जसरी उनीहरूको भाषा सुरक्षित रहन्न त्यसरी नै सबै भाषालाई उत्तिकै महत्त्व दिने अनि भाषाका सम्बन्धमा अभिरुचि राख्ने प्राज्ञिक सङ्घसंस्थाको सक्रियताबिना भाषिक संरक्षण सम्भव देखिँदैन। एक भाषा, एक भेष र एक राष्ट्रियताको भावनाले पनि कुनै देशभित्र प्रचलनमा रहेका अनगिन्ती अथवा असङ्ख्य अथवा अधिकांश भाषालाई बचाउन सकिँदैन। भाषिक मृत्युका सैद्धान्तिक व्याख्याताहरूले यसका विभिन्न प्रक्रिया देखाएका छन्। यस्ता प्रक्रियाहरूको तल चर्चा गरिएको छ।

आकस्मिक भाषिक मृत्यु

यसलाई भौतिक भाषिक मृत्यु पनि भनिन्छ। यस भाषिक मृत्युका लागि लामो समय र वातावरणको आवश्यकता पर्दैन। ठुल्ठुला भूकम्प, बाढी–पहिरो, सुनामी, ज्वालामुखीजस्ता प्राकृतिक–भौतिक प्रकोप, महामारी, जातीय अथवा राजनैतिक युद्ध आदिका कारणबाट एकै छिनमा/एकै दिनमा/एकै रातमा सबै वक्ताहरू अथवा सम्बन्धित भाषाभाषीहरूको सबै जनसङ्ख्या भौतिक रूपले नासिंदा भाषामा यसप्रकारको भाषिक मृत्यु निम्तिन्छ। थोरै सङ्ख्यामा रहेका र निश्चित क्षेत्रमा बसोबास गर्ने भाषिक समुदायले यस्तो दुर्घटना बेहोर्नुपर्छ। अस्ट्रेलियाको तास्मानियाली भाषा यसरी नै समाप्त भएको हो।

उग्रतापूर्ण भाषिक मृत्यु

राजनैतिक दुराग्रह–पूर्वाग्रहका कारण एउटा राष्ट्रले अर्को राष्ट्रमाथि दमनकारी नीतिअनुरूप कठोरता देखाउँदा, जातीय सङ्घर्ष चरमोत्कर्षमा पुग्दा, सत्ता र शक्तिको दुरूपयोग गरी एकथरी भाषाभाषीहरूले अर्को भाषिक वर्गका वक्ताहरूमाथि चरम दमन गर्दा अथवा एउटा भाषिकवर्गले अर्को भाषिकवर्गको भाषामाथि पूर्ण प्रतिबन्ध लगाउँदा शासनसत्ताको त्रासदीका कारण उनीहरू आफ्नो भाषा बोल्न सक्ने स्थितिमा हुँदैनन् (न्यौपाने र अन्य. २०६७. पृ. २६७) भन्ने भाषाशास्त्रीहरूको निष्कर्ष छ। यस अवस्थामा सम्पूर्ण वक्ताहरूको सर्वनाश हुन पनि सक्छ, वक्ताहरू एकाध बाँच्न पनि सक्छन् र भाषिकवक्ता बाँचेर पनि जातिसंहारको डर र राजनैतिक दमनको कठोरताका कारण भाषिक मृत्यु हुन्छ जसलाई भाषाशास्त्रीहरूले उग्रतापूर्ण भाषिक मृत्यु मानेका छन्। कामदारका रूपमा एलसाल्भाडोर पुगेका हजारौँ प्रवासी भारतीयहरूले सन् १९३२ मा यस्तैकारणबाट त्रासदीपूर्ण आत्महत्या गरेपछि उनीहरूले बोल्ने गरेको ओफो र लेन्नुआ भाषाले मृत्युवरण गरेको इतिहास पाइन्छ। भनिन्छ, भुटानमा अहिले नेपाली

भाषामाथि त्यहाँको बाङ्चुक सरकारबाट दमनकारी र कठोर व्यवहार हुँदै छ। नेपालका सन्दर्भमा लोकतान्त्रिक जनआन्दोलनपश्चात् राजतन्त्रविरोधी जनमत तयार भई गणतन्त्रको स्थापना भएपछि पञ्चायतकालमा प्रचलित थुप्रै शब्दहरू (अञ्चलाधीश, प्रधानपञ्च, पञ्चायत, राष्ट्रिय पञ्चायत आदि) आज मृत भइसकेका छन् भने राजपरिवारमा प्रयोग गरिने भाषिक स्वरूप अहिले मरणासन्न अवस्थामा पुगेको छ।

**क्रमिक भाषिक मृत्यु**

क्रमिक भाषिक मृत्यु एक्कासी र आकस्मिक रूपमा नभई बिस्तारै-बिस्तारै घटित हुने प्रक्रिया हो। प्रभुत्वशाली भाषाको प्रभावमा परेर कुनै भाषा समाप्त हुन्छ भने त्यसलाई क्रमिक भाषिक मृत्यु भनिन्छ। यो भाषाको स्वाभाविक र प्राकृतिक मृत्यु हो। कमजोर भाषाभाषीले शिक्षा, प्रशासन, सञ्चार आदि विषयक्षेत्रमा प्रतिष्ठित भाषाकै प्रयोग गर्छन्, त्यही भाषामा केही सिक्छन्, केही सिकाउँछन् र समाजका मानिससँग पनि त्यही भाषामा व्यवहार गर्छन् भने उनीहरूले आफ्नो भाषा प्रयोग गर्ने अवसर गुमाउँछन् जसका कारण उनका सन्ततिहरूले पनि पैतृक भाषाको उपयोग गर्न सक्दैनन् र बिस्तारै भाषा लोपोन्मुख हुन्छ। वास्तवमा भाषाको क्रमिक भाषिक मृत्यु पूर्ण रूपले विसर्जनको अवस्था नभई विकासको पनि चरमोत्कर्ष हो जसले आफ्नो भाषिकपरम्परामा पूर्ण परिवर्तन ल्याउँछ र यही क्रममा भाषाले आफ्नो मौलिकता र आधारभूमि गुमाउँदा मात्र भाषाको मृत्यु भएको मानिन्छ। युगको आवश्यकता र वक्ताको चाहनाअनुरूप भाषा उदार र लचकदार बन्न नसक्दा पनि भाषाले क्रमिक भाषिक मृत्युको अवस्था भोग्नुपर्छ (भ्यान ड्रियम. सन् २००७. पृ. ३३०) भन्ने भाषाशास्त्रीहरू पनि छन्। कुनै पनि भाषामा सामान्य परिवर्तन हुँदै बिस्तारै-बिस्तारै भाषाका सम्पूर्ण विशिष्ट पक्षहरू भत्किँदै जाँदा भाषाविलय अथवा भाषालोपको स्थिति देखापर्छ। भाषाका ध्वनि, वर्ण, रूप, शब्द, वाक्य आदिका नियमहरू हट्दै जानु, भाषिक सामर्थ्य कम हुनु, भाषा अनुदार भई जटिलतातर्फ लाग्दा प्रयोक्ताहरू टाढिनु, भाषाप्रयोक्ताहरू ठाउँठाउँमा छरिएर अन्य भाषाको सम्पर्कमा आउनुजस्ता स्वरूपबाट क्रमिक भाषिक मृत्यु देखापर्छ। नेपालको राजी कुसुण्डा र धिमाल भाषा मूलतः यही नियतिबाट समाप्त भएका (भ्यान ड्रियम. सन् २००७. पृ. ३०६) भाषा हुन् भने कतिपय गुरुङ, मगर, सतार, मेचे, दुरा, हायु, माझी आदि जनजातिले आफ्नो भाषा यिनै कारणले भुलिसकेका छन् र ती भाषाहरू सङ्कटापन्न अवस्थामा परेका छन्।

**सहज भाषिक मृत्यु**

सांसारिक वस्तुहरू विनाशकै लागि सृष्टि भएका हुन्छन्। जो जन्मिन्छ त्यसको मृत्यु अवश्यम्भावी छ। बनेका वस्तु ननासिँदासम्म नयाँ बन्दैनन्। यो सनातनी नियम भाषामा पनि क्रियाशील किन हुन्छ भने भाषा मानवनिर्मित र मानवसंरक्षित वस्तु हो जसको एउटा विकासबिन्दुमा पुगेपछि अवसान निश्चित छ। कुनै पनि भाषाको पहिलो आधारभूत पक्ष भनेको त्यसका वक्ताहरू हुन् र आम वक्ताहरूले नै दैनन्दिनी घरेलु प्रयोजनमा

प्रयोग नगरी केवल धार्मिक-सांस्कृतिक अथवा यस्तै किसिमका अनुष्ठानमा मात्र भाषाको प्रयोगलाई सीमित पार्दा भाषाले सहज प्रकृतिको मृत्यु वरण गर्छ। सामान्य सामाजिक व्यवहारबाट प्रतिबन्धित हुँदै विशिष्ट कार्यमा औपचारिक रूपले मात्र प्रयोग गरिने अर्थात् धार्मिक गीत, प्रार्थना, स्तुतिपाठ, स्तोत्र र मन्त्रमा सीमित हुँदै जाँदा संसारका प्राचीनतम संस्कृत, ग्रिक, ल्याटिन, अवेस्ता, गोथिक आदि भाषाहरूले सहज मृत्यु प्राप्त गरेको मानिन्छ। भाषाशास्त्रीहरूका अनुसार मौखिक भाषाको सरदर आयु एकहजार वर्ष हुन्छ भने लेख्यचिह्नको आयु दुईहजार वर्षसम्म (द्विवेदी. सन् १९९४. पृ. ५१९) स्थिर रहन सक्छ। विशेष प्रयत्न र प्रविधिप्रयोगले यस अवधिलाई लम्ब्याउन त सकिन्छ तर भाषिक मृत्युलाई टार्न सकिँदैन त्यसले सहज मृत्युमा परेका कतिपय भाषाका अनेक नयाँनयाँ शाखा विकसित भई व्यवहारमा प्रयुक्त हुन्छन् भने कतिपय भाषाको पूर्णतः वंशविनाशै हुनसक्छ। वैदिक संस्कृत भाषाको अन्त्य हुँदा लौकिक संस्कृत, पाली-प्राकृति नामका थुप्रै सन्तानशाखा प्रचलित हुनु, ग्रिक-ल्याटिन भाषाका अनेक शाखाविस्तार हुनु र एनाटोलियाली (भारोपेली भाषापरिवारको मृत शाखा) समूहअन्तर्गतका भाषाहरूको वंशविनाशलाई यसका उदाहरण मान्न सकिन्छ। भाषाशास्त्रीका अनुसार त्रियापनेक भाषाको मृत्यु पनि यस्तै प्रक्रियाको परिणाम हो।

**क्लिष्टतापूर्ण भाषिक मृत्यु**

कुनै भाषाका व्याकरणिक नियमहरू कठिनभन्दा कठिन हुँदा अथवा प्रयोगपक्ष नै क्लिष्ट बन्दा जनसाधारणले त्यस भाषालाई परिशुद्धिका साथ प्रयोग गर्न सक्दैनन् र उनीहरू जनभाषाको प्रयोगतर्फ आकृष्ट हुन्छन्। यस किसिमको मानवीय स्वभावलाई क्लिष्टतापूर्ण भाषिक मृत्युको सङ्केत मानिन्छ। वैदिक-लौकिक संस्कृतको प्रचलन हटेर पाली-प्राकृतको विकास र प्रयोग हुनु, अपभ्रंस भाषाको प्रयोगलाई छोडेर आधुनिक आर्यभाषाहरूप्रति आकृष्ट हुनु, जर्मनेलीबाट उच्च जर्मन, निम्न जर्मन, प्राचीन अङ्ग्रेजी हुँदै आधुनिक अङ्ग्रेजी भाषाको विस्तार हुनु र सातौँ शताब्दीमै तोखारी वर्गका भाषाहरूको मृत्यु हुनु यसका केही उदाहरण हुन्। आज पनि शास्त्रीय ग्रन्थहरूमा अस्तित्त्वशाली रहेका यी प्राचीनतर भाषाहरू तत्कालीन समयमै पनि बोलिचालीमा नरहनुको मुख्य कारण क्लिष्टता नै हो र यसका कारण पनि भाषाहरू मृत हुँदै जान्छन्।

**उपसंहार तथा निष्कर्ष**

मूलतः भाषिक सम्पर्ककै परिणामस्वरूप हरेक भाषिक मृत्युको दुश्चक्र देखापर्छ र भाषाका वक्ताहरूले आफ्नो भाषा बोल्न छोडी अर्को प्रमुख अथवा प्रभुत्वशाली भाषालाई अँगाल्ने प्रक्रिया नै भाषिक मृत्यु हो। कुनै पनि भाषालाई सुव्यवस्थित, मानकीकरण र स्तरीकरण नगरी त्यसको सुरक्षा गर्न सम्भव छैन। यसमा राज्यको दायित्व नीतिगत तहमा जवाफदेही र निकै महत्त्वपूर्ण हुन्छ तापनि व्यवहारतः स्वयं मातृभाषी समुदायको जागरुकता, समर्पण र क्रियाशीलता नभए कुनै पनि भाषाको विकास र संरक्षण असम्भव हुन्छ। राज्यस्तरबाट सबै भाषाप्रति

समान दृष्टि नराखेर कुनै भाषा विशेषलाई अधिक महत्त्व दिने नीति अख्तियार हुँदा अरु जातीय भाषाहरूको क्रमशः विनाश हुने र सापेक्षिक विकास गर्न नसकेर केही समयपछि ती भाषाहरू भाषिक मृत्युका सिकार हुनुपर्ने अवस्था निश्चय नै दुःखद पक्ष हो । नेपालमा विगतको एकभाषिक नीतिका कारण थुप्रै भाषाहरू लोपोन्मुख अवस्थामा पुगेका हुन् भने केही भाषाहरूले मृत्युवरण गरेका हुन् । जुन भाषामा स्तरीकरणको प्रयास निरन्तर हुँदैन, भाषाद्वीपीय अवस्था सृजना भएको छ, भाषिक सम्मिलनको स्थिति समानस्तरको छैन र विचारप्रवाहका लागि उचित र सहज वातावरण उपलब्ध छैन त्यस भाषाको मृत्यु आज अथवा भोलि निश्चित छ । यस प्रक्रियालाई स्वाभाविक र प्राकृतिक प्रक्रिया मानिए तापनि कहिलेकाहीँ भाषाविज्ञानका फाँटमा यसले निम्त्याउने परिणाम ज्यादै भयावह र दीर्घकालीन स्वरूपका हुन्छन् । यसलाई पूर्णतया रोक्न नसकिए पनि सरकारी, गैरसरकारी र प्राज्ञिक सङ्घसंस्थाहरूले सङ्कटमा परेका भाषाको संरक्षण र सम्बर्द्धन गर्न अध्ययन–अनुसन्धानमार्फत् सङ्गठित प्रयास जारी राख्दै यसको दुष्परिणामलाई न्यूनीकरण गर्नुपर्छ ।

**सान्दर्भिका**

आचार्य. कृष्णप्रसाद (२०६४). *भाषाविज्ञान*. (प्र.सं.). काठमाडौँ : क्षितिज प्रकाशन ।

गौतम. चौलागाईं. देवीप्रसाद. प्रेमप्रसाद (२०६७). *भाषाविज्ञान*. काठमाडौँ : पाठ्यसामग्री पसल ।

घिमिरे. वासुदेव (२०६४). *ऐतिहासिक भाषाविज्ञान*. काठमाडौँ : अस्मिता पब्लिकेसन ।

घिमिरे. वासुदेव (२०६५). *समाजभाषाविज्ञान*. काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

द्विवेदी. कपिलदेव (सन् १९९४). *भाषाविज्ञान एवं भाषाशास्त्र*. (च.सं.), वाराणसी : विश्वविद्यालय प्रकाशन ।

न्यौपाने. भण्डारी. न्यौपाने. घिमिरे. टङ्कप्रसाद. पारसमणि. दीपक. तुल्सीराम (२०६७). *सामान्य भाषाविज्ञान*. काठमाडौँ : सनलाइट पब्लिकेसन ।

भट्टराई. लुइँटेल. गोविन्दराज. खगेन्द्रप्रसाद (२०६१). *वल्लभमणि दाहालका भाषिक चिन्तन*. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भ्यान ड्रियम. जर्ज (सन् २००१). *ल्याङ्ग्वेज अफ हिमालयाज*. नेदरल्याण्ड : ब्रिल पब्लिसर्स ।

भ्यान ड्रियम. जर्ज (सन् २००७). "एनडेन्जर्ड ल्याङ्ग्वेज अफ साउथ एसिया". माथियस ब्रेजिन्गरद्वारा सम्पादित *ह्यान्डबुक अफ एनडेन्जर्ड ल्याङ्ग्वेज*. बर्लिन : मौटन डि ग्रुएटर ।

रिजाल. दामोदर (२०६५). "भाषिक सम्मिश्रण : पिजिन र क्रेओल". *मधूलिका*. (वर्ष १३. पूर्णाङ्क १०). पृ. ५१–५५ ।

# श्वेतभैरवीका कथाहरुको समाजशास्त्र

धनेश्वर भट्टराई, पिएचडी
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
dhanubudo1@gmail.com

**लेखसार**

*प्रस्तुत आलेख सारांशमा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथासङ्ग्रहमा सङ्कलित कथाहरूको समाजशास्त्रीय सिद्धान्त र मान्यताका आधारमा गरिएको अध्ययनमा आधारित छ। समाजशास्त्रले साहित्यको समाजसँग रहेको वा रहने सम्बन्धको खोजी गर्दै त्यसको व्याख्या-विश्लेषण गर्दछ । कलासाहित्यलाई वैयक्तिक प्रतिभा र चिन्तनको उपजका रूपमा हेरिन्छ तापनि त्यसलाई अनुकूलता र प्रतिकूलता प्रदान गर्ने प्रमुख पक्ष उसको समाज नै हुनेहुँदा साहित्यिक सिर्जनालाई पनि एक सामाजिक कर्म नै मानिन्छ। व्यक्तिको जीवन वैयक्तिक हुन्छ तापनि उसको चिन्तन, परम्परा, आस्था, सम्बन्ध, विश्वास एवं अनुभव र भोगाइजस्ता यावत् पक्ष र पाटहरू समाजसँगको सम्बन्धका आधारमा विकसित हुने हुँदा व्यक्ति स्रष्टाद्वारा वैयक्तिक रूपमा सिर्जित साहित्यमा त्यस समाजको प्रशस्त प्रभाव पर्नु स्वाभाविक छ। तसर्थ साहित्य व्यक्तिद्वारा सिर्जना गरिए पनि त्यो सामाजिक अभिव्यक्तिका रूपमा प्रकट हुन्छ। सामाजिक अभिव्यक्तिका रूपमा साहित्यको अध्ययन-विश्लेषण गर्ने साहित्यको समाजशास्त्रीय सिद्धान्त छ । साहित्यको समाजशास्त्रीय सिद्धान्तका विभिन्न आधारहरूमध्ये क्षण तथा परिवेशका आधारमा प्रस्तुत कथासङ्ग्रहमा सङ्कलित कथाहरूको अध्ययन विश्लेषण गर्दा यी कथाहरूमा तत्कालीन युग-क्षण तथा परिवेशको जीवन्त प्रस्तुति रहेको पाइनु नै कथात्मक विशिष्टता र प्राप्ति हो भन्ने यस अध्ययनको मूल निष्कर्ष हो।*

**शब्दसूची** : अनुद्विग्न, उन्मत्तभैरवी, स्तनाङ्कुर, रूपजीविका, नग्नदेही।

## विषय परिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) नेपाली साहित्य र राजनीतिका क्षेत्रमा अलगअलग विशष्टता र बेग्लाबेग्लै पहिचान भएका व्यक्तित्व हुन्। जसरी परम्परागत समाज व्यवस्थाका विपरीत नवीनतम चिन्तनद्वारा निर्देशित रहेर जीवनमा उनी अगाडि बढेका देखिन्छन् त्यसैगरी नेपाली साहित्य सिर्जनाका क्षेत्रमा पनि उनी

---

*भट्टराई नेपाली विषयको सह-प्राध्यापक हुनुहुन्छ।*

नवपथगामी रहेका छन् । उनको आगमनले नेपाली आख्यान क्षेत्रमा मनोविश्लेषणको पाटो उघारियो, नयाँ आयाम थपिन गयो । वनारस-प्रवासमा रहँदा पहिले नै हिन्दीमा चारवटा कथा लेखिएका भए पनि नेपालीमा भने 'चन्द्रवदन' (१९९२) बाट उनको कथायात्रा सुरु भएको देखिन्छ । नेपाली आख्यानका क्षेत्रमा कथा र उपन्यासका रूपमा अनेक कृतिहरू प्रकाशित छन् । यसबाहेक कविता, आत्मवृत्तान्त, समीक्षा, निबन्धात्मक लेख-रचनाहरू प्रशस्त प्रकाशित रहेका छन् । उनका 'दोषी चस्मा' (२००६), 'श्वेत भैरवी' (२०३९), विश्वेश्वरप्रसाद कोइरालाका कथा' (२०५७) नामक कथासङ्ग्रहहरू र ६ वटा औपन्यासिक कृतिहरू प्रकाशित छन् । कोइरालाका कथाहरू मनोवैज्ञानिक विश्लेषणका दृष्टिले लेखिएका भए पनि तिनमा मनोसामाजिकता वा समाज मनोविज्ञान अभिव्यक्त भएको पाइन्छ (चौधरी. २०७१. पृ. १३५-१४४) । प्रकाशनका दृष्टिले 'श्वेतभैरवी' उनको दोस्रो कथासङ्ग्रह हो र यसमा जम्मा चारवटा कथाहरू रहेका छन् । कथा भनेको स्वयंमा पूर्ण रहेको छोटो गद्यात्मक आख्यान हो । कथाकारले कथाका पात्रहरू वा अन्य कुनै माध्यमद्वारा आफू बाँचेको समय र सामाजिक, आर्थिक, भौगोलिक वा पर्यावरणीय परिवेशलाई कुनै न कुनै रूपमा अभिव्यक्त गरेको हुन्छ । त्यस कृतिको अध्ययनका आधारमा कृतिभित्र अभिव्यक्त तत्कालीन युग-क्षण तथा विविध परिवेशको अध्ययन गर्न सकिन्छ भन्ने मान्यता साहित्यको समाजशास्त्रले अघि सारेको छ । यस सिद्धान्तले कथाकारको सामाजिक स्तरका साथै कथाको अध्ययनका आधारमा तत्कालीन युगपरिवेशका बीचको अन्तः सम्बन्धको वस्तुगत अध्ययन विश्लेषण गर्दछ । कोइरालाको 'श्वेत भैरवी' कथासङ्ग्रहभित्रका कथाहरूलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका विशिष्ट अभिलक्षण क्षण तथा परिवेशका दृष्टिले अध्ययन विश्लेषण गरी मूल्याङ्कन गरिएको छ ।

**सैद्धान्तिक आधार र कथा विश्लेषणको स्वरुप**

साहित्यमा क्षण तथा परिवेश सम्बन्धी मान्यता मूलतः फ्रान्सेली चिन्तक एवं साहित्य समाजशास्त्री हिप्पोलाइट अडोल्फ तेन (सन् १८२८-१८९३) को देन मानिन्छ । यद्यपि तेनभन्दा अघि यससम्बन्धी गरिएका प्रयासहरू पृष्ठभूमिका रूपमा पाइन्छन् । साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको सङ्केत जियोभानी वाटिस्टा भिको (सन् १६६८-१७४४), हेर्डर (सन् १७४४-१८०३) र मेडम डे स्टालले गरेको देखिन्छ । होमरका कृति विश्लेषणका क्रमका भिकोको सामाजिक स्वरूपको रचना अलौकिक शक्तिद्वारा नभई मानव निर्मित हुनाले कलासाहित्यको विश्लेषण पनि भौतिक दृष्टिले गरिनुपर्छ भन्ने र हेर्डरको कुनै पनि कृतिको आधार सामाजिक भौगोलिक द्वन्द्व तथा स्टालको साहित्यमा सामाजिक धर्म, कानुन र नीतिको प्रभाव रहनेजस्ता चर्चाले साहित्यको समाजशास्त्रीय सिद्धान्तको पृष्ठभूमिको काम गरेका छन् (जैन. सन् १९९२. पृ. १४-१६) । यही परम्पराका प्रमुख व्यक्तित्व तेनले 'प्रजाति, क्षण तथा परिवेश' जस्ता त्रितत्त्वको अवधारणाद्वारा साहित्यको समाजशास्त्रीय सिद्धान्तको जग हालेका छन् । तेनको क्षणसम्बन्धी महत्त्वपूर्ण धारणाले समयको मुख्य विचार वा युगचेतनालाई सङ्केत गर्दछ । स्रष्टाले युगीन विचारलाई आफ्ना रचनामा महत्त्व दिएर अङ्कन गर्छ किनभने ऊ स्वयं त्यस कालको द्रष्टा, भोक्ता र अनुभवकर्ता

रहन्छ। उनका विचारमा जुन स्रष्टाले आफ्ना सिर्जनामा राष्ट्र र युग वा समयको अभिव्यक्ति दिन सफल हुन्छ त्यति नै ऊ राष्ट्र र युगको केन्द्र बन्दछ भन्ने पाइन्छ (पाण्डेय. सन् १९८९. पृ. १२८)। कला साहित्य यद्यपि वैयक्तिक प्रतिभाको उपज हो तापनि उच्च कृतिहरू बृहत् समय, समाज र चिन्तनगत रूपमा दस्तावेज बन्न सक्दछन्। युगैपिच्छे चिन्तनगत विविधता हुने हुँदा साहित्यकारले आफू बाँचेको युगको प्रतिबिम्ब आफ्ना रचनामा प्रस्तुत गरेको हुन्छ भन्ने तेनको विचार छ। कालान्तरमा आउने नयाँ विचार पुरानो विचारसँग सम्बद्ध हुँदै समकालीन प्रतिभासँग जोडिएर नयाँ सिर्जनामा प्रेरणा बन्दछ भन्ने तेनको विचार रहेको छ (पाण्डेय. सन् १९८९. पृ. १२५)। यसरी रचनाकारको रचनामा प्रतिनिधित्वको रूपमा रहने विशिष्ट कालखण्डलाई तेनले क्षणका रूपमा व्याख्या गरेको देखिन्छ।

तेनको अर्को मान्यता परिवेश हो जुन भौगोलिक-प्राकृतिक संरचना र वातावरणसँग सम्बन्धित छ। उनले भौगोलिक संरचना, प्रकृति तथा वातावरणको अनुकूल र प्रतिकूल परिवेशले मानिसमा पार्ने प्रभावको व्याख्या गरेका छन्। तेनले युरोपका सन्दर्भमा चर्चा गर्दै प्राकृतिक अनुकूलता र प्रतिकूलताको प्रभावका आधारमा उत्तरी जीवन दुःखी र दक्षिण सुखी-समृद्ध रहेको र त्यहाँको साहित्यमा पनि त्यही प्रतिबिम्ब छ भनी गरेको चर्चाको उल्लेख छेत्रीले गरेका छन् (छेत्री. २०६४. पृ. २४)। तसर्थ भौगोलिक संरचना र वातावरणले मानिस र उसका जीवनपद्धति तथा रचनामा प्रभाव पारेको हुन्छ भने स्वभाव निर्माणमा पनि भूमिका रहेको हुन्छ। तेनले युनान तथा रोमको विशिष्ट प्राकृतिक परिवेशले त्यहाँका बासिन्दाको स्वभाव निर्माण गरेको र त्यसकै अभिव्यक्ति उनीहरूको कला-साहित्य र संस्कृतिमा भएको छ भनेका छन् (पाण्डेय. सन् १९८९. पृ. १२५)। यस प्रकार साहित्यकारको रचनामा उसको भौगोलिक संरचना र परिवेशले प्रभाव पारेको हुन्छ भन्ने तेनको विचार रहेको पाइन्छ।

साहित्य समाजशास्त्री तेनपछि यस धारामा रोबर्ट स्कार्पिट, लियो लावेन्थल, लुसियो गोल्डमान, रेमन्ड विलियम्स, एलेन सिङ्गउड आदिले साहित्यको समाजशास्त्रीय अध्ययन परम्परालाई विकसित गराएका छन्। साहित्यकारले आफ्नो जीवन भोगाइको अनुभव र आफू बाँचेको वातावरणीय प्रभावको अङ्कन साहित्यमा गरेको हुन्छ। युगीन सामाजिक आर्थिक, सांस्कृतिक र प्राकृतिक परिवेशको प्रभाव उसको साहित्यमा परेको हुन्छ। तत्कालीन युग र युगीन परिवेशको अध्ययनका दृष्टिले कोइरालाको 'श्वेतभैरवी' सङ्ग्रहभित्रका कथाहरू उपयुक्त देखिन्छन्। ती कथाहरूमा अभिव्यक्त युग कथाकारले बाँचेको र भोगे-बेहोरेको समयको प्रतिबिम्ब हो भने त्यहाँ उल्लिखित र प्राप्त जुन परिवेशगत विविधता छ त्यसमा युगगत सामाजिक, आर्थिक, राजनीतिक, प्राकृतिक पर्यावरणको छाप भेटिन्छ।

## 'श्वेतभैरवी' कथासङ्ग्रह

विश्वेश्वरप्रसाद कोइरालाको प्रस्तुत कथासङ्ग्रह प्रकाशनका दृष्टिले दोस्रो कथात्मक कृति हो। कोइराला मनोवैज्ञानिक कथाकार मानिन्छन्। उनका कथामा जति अन्तर्मनको चित्राङ्कन पाइन्छ त्यति बाह्य वातावरणको

समेत प्रस्तुति भेटिन्छ। उनका धेरैजसो कथामा मनोसामाजिकता प्रकट भएको छ। 'श्वेतभैरवी' का कथाहरूमा कोइरालाले आफूले भोगेको र अनुभव गरेको समय तथा क्षणलाई कुनै न कुनै रूपमा व्यक्त गरेका छन्। तेनको विचारका व्याख्याता एलेन सिड्गउडले विभिन्न कालखण्डका मूल्य–मान्यतालाई तद्युगीन रचनाले वहन गरेको हुन्छ (सुवेदी. २०६९. पृ. ९–१३) भनेजस्तै कोइरालाका कथाले पनि तत्कालीन युग र परिवेशको प्रतिनिधित्व गरेका हुँदा ती कथाहरू समाज, युग र तत्कालीन परिवेशको दस्तावेजका रूपमा रहेको तथ्य विविध सन्दर्भ र साक्ष्यका आधारमा स्पष्ट भएको छ।

**'सान्नानी' कथामा क्षण तथा परिवेश**

कथाको 'म' बाल पात्रले कथाकारको प्रतिनिधित्व गरेको छ र सान्नानी उसकी बाल सखाका रूपमा कथामा देखिएकी छ। म बाल पात्रले आफ्नो बाल्यावस्था काशीमा बिताउँदाका क्षणहरूको स्मरण गरेको छ। जब अचानक एक दिन काशीबाट विस्थापित भएर ऊ नेपालकै पूर्वी तराईको देहाती गाउँ टेढी दीपनगरमा आइपुग्छ, त्यहाँ आफ्नो दौँतरीका रूपमा सान्नानीलाई पाएको छ। उसले सान्नानीसँग बिताएको समयका पलहरूले उसलाई आजीवन प्रभाव पारेको छ। जुन साहित्यकारले कृतिमा आफ्नो राष्ट्र र समयको समग्र अभिव्यक्ति दिन सक्छ त्यति नै ऊ युगको केन्द्र बनेको हुन्छ (पाण्डेय. सन् १९८९. पृ. १२८) भन्ने तेनको विचार यस कथामा लागु भएको छ। यहाँ कोइरालाले आफू बाँचेको युग वा समयलाई अङ्कन गरेका छन्। आफ्नी बालसखा सान्नानीसँग उसले दीपनगरका देहाती ग्रामीण क्षेत्रहरूमा झरी, घाम, वर्षा र हिउँदका समयमा डुल्दा विभिन्न प्रकारका नवीनतम जीवन ज्ञान प्राप्त गरेको छ। ती समयका पदचापसँगै प्राप्त सूचना र जानकारीबाट जीवनको तीस वर्ष पछिसम्मको उसको जीवन पुलकित र आलोकित बनेको सन्दर्भ कथामा प्रस्तुत भएको छ :

साक्ष्य–१ — यो तीस वर्षसम्म उसको गहभरिको आदेशलाई नबिर्सिएर बसिरहेको छु। आज सुनेँ कि त्यो आएकी छ। एकछिन पनि नथामिएर म उसकहाँ पुगेँ (पृष्ठ १६)।

यसप्रकार 'सान्नानी' कथामा कथाकारले आफू बाँचेको युग वा क्षणको उपयोग कथामा प्रशस्त गरेको देख्न सकिन्छ।

कथामा म पात्र काशीबाट स्थानान्तरित भएर नेपालको पूर्वी तराईको देहाती गाउँ दीपनगरमा बसाइँ आएको र केही समयपछि सान्नानीसँग बिछोडिएर फेरि अन्तै गएको हुँदा बनारस तथा दीपनगर दुवै स्थानका सामाजिक तथा भौगोलिक परिवेशको चित्रण कथामा भएको छ। आफू जन्मेर हुर्कँदै गरेको बनारसबाट जब एक्कासी कोशी किनारको देहाती गाउँ दीपनगरमा आउनु परेको छ, त्यतिबेला बनारस र त्यहाँको प्राकृतिक, सामाजिक र सहरिया वातावरण वा परिवेशलाई घरिघरि सम्झिरहेको कथाले चित्रण गरेको छ :

साक्ष्य–२ — जे भए पनि शहरमा चारैतिर आधारहरू थिए, पर्खालहरू, भित्तै भित्ता र अग्ला–अग्ला घरहरू। .... शहरका सडकमा जसका दुवैपट्टि पर्खाल र

महलजस्ता घरहरू छन्, निर्दिष्टता छ, त्यसमा हराउन कोही सक्दैन.... यो गाउँमा खोइ कहाँ छ सडक यहाँ त अमालाई छाड्यो कि यो महाशून्यमा लोप होइएला भन्ने डर... (पृष्ठ १)।

यस कथामा जनसङ्कुल बनारसको परिवेशबाट हठात् देहाती ग्रामीण इलाकामा आइपुग्दा त्यहाँको शून्यपन, नीरवता र निर्जनताले कथाकारलाई दिग्दार बनाएको छ। यस्तो जीवन यापन गर्नु पर्दा केही समयअघि आफू उभिएको बनारसको परिवेशगत परिदृश्य कथामा यसरी अभिव्यक्त भएको छ :

साक्ष्य-३ खेमचावालाले चाट बेच्दै हिँडेको, पुरानो सिसी-बोतल किन्नेहरूको लेग्रो तनाइ, माग्नेहरूको अर्तनाद, पानवाला, मिठाइवाला, सियो, धागो सिन्दूर बेच्ने बाक्सावाला, हिरा, हिङ र मेवा किन्छौ कि भन्दै हिँड्ने काबुलीवालाहरूका भिन्नता, तीब्रता र सुरका पुकारहरूको सम्मिलित ध्वनि, त्यसैले हृदयको कानमा एउटा मिठो वर्षा भइरहेको छ (पृ. २)।

साक्ष-४ मेरो मन काशी पुगिरहन्छ। काशीको मुख्य कुरा हो, त्यहाँका ढुङ्गा, पत्थर जो यहाँ आएर मेरो बालक मनमा तीक्ष्ण अनुभवका रूपमा बारम्बार प्रकट भैरहेका छन्- ढुङ्गाका घर, ढुङ्गाका सडक, ढुङ्गाका घाटहरू (पृ. ३)।

यसरी 'सान्नानी' कथामा काशी-बनारसको समग्र परिवेश प्रस्तुत भएको छ जसमा कम्पनी बगैँचाको कमनीय परिवेशको रमणीय चित्रण प्रस्तुत छ (पृ. ३)। जसरी काशीको परिवेशले कथामा स्थान पाएको छ त्यस्तै देहाती दीपनगरको गाउँले वातावरण र त्यहाँको प्राकृतिक स्वरूपलाई कथाले महत्त्व दिएको छ। कथामा कोशीको सहस्रधारा वा भङ्गालाहरूको वर्णन छ। पूर्वपट्टिको पूर्वरियाधार, सिमानामा पर्ने गाउँ दिवानगञ्ज, ठूलाठूला पाकडका रूख, चिलौनी धार, बकाइनो र नीमका बोटहरू छेउका बाँसका झ्याँगहरू, फुस र परालले छाइएका घरहरू, कोशीको पछवरिया घार र त्यहाँ पाइने रोहू, बुहारी, कतला, काँटी, सिंगी, मगरी र बामी माछाहरू जस्ता अनेक पक्ष र परिवेश कथामा व्यक्त भएका छन्।

कथामा नेपालको पूर्वी तराईमा पर्ने कोशी नदी र त्यस वरपरका ग्रामीण समाज भौगोलिक-प्राकृतिक पर्यावरण र त्यहाँको परिवेशलाई विविध सन्दर्भमा उद्घाटन गरिएको छ। वर्षाकालीन कोशीको अपार जलराशिको परिवेश यस्तो छ :

साक्ष्य-५ चारैतिर वेगवान् जल, कहीँ बगैँचाहरू, कहीँ फुसका घरहरू, बाँसका झ्याँगहरू विराट् जलप्लावनतामाथि टाउको उठाएका देखिन्छन्। त्यो विशाल पाकडको रूख चिलौनी धारको मध्यमागमा दृढतासाथ उभिएको छ। ... ग्रीष्म ऋतुको आपतको बहार अर्कै किसिमको पृथ्वी धू-धू बलिरहको छ। ... काँचो आप, इमली खाएर दिनभरि घाममा नुहाएर आँखा राताराता पार्दै हामी बेलुकीपख घर फर्कन्थ्यौँ (पृ. १२)।

कथामा देहाती गाउँबस्तीका विभिन्न यामका विविध वातावरणीय परिवेशको चित्रण पाइन्छ। अझ आँखाले नभ्याउने मधेसका फाँटहरू, ठूला खलियान र त्यहाँ दाउनी हुँदै गरेको अवस्था, खेसरीका हरिया नीला भ्याँगहरू, नीला रङ्गका आलसका फूलहरू, फूलेर ढकमक्क बनेका आँपका बगैँचा, बडहर, बेल, बयर, सरिफा र इमलीका रूखहरू, ओरहा खाने चलन जस्ता प्राकृतिक, सामाजिक, सांस्कृतिक दृश्यचित्रका झाँकीयुक्त परिवेशको प्रस्तुति कथामा पाइन्छ। यसरी 'सान्नानी' कथामा कथाकारले बाँचेको युग, भोगे-बेहोरेका स्थान-परिवेश र तत्स्थानिक वातावरण तथा यसले पारेको प्रभावको प्रस्तुतिका आधारमा साहित्य समाजशास्त्री तेनको क्षण तथा परिवेशसमबन्धी मान्यता पूर्णतया घटित भएको देखिन्छ।

**'राइटर बाजे' कथामा क्षण तथा परिवेश**

यो कथा प्रतिबन्धित र परतन्त्रताभित्र रहेर स्वतन्त्रताको सङ्केत गर्ने कथा बनेको छ। यो बाह्य जगत्का तुलनामा आन्तरिक मनोजगत्को भ्रमण गरेर सूक्ष्म तवरले बाह्य यथार्थको अभिव्यक्ति भएको कथा हो। युग-परिवेश वा कालिक दृष्टिले सार्वभौम देखिने यो कथा स्थानिक पर्यावरणका दृष्टिले नेपालका विभिन्न स्थान र यहाँको प्राकृतिक, सामाजिक, सांस्कृतिक र मानसिक परिवेश र परिस्थितिको उद्घाटन गर्न सफल रहेको छ।

'राइटर बाजे' कथाकी प्रमुख पात्र भोटेनी हो। काठमाडौंका गल्लीमा मागेर गुजारा गर्ने उसलाई तीन नम्बर पहाडबाट आएको जागिर खाने राइटर बाजेले पत्नीको स्थान दिएर स्वयं उसमै निर्भर रहेको परिवेश कथामा छ। भोटेनीले जीवनमा भोगेको र अनुभव गरेका समयका टुक्राहरू कथामा व्यक्त भएका छन्।

साक्ष्य-१ त्यस बेलुका म राइटर बाजेकहाँ आएँ र बिस्तार बिस्तार उनको गृहस्थीको अङ्ग हुन पुगेँ। मायाका कुरा गर्ने हो भने उनले नै पहिले यसको सूत्रपात गरे। मुखले त केही भनेनन् तर व्यवहारमा उनबाट मायाबाहेक मैले केही पाइन (पृ. १८)।

साहित्य समाजशास्त्री तेनका अनुसार मानिस संसारमा कहिल्यै एक्लो हुँदैन, उसको चारैतिर प्रकृति र समाज रहेको हुन्छ। ऊसँग उसका आदिम प्रवृत्तिहरू प्रजातिगत विशेषताहरू, भौतिक सामाजिक परिस्थितिहरू, घटनाहरू रहेका हुन्छन् र धेरै वा थोरै ऊ तिनबाट प्रभावित रहेको हुन्छ (पाण्डेय. सन् १९८९. पृ. १२५)। कथाकी भोटेनी बाहुनको सङ्गत र पारिवारिक सांस्कृतिक परिवेशबाट प्रभावित देखिन्छे। उसका जेठी, माइली र साँहिली दिदीहरूले आफ्नो पारम्पारिक सांस्कृतिक विशिष्टता अनुरूपको स्वच्छन्द जीवन बिताउँदै छन् भने भोटेनी भिन्न जातीय सांस्कृतिक प्रभावमा रत्तिएकी छ। आफ्नी बहिनी एकनिष्ठ, प्रतिव्रता बाहुनीजस्ती भएको पाउँदा त्यसो नगर्न र आफ्नै संस्कार र मान्यता अनुसारको जीवन बिताउन आग्रह गर्दछन् :

साक्ष्य-२ चारवटा पतिकी पत्नी र तीन सन्तानकी माता जेठी दिदीले भनेकी थिइन्: बैनी, किन यसरी भौंतारिएकी ? यहीँ आइज, मजस्तै बिहे गरेर बस्। मेरो

देवरहरू पनि असल छन्, खान लाउन कमी छैन, । कोदो, गहुँ, जौ, फापर मनग्य हुन्छ (पृ.-२१)।

.... यहाँ मसँग बस् भनेको। त्यस्ता राइटर बाजे कति आउँछन् कति (पृ. २१)।

साक्ष्य-३ साँहिली दिदीले पनि यस्तै कुरा गरेकी थिइन्- हाम्रो अरू के छ र ? यो राम्रो शरीर त हो नि। यसलाई बुद्धिमानी किसिमले प्रयोग गर्नुपर्छ (पृ. २२)।

यसरी प्रस्तुत कथामा तेनले भनेजस्तै दिदी भोटेनीहरूमा उनीहरूको जातीय विशेषता अनुरूपको संस्कार, मान्यता, परम्परा र त्यही अनुसारको जीवनशैली विकसित भएको पाइन्छ भने राइटर बाजेकी पत्नी भोटेनीमा सामाजिक-सांस्कृतिक सङ्क्रमण भएकाले हिन्दु ब्राह्मण जाति र त्यसै अनुसारको चिन्तन र व्यवहारको विकास भएको देखिन्छ।

**'एक रात' कथामा क्षण तथा परिवेश**

प्रस्तुत कथा युग तथा परिवेशका दृष्टिले सफल र उत्कृष्ट कथामध्ये रहेको छ। कलाकारले आफ्नो जाति, समाज र राष्ट्रको भावनालाई अभिव्यक्त गर्ने भएकाले साहित्यिक कृति ज्ञानवर्धक हुनाका साथै समाजको स्मारक तथा दस्तावेज हुन्छ भन्ने साहित्यशास्त्री तेनको कथन 'एक रात' कथामा सार्थक रूपमा घटित भएको छ। कथामा राजा महेन्द्रद्वारा २०१७ पौष १ गते जननिर्वाचित सरकार र प्रजातन्त्रका विरुद्ध चालेको कदम र पञ्चायती व्यवस्थाको सूत्रपात गरेपछिका दिनमा प्रजातन्त्र र स्वतन्त्रता प्राप्तिका मार्गमा गर्नु परेका सङ्घर्ष, कठिनाइ र भोग्नु परेको मृत्युदण्डसम्मका अनेक क्षण र परिवेश अभिव्यक्त भएको छ।

'एक रात' कथा साहित्य समाजशास्त्री तेनले भनेजस्तै नेपाली राष्ट्र र प्रजातन्त्र पुनर्बहालीका लागि गरिएका विद्रोह र सङ्घर्षको सामाजिक-राजनीतिक दस्तावेजजस्तै बनेको छ। यो नेपाली इतिहासमा निश्चित कालखण्डको स्मारक कथाजस्तो लाग्दछ। कथाले युगीन आकांक्षा र पदचापलाई अभिव्यक्त गरेको छ। त्यसैले प्रस्तुत कथा तत्कालीन समय, समाज, तत्कालीन सामाजिक राजनैतिक परिवेश र स्वयं कथाकारले बाँचेको युग परिवेशको प्रतिबिम्ब बनेर आएको छ।

'एक रात' कथाको कथ्य नै प्रजातन्त्र, स्वतन्त्रता र अधिकार हो। त्यसको प्राप्तिका निम्ति कथामा क्रियाशील चरित्रका आधारमा तत्कालीन समय र परिवेशगत अनेक पाटाहरू कथामा उपस्थित छन्। जेलको अँध्यारो कोठाबाट कथा सुरू भएको छ। जेल परेको युवकको मृत्युदण्ड प्राप्तिको केही पछि कथा सिद्धिन्छ। यति छोटो र सूक्ष्म कथानकभित्र पूर्वदीप्ति पद्धतिद्वारा सिङ्गो नेपाली समाज, स्वतन्त्रता अपहरण र पुनर्बहालीका अनेक प्रसङ्ग, विवाद, चेतावनीका रूपमा बम हान्ने योजना र दायित्व वहनसम्मका जुन परिघटनाहरू चित्रित छन् तिनमा युग तथा परिवेशगत विविध दृश्यचित्रहरू कथामा अङ्कित रहेका छन्।

जाडो महिनाको चिसो रातमा सम्पूर्ण समाज, मानवीय कर्म थामिएको र संसार मृत्युवत् निद्रावस्थामा रहेको बेला भ्यालखानभित्रको मुन्डा घरको कालकोठरीको एउटा कुनामा बन्दी किशोर गुँडुल्किएर सुतेको बेलामा कमिश्नर

आएर सोधेको छ :

साक्ष्य-१ कमिश्नर : 'के खान मन छ ?' 'घरका मानिसलाई केही भन्नु छ? तिम्रो अन्तिम इच्छा के छ, केही भन्नु छ ?
किशोर : 'तमाम किशोरहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भव हुन आओस् (पृष्ठ २९)।'

यसरी किशोरको अनुद्विग्न तर दृढ स्वर सुनेपछि कमिश्नर हडबडाएर फर्केको क्षण र परिवेश कथामा चित्रित छ। मृत्युदण्डको सजायको पुष्टि भइसकेको थाहा पाएर पनि किशोर शान्त छ। ऊ त बरु विगत जीवनका गाउँघर, बाबुआमा, बहिनी, पत्नी राधा, सँगीसाथी, गाउँले सबै सबैजना र त्यहाँको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक तथा पारिवारिक परिवेशमा भावनात्मक विचरण गरिरहेको छ र सम्झिरहेको छ :

साक्ष्य-२ आमा-बा एउटा ठेट ग्रामीण दम्पत्ती, उनीहरूले के बुझ्ने होलान् र राजनीतिको कुरो ! ... अङ्ग्रेजी पढाउन पनि बडो छलफल गरेर मात्र निर्णय भएको थियो। नत्र आमा भन्थिन्- गाउँको पाठशालामा कौमुदी पढाए भइहाल्थ्यो नि ! बालाई जेठो छोरोमाथि बडो आशा थियो (पृ. ३०)।

किशोरले आफ्नो कलेजकालीन अवस्था र त्यहाँको परिवेशमा भइरहने चासो र चर्चालाई सम्झेको छ। नेपालको अप्रजातान्त्रिक परिवेशमा उभिएर साथीहरूका बीचमा भइरहने छलफल, तर्क र बहसलाई सम्झिएको छ। नेपालको विकासका निम्ति, हुकुमी शासनको अन्त्यका निम्ति, हिंसा-अहिंसाका बारेमा हुने र घर परिवार-पत्नी राधा तथा नदेखेको आफ्नो छोराका बारेमा समेत अनेक तर्कनाहरू गरेको छ। उसले अधिकारका लागि चेतावनी स्वरूप आफूले बम हानेको तर हत्याको उद्देश्य नभएको जिकिर पनि मानसपटलमा आएको छ।

यसप्रकार कैदीका रूपमा थुनामा रहेको र मृत्युदण्डको फैसला समेत भइसकेको त्यस युवकका सामु उपस्थित कमिश्नर, डाक्टर, सुबेदार लगायत राज्यका अख्तियारवाला व्यक्ति आएर बाहिर निस्कन अह्राएपछिको उसको अनुद्विग्न, शान्त र शालीन व्यवहारबाट ती मानिसहरू ग्लानि र अनुत्साहपूर्ण तर कार्य सम्पन्न गर्नका निम्ति कटिबद्ध भएको त्यो क्षण र परिवेशको चित्रण कथामा विचित्रसँग भएको छ :

साक्ष्य-३ त्यसपछि एउटा युवकको मृत शरीर बिहानपख आकाशमा हल्लियो। सबैले मुन्टो निहुराए। .... कसैले एक शब्द बोलेनन्। आएर बिस्तार-बिस्तार आफ्नो बर्दी फुकालेर आफ्नो आफ्नो बिछ्यौनामा सुते (पृष्ठ ३७)।

कथाको सिङ्गो परिवेशभित्र कथाका क्रियाशील चरित्रहरूको अलग्गै वातावरण पनि कथामा चित्रित छ। फाँसीको सजाय दिन खटिएका कमिश्नर, डाक्टर, सुबेदार र तीनजना सिपाहीहरूको तत्कालीन परिवेश कथामा उल्लेख्य छ। यसरी हुँदा साहित्य समाजशास्त्री तेनको सिद्धान्त र मान्यता अनुरूप घटित 'एक रात' कथा युग-क्षण तथा वातावरणका दृष्टिले उत्कृष्ट रहेको छ।

**'श्वेतभैरवी' कथामा क्षण तथा परिवेश**

'श्वेतभैरवी' नेपालको पूर्वी तराईको सामाजिक, प्राकृतिक, सांस्कृतिक परिवेश र कथा लेखनकालीन समय वा क्षणको अङ्कन गर्ने कथाका रूपमा रहेको छ। प्रारम्भमै 'धेरै दिन पहिलेको कुरा हो, प्रायः पैँतीस वर्ष अगाडिको। दश एघार वर्षको हुँदो हुँ' (पृ. ३९) कथनबाट कथाकथन वा लेखनकालको कालिक बोध गराइएको छ। यसबाट कथाकारले आफूले भोगे-बेहोरेको र अनुभूत गरेको समयका क्षणलाई अङ्कन गरेका छन् भन्ने प्रष्ट हुन्छ। यसबाहेक कथामा श्वेतभैरवीको रूप धारण गरेकी लेलहापुत्री प्रमुख चरित्र फगुनीको उमेर र कथा लेखनकालीन क्षणको समयान्तरलाई कथामा यसरी प्रस्तुत गरिएको छ।

साक्ष-१ लेलहाकी छोरी फगुनी सोह्र वर्षकी हुँदी हो। तर यतिका दिनपछि स्मृतिको कुरा लेख्न बस्दा सबभन्दा अनावश्यक वस्तु फगुनीको उमेरको चर्चा लाग्छ। शायद सोह्र वर्ष मेरो कल्पनाको उमेर होस् जसलाई मैले आज पैँतीस वर्षपछि फगुनीलाई दिएको छु (पृष्ठ ४०)।

कला-साहित्य वैयक्तिक प्रतिभाको उपज भए पनि साहित्यिक कृतिहरू समय, समाज र सामाजिक-सांस्कृतिक चिन्तन र व्यवहारका दस्तावेज बनेर रहन सक्छन्। साहित्य समाजशास्त्री तेनले साहित्यमा भौगोलिक-प्राकृतिक अनुकूलता र प्रतिकूलताले प्रभाव पारेको हुन्छ र अनुकूल परिवशले सुख, समृद्धि र खुसी प्रदान गरेको हुन्छ भने प्रतिकूलताले दुःख र अवसादको क्षण उत्पन्न गर्छ जुन त्यस समाजको साहित्यमा पाउन सकिन्छ भन्ने उल्लेख गरेको पाइन्छ (छेत्री. २०६४. पृ. २४)। प्रस्तुत कथामा पनि उपर्युक्त कथन अनुरूप प्राकृतिक असहजता, प्रतिकूल प्रभाव र त्यसको परिणामले पारेका परिणति पाउन सकिन्छ। वर्षा यामको कोशी नदीको अवस्था र त्यसबाट सिर्जित परिवेशको चित्रणका आधारमा त्यसको पुष्टि भएको छ।

प्रस्तुत कथाको शीर्षक 'श्वेतभैरवी' प्रतीकात्मक छ भने श्वेतभैरवीको रूप धारण गर्ने चरित्र फगुनी हो। कथामा फगुनीको भैरवी रूप, कोशीनदी, त्यसको भँगालो, ठिँगुरिएको आँपको बोट प्रतीकका रूपमा प्रयोग गरिएका छन् (ज्ञवाली. २०७१. पृ. ३५४-३६३)। कथामा कोशीको वर्षायामको रूप र फगुनीको उन्मत्त भैरवीको रूपलाई सादृश्यका रूपमा हेरिएको छ भने फगुनीको त्यही मदहोसी उन्मादलाई श्वेतभैरवी भनिएको छ। फगुनीको बाल्यजीवन कोशीको एउटा भँगालोको छेउमा खेल्दै बितेको थियो। मातृविहीना र बाबु लेलहाको रेखदेखमा हुर्केकी उसको बाल्यकाल यदाकदा टिकोरा आँप फल्ने र झर्ने, हुर्किन नसकेको र गाँठगाँठा परेको रूख र त्यस मुन्तिर उसले बिताएको बाल्यकालको यथार्थ परिवेशको चित्रण कथामा भएको छ :

साक्ष्य- २ साना आँपका टिकोरा पनि फल्थे तर कहिल्यै पनि बढ्न पाउँदैनथे। टिकोरा अवस्थामै सुकेर झर्थे। फगुनीले त्यही रूखमुनि आफ्नो बाल्यकाल बिताएकी थिई। दिनभरी बाबु खेतमा काममा गएको बेलामा एक्लै घर कुर्दै त्यही रुखमुनी माटोमा खेल्दी हो र बीच बीचमा नदीमा गएर नुहाउँदी हो।

त्यसको स्वभाव र रचनामा कोशी नदीको त्यो भँगालो, त्यो आँपको रुख र पिता लेलहाको प्रभाव पर्‍यो होला (पृ. ४१)।

साहित्य समाजशास्त्री तेनका अनुसार प्राकृतिक परिवेशमा मानिसका आदिम तथा प्रजातिगत विशेषताहरू, भौतिक सामाजिक परिस्थिति र घटनाहरू प्रभावित भएका हुन्छन्। तिनकै आधारमा मानव स्वभावको निर्माण हुन्छ अनि त्यहाँको साहित्यमा त्यही स्वभावले अभिव्यक्ति पाएको हुन्छ, उनले भनेका छन् (पाण्डेय. सन् १९८९. पृ. १२५)। प्रस्तुत कथाकी मुख्य पात्र फगुनीको पनि जीवन, मानसिक संरचना, स्वभाव र प्रवृत्तिमा त्यहींको प्राकृतिक स्वरूप, सामाजिक परम्परा र चिन्तनको प्रभाव रहेको पाइन्छ। सामाजिक परम्पराअनुसार उसको चुमौन भएको तर गौना गरेर दुलाहाले नलगेको अवस्थामा माइतमै बसेकी फगुनीले समाजको विवाह संस्कार र परम्परालाई सानो बाबुसँग प्रकट गरेकी छे।

केवट माझी जातिकी चुमौन भइसकेकी प्रणयाकाङ्क्षी युवती फगुनी र कुकुरि बैंसको बाहुन केटो सानोबाबुको उत्तेजनायुक्त आपसी संवादकै क्रममा फगुनीमा आएको वैयक्तिक मनोसामाजिक प्रभाव तज्जन्य मनोशारीरिक परिवर्तनको परिणाम, उसको हेराइ, बोली व्यवहार, हाउभाउ र समग्र शारीरिक क्रियाकलाप कथामा प्रदर्शित भएको छ। उसको चारित्रिक क्रियाकलाप र सक्रियतालाई कथाकारले वर्षा यामको बाढीमा उन्मत्त, प्रलयङ्कारी र भयङ्कर कोशीको वेगवान् धारसँग तुलना गरेका छन्। कोशीको त्यो रौद्र रूप जसले केही भन्दैन, त्यसलाई उन्मत्त भैरवीको संज्ञा दिएका छन्। कथाकी फगुनी यौनावेगी तप्त उच्छ्वासका साथ सानो बाबुको पिछा गरिरहेकी छे, त्यसलाई श्वेतभैरवी नाम दिएका छन् र त्यो सङ्ग्रहकै शीर्षक बनेको छ। नदीको वेगवान् प्रवाह र फगुनीको यौन आवेगी परिवेशको चित्र कथामा प्रस्तुत भएको छ :

साक्ष्य–३

> त्यस दिन फगुनी फगुनी थिइन– त्यो कोशी नदीको त्यस्तो भँगालो भएकी थिई जो बाढीमा प्रलयको वेग लिएर उर्लन्छ। र उग्र भयङ्कर प्रलयङ्कारी हुन्छ, जब त्यसले मानिसका प्रति उन्मत्त भएर सबैलाई निल्दै हिँड्छ– हाहाकार मच्चाउँदै। त्यस्तै श्वेतभैरवी जाग्रत भएकी फगुनी हो जटा हावामा फैलिएको, आँखा निभेको आगो, चरणमा ताण्डवको शक्ति कालो नीलो थियो–वक्षमा शृङ्गाङ्कुर खुलेको मुखको गुफाबाट तप्त उच्छ्वासको बाफ। श्वेतभैरवी फगुनी (पृष्ठ ४५)।

यसप्रकार 'श्वेतभैरवी' कथामा कथाकारले साहित्य समाजशास्त्री तेनले भनेजस्तै मानिसको स्वभाव र उसको सामाजिक प्राकृतिक परिवेशका बीचमा कार्यकारण सम्बन्ध स्थापित गर्ने प्रयास गरेको पाइन्छ। कथामा सामाजिक एवं प्राकृतिक परिवेशको पूर्ण प्रभाव फगुनीमा परेको छ। वातावरणीय पृष्ठभूमिमा फगुनीको मानसिक, सामाजिक, सांस्कृतिक एवं चारित्रिक विशिष्टता प्रस्ट भएको छ। यसरी श्वेतभैरवी कथा समय तथा परिवेशका दृष्टिले समाजशास्त्रीय मान्यताअनुरूप घटित हुन सक्ने देखिन्छ।

### ४. निष्कर्ष

नेपालीमा विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू मनोयथार्थको उद्घाटनतर्फ बढी ढल्किएका छन्। उनका केही सामाजिक कथाहरूमा पनि मनोविज्ञानकै प्रभाव बढी पाइन्छ। यसर्थ उनका कथाहरू मनोसामाजिकताका दृष्टिले समेत विशिष्ट छन्। 'श्वेतभैरवी' सङ्ग्रहभित्रका कथाहरूमध्ये 'एकरात' युग तथा परिवेश दुवै दृष्टिले उच्च तहको देखा पर्दछ भने 'राइटर बाजे' सार्वभौम चरित्रका दृष्टिबाट बलशाली रहेको छ। 'सान्नानी' र 'श्वेतभैरवी' नेपालको पूर्वी तराईको समाज र त्यहाँको परिवेशगत विशिष्टतालाई अङ्कन गर्ने सफल कथाहरू हुन्। कालिक बोधका दृष्टिले 'राइटर बाजे' बाहेकका अन्य तीनैवटै कथाले कथालेखन समयको बोध गराएका छन्। सामाजिक राजनीतिक घटनाका आधारमा निश्चित कालखण्ड वा युगबोध यी कथाहरूमा पाइन्छ भने परिवेशका दृष्टिले यी चारवटै कथाहरू साहित्यको समाजशास्त्रीय मान्यता अनुरूप घटित हुन सक्ने देखिएका छन्। तसर्थ कोइरालाका यी कथाहरूको अध्ययन गर्दा यिनमा कथाकारको मूल प्रवृत्तिअनुरूप मनोसामाजिकता पाइए पनि यी कथाहरू साहित्य समाजशास्त्री तेनको युग-क्षण तथा परिवेशको जीवन्त प्रस्तुतिका आधारमा समेत विशिष्ट छन्।

### सन्दर्भसामग्री सूची

कोइराला. विश्वेश्वरप्रसाद (२०५०). *श्वेतभैरवी*. (दोस्रो सं.). ललितपुर : साझा प्रकाशन।

चौधरी. विजेता (२०७१). "विश्वेश्वरप्रसाद कोइरालाका कथामा मधेस चिन्तन". *हाम्रो पुरुषार्थः विश्वेश्वर विशेषाङ्क*. वर्ष ४१. सम्पूर्णाङ्क ६३. पृ. १३५-१४४।

छेत्री. उदय (२०६४). *समाजशास्त्रीय दृष्टिमा इन्द्रबादुर राईका उपन्यासहरू*. (अप्र.) विद्यावारिधि शोध ग्रन्थ. कीर्तिपुर : त्रि.वि. नेपाली केन्द्रीय विभाग।

जैन. निर्मला (सन् १९९२). *साहित्यका समाजशास्त्रीय चिन्तन*, (दोस्रो सं.). दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय।

ज्ञवाली. ज्ञाननिष्ठ (२०७१). "विश्वेश्वरप्रसाद कोइरालाको कथायात्रा र प्रवृत्ति". हाम्रो पुरुषार्थ : विश्वेश्वर विशेषाङ्क. वर्ष ४१. सम्पूर्णाङ्क ६३. पृ. ३५४-३६३।

पाण्डेय. मैनेजर (सन् १९८९). *साहित्यके समाजशास्त्रकी भूमिका*. चण्डीगढ : हरियाणा साहित्य अकादमी।

सुवेदी. राजेन्द्र (२०६९). "एलेन सिङ्गउडका मान्यता र साहित्यको समाजशास्त्र". *प्राज्ञिक संसार*. वर्ष १. अङ्क ६. पृ. ९-१३।

# साहित्यिक विधाहरुमा आञ्चलिकता

कृष्णप्रसाद सापकोटा, पिएचडी

त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

ksapkota917@gmail.com

**लेखसार**

नेपाली साहित्यमा देखिएका विभिन्न प्रवृत्तिहरूमध्ये आञ्चलिकता पनि एक हो। आञ्चलिक साहित्यमा आउने 'अञ्चल' विशेषलाई विशिष्टतालाई आधार बनाएर लेखिएको साहित्यलाई आञ्चलिक साहित्य भनिन्छ। 'अञ्चल' वा 'आञ्चलिक' शब्द नेपालको सन्दर्भमा राजनीतिमा पनि प्रयोग भएको पाइन्छ। राजनीतिक सन्दर्भमा 'अञ्चल' शब्दले बुझाउने अर्थ र साहित्यिक सन्दर्भमा बुझाउने अर्थमा भिन्नता रहेको हुन्छ। साहित्यमा आञ्चलिक साहित्यक कृतिले ओगटेको क्षेत्र विशेषलाई नै अञ्चल/क्षेत्र/प्रदेश भनिन्छ। अञ्चल/क्षेत्र/प्रदेशको भौगोलिक, सांस्कृतिक, सामाजिक, प्राकृतिक, राजनीतिक, आर्थिक, ऐतिहासिक, भाषिक आदि विशिष्टतालाई आधार बनाएर साहित्यिक कृतिको सिर्जना गर्न सकिन्छ। त्यसरी सिर्जित साहित्य नै आञ्चलिक साहित्य हो। आञ्चलिक साहित्यमा अञ्चलविशेषका विशिष्टताको यथार्थ रूपमा चित्रण वर्णन गरिएको हुन्छ। त्यस्तो चित्रण वर्णनबाट अञ्चलविशेषका विशिष्टतालाई बोध गर्न सकिन्छ। अञ्चल/क्षेत्र/प्रदेशविशेषका विशिष्टतालाई आधार बनाएर साहित्यिक कृतिको सिर्जना गरिएको हुन्छ। साहित्यमा देखिने कविता, कथा, नाटक, निबन्ध, उपन्यास आदि सबै विधामा आञ्चलिकता आउन सक्छन् र आञ्चलिक विशिष्टता वा तत्त्वहरूलाई साहित्यका सबै विधाहरूले पूर्ण वा समान रूपमा टिप्न सक्दैनन्। फुटकर कविता सानो विधा भएको हुनाले आञ्चलिकताका सबै तत्त्व यसमा अटाउन सक्दैन भने महाकाव्यमा सहज रूपमा सबै तत्त्व अटाउन सक्छन्। त्यसैले आञ्चलिकमान्यता अनुरूपका आञ्चलिक तत्त्व सबै तत्त्व अटाउन सक्छन्। त्यसैले आञ्चलिक मान्यताअनुरूपका आञ्चलिक तत्त्वहरूलाई सहज र सरल रूपमा साहित्यका कुनकुन विधाले बहन गर्न सक्छन् र कुनकुन विधाले सहज र सरल रूपमा बहन गर्न सक्दैनन् भन्ने कुराको चर्चा गर्दै आञ्चलिक साहित्यमा आञ्चलिक तत्त्वका रूपमा रहने भूगोल, संस्कृति, समाज, प्रकृति, राजनीति, आर्थिक, इतिहास, भाषाजस्ता कुराहरू साहित्यिक विधाहरूमा कसरी आउँछन्? तिनीहरूलाई साहित्यिका सबै विधाहरूले बहन गर्न सक्दछन् वा सक्दैनन् र तिनीहरू सबै विधामा समान किसिमले आएका हुन्छन् वा हुँदैनन् भन्ने कुराको चर्चा गर्दै निष्कर्षसमेत प्रस्तुत गरिएको छ।

सापकोटा नेपाली विषयको सह-प्राध्यापक हुनुहुन्छ।

शब्दसूची : आञ्चलिक, भूगोल, संस्कृति, परिवेश, वैशेषिकता, पर्यावरण, लोकतत्त्व, बिम्ब, भूखण्ड, सीमान्त ।

**विषय परिचय**

साहित्यका विभिन्न प्रकारका विधा र उपविधाहरू रहेका हुन्छन् । ती विधा र उपविधाहरूका पनि आ-आफ्नै विशेषताहरू रहेका हुन्छन् । विधा, उपविधा र प्रस्तुतिका शैलीहरू पनि आ-आफ्नै वा भिन्ना-भिन्नै रहेका हुन्छन् । विषयवस्तुको आयाम र प्रस्तुति भिन्नै हुने हुनाले कुन विधामा के-कसरी आञ्चलिकता आउँछ भन्ने कुराको जानकारी हुनु सान्दर्भिक र आवश्यक हुन्छ । साहित्यका विधाहरूमा आञ्चलिकता कसरी घटित हुन्छ भन्ने कुराको विस्तृत चर्चा भएको पाइँदैन । आञ्चलिकताका लागि उपन्यास विधा नै सर्वमान्यजस्तो देखिए पनि यहाँ अन्य विधा र आञ्चलिकताको सम्बन्धमा सामान्य चर्चा गर्नु सान्दर्भिक नै ठहर्छ ।

साहित्यका विभिन्न प्रवृत्तिहरूमध्ये आञ्चलिकता पनि एउटा हो । अञ्चलका विशेषताहरूलाई स्पष्ट पार्ने प्रवृत्तिलाई आञ्चलिकता भनिन्छ । विशेषतः सामान्य मानिस होस् वा विशिष्ट मानिस होस् ऊ कुनै अञ्चल वा क्षेत्रविशेषमा जन्मेको वा हुर्किएको हुन्छ । आफू जन्मिएको वा हुर्किएको तथा आफूले देखेको, जानेको, भोगेको वा अनुभव गरेको प्राकृतिक, सामाजिक तथा सांस्कृतिक वातावरणले मान्छेलाई कुनै न कुनै रूपमा प्रभाव पारेको हुन्छ । त्यस्तो प्रभाव साहित्यकारमा पनि परेको हुन्छ । एउटा साहित्यकार आफ्ना पछिल्ला दिनहरूमा जुनसुकै ठाउँमा रहे, बसे पनि आफू जन्मिएको, हुर्किएको वा आफूले देखे, जानेको देश, काल र परिवेशबाट पृथक् रहन सक्दैन । त्यसको प्रभाव कुनै न कुनै रूपमा साहित्यमा पर्दछ । त्यसरी आफू जन्मिएको, हुर्किएको वा आफूले देखे, जानेको ठाउँप्रति मान्छेको आकर्षण र श्रद्धा रहेको हुन्छ । त्यही आकर्षण र श्रद्धाका कारणले साहित्यकारलाई आञ्चलिक लेखनतिर आकर्षित गर्दछ र आञ्चलिक साहित्यको जन्म हुन पुग्दछ । यसै सन्दर्भमा इन्द्रबहादुर राईले नेपाली उपन्यासका आधारहरू भन्ने कृतिमा आञ्चलिकताको चर्चा गर्ने क्रममा खोलैपछिको पानी भिन्दै मीठो र माछा भिन्दै रसिलो हुन्छ र वैशिषकताले डाक्दछ (राई. २०६७. पृ. १५८) भन्नुले पनि आञ्चलिकताको लेखनतिर साहित्यकार कसरी आकर्षित हुन्छ र आञ्चलिक साहित्यको जन्म कसरी हुन पुग्दछ भन्ने कुरालाई बुझ्न सकिन्छ । आञ्चलिक साहित्यले विशेषतः अञ्चल वा क्षेत्रविशेषका भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, प्राकृतिक, भाषिक विशेषतालाई उजागर गरेको हुन्छ । क्षेत्र विशेषका भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, ऐतिहासिक, प्राकृतिक, भाषिक विशेषताहरू पनि अलग-अलग हुन्छन् । यसो हुनुमा साहित्यकारले आफ्नो जन्मथलो होस् वा कर्मथलो जुनसुकै भए पनि त्यसलाई चिनाउने, त्यहाँ भएका संस्कृति, विकृतिलाई देखाउने र त्यसमा सुधार ल्याउने, त्यसको प्रचार-प्रसार गर्ने उद्देश्यअनुरूप साहित्यकार आञ्चलिक लेखनतर्फ आकर्षित भएको हुन्छ । यस्तो परम्परा पनि सबै मुलुकमा समान देखिँदैन । इन्साइक्लोपेडिया अफ द सोसल साइन्समा मान्छेले आफ्नो स्थानमा वर्चस्व जमाउने र त्यस स्थानको विकास र बचावट गर्ने उच्च

अभिलाषाका कारणले गर्दा नै आञ्चलिकताको जन्म हुन्छ भन्ने उल्लेख हुनुले मान्छेमा आफ्नो ठाउँ, आफ्नो क्षेत्र तथा आफ्नो अनुभव भन्ने कुराले छुट्टै महत्त्व राख्दछ र आञ्चलिकताको जन्म हुन्छ भन्ने स्पष्ट हुन्छ। त्यस्तै गरे बदरीदासले भारतको आफ्नै प्रकारको विशिष्ट भौगोलिक स्थिति, विशिष्ट सांस्कृतिक पक्ष, विशिष्ट जातिगत विविधता र आधुनिक औद्योगिक समस्याप्रतिको असन्तोषले आञ्चलिक साहित्यको जन्म भएको हो (बदरीदास, सन्‌१९६९. पृ. ३६८) भन्नुले भारत र नेपालका कतिपय भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, ऐतिहासिक, प्राकृतिक, भाषिक आदि पक्षमा समानता भए पनि कतिपय पक्षमा भने असमानता रहेको देखिन्छ। यही असमानताका कारणले गर्दा भारतको भन्दा नेपालको आञ्चलिक परिवेशमा भिन्नता रहेको पाइन्छ। ऋषिराज बरालले आञ्चलिक साहित्यका सन्दर्भमा यसो भनेका छन् :

> *नेपाली साहित्यमा विशेष स्थानको आर्थिक, सांस्कृतिक र मानव जीवनको परिचय दिने सन्दर्भमा यथार्थवादको परम्परागत मान्यतालाई आत्मसात् गर्दै उपन्यासमार्फत् आञ्चलिकताको थालनी भएको हो । त्यसरी नै जन्मथलोप्रतिको प्रेम, मानवतावादी सोच र विश्व साहित्यका नवीन सिद्धान्तलाई प्रयोग गरेर नयाँ विशेषता प्रस्तुत गर्ने सन्दर्भमा आञ्चलिक लेखनको उदय भएको हो (बराल. २०५४. पृ. ४५-५२)।*

बरालका अनुसार नेपालमा आञ्चलिक साहित्यको लेखनकार्य उपन्यासबाट प्रारम्भ भएको भए पनि यो अन्य साहित्यमा पनि आउन सक्ने कुराको सङ्केत मिल्दछ। अझ विशेषतः जुनसुकै विधा वा उपविधामा आञ्चलिकता आए पनि विशेषतः जन्मथलोप्रतिको प्रेम, मानवतावादी सोच र नवीन मान्यतालाई प्रयोग गर्ने सन्दर्भमा आएको भन्ने रहेको पाइन्छ। आञ्चलिक साहित्यका सन्दर्भमा धनप्रसाद सुवेदीको धारणा यस प्रकारको रहेको पाइन्छ :

> *मान्छे आफू जन्मे, हुर्केको र रहे-बसेको ठाउँ र समाजका प्रकृति एवम् संस्कृतिबाट प्रभावित हुने गर्दछ। कुनै विशेष ठाउँ, जाति, संस्कृति आदिले मान्छेलाई प्रभाव पार्दछ। आफ्नो वरपरको पर्यावरण, कुनै पिछडिएको क्षेत्र, जाति, संस्कृतिले साहित्यकार, कलाकार, समाजशास्त्री, दार्शनिक, राजनीतिज्ञ, अर्थशास्त्री, वैज्ञानिक, योजनाकारहरूलाई प्रभाव पारेको हुन्छ । आञ्चलिकताको लेखन सिद्धान्त वा मान्यता यसैको उपज हो (सुवेदी. २०६८. पृ. १८)।*

सुवेदीका अनुसार आञ्चलिकताको लेखन मूलतः आफू जन्मे, हुर्केको ठाउँ विशेषको माया, मोहका कारणले सिर्जित हुन्छ। आफ्नो ठाउँले कुनै पनि व्यक्तिविशेषलाई प्रभावित पार्ने क्रममा आञ्चलिक साहित्य लेखिन्छ। त्यो जुनसुकै विधामा पनि र जुनसुकै क्षेत्रमा पनि पोखिन सक्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ।

आञ्चलिक साहित्यका जुनसुकै विधामा भन्दा पनि बृहद् आकार भएका विधामा सहजै आउन सक्दछ। यस आकारका विधाले अञ्चलविशेषका विशिष्टतालाई सहजै टिप्न सक्दछ । साना आकारका साहित्यिक कृतिमा आञ्चलिकताका सबै विशिष्टता अटाउन नसक्ने हुनाले एकाध विशिष्टतालाई तिनीहरूले झल्काउन सक्दछन्। आञ्चलिकताका सम्बन्धमा कृष्णप्रसाद सापकोटाले भनेका छन् :

*कुनै निश्चित क्षेत्रविशेषका भौगोलिक, सांस्कृतिक, सामाजिक, राजनीतिक, आर्थिक, ऐतिहासिक, भाषिक आदि विशेषता जुन अर्को अञ्चल वा क्षेत्रको भन्दा भिन्न विशेषताको वर्णनबाट देखापर्ने गुण वा विशेषताको समष्टिगत स्वरूपलाई नै आञ्चलिकता भनिन्छ। यसमा क्षेत्रविशेषका विविध पक्ष नै मुख्य विषय भएर प्रकट हुन्छन् । त्यही मुख्य विषयलाई नै प्रमुख उद्देश्य बनाएर प्रस्तुत गरिने साहित्यलाई नै आञ्चलिकता भनिन्छ (सापकोटा. २०७४. पृ. ३७)।*

सापकोटाका अनुसार आञ्चलिक साहित्यले अञ्चलविशेषका विविध विशेषतालाई समेटेको हुन्छ। त्यही विशेषता नै मुख्य विषय भएर आउने साहित्यलाई नै यथार्थमा आञ्चलिक साहित्य भनिन्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ। आञ्चलिकताका विभिन्न प्रकारका परिभाषा र मान्यतालाई हेर्दा आञ्चलिकता जुनसुकै विधा, उपविधामा आउन सक्ने देखिन्छ । मूलतः आञ्चलिकताको लेखन जन्मभूमिको माया, ममताका कारणबाट हुन्छ । मान्छेले आफू जन्मे-हुर्केको, आफूले खेले-बढेको ठाउँको विकास होस्, त्यसको परिचय सबैले पाऊन् भन्ने चाहेको हुन्छ। त्यही चाहनाको फलस्वरूप आञ्चलिक साहित्यको जन्म हुन्छ । यसरी लेखिने आञ्चलिक साहित्यको मुख्य विषय अञ्चल हुने गर्दछ। अञ्चल विशेषमा समाज, संस्कृति, लोकतत्त्व, राजनीति, आर्थिक, ऐतिहासिक, प्राकृतिक, भाषिक आदि पक्षमध्ये कुनै पक्षलाई विशेष महत्त्व दिएर वा कुनै पक्षलाई कम महत्त्व दिएर भए पनि लेखिने साहित्य आञ्चलिक साहित्य हो । यो साहित्यका विधा, उपविधामा कसरी घटित हुन्छ भन्ने कुराको चर्चा गर्नु सान्दर्भिक नै हुन जान्छ।

## कवितामा आञ्चलिकता

साहित्यका सबै विधा वा उपविधामा आञ्चलिकता आएको हुन्छ वा आञ्चलिकताका सबै गुणलाई साहित्यका सबै विधा वा उपविधाले बहन गर्न सक्दछन् भन्ने कुरा देखिँदैन। आञ्चलिकताको सैद्धान्तिक आधारलाई हेर्दा पनि साहित्यका उपविधामा आञ्चलिक विशेषता अटाउन सक्ने परिवेश देखिँदैन। कविता विधाअन्तर्गतका खण्डकाव्य र महाकाव्यमा कथानक रहने भएकाले आञ्चलिकताका विशेषतालाई अटाउन सक्ने क्षमता यिनीहरूमा रहेको हुन्छ भने मुक्तक, हाइकु, फुटकर कविता, गजलजस्ता लघु विधामा आख्यान नहुने हुनाले आञ्चलिकताका विशेषतालाई यिनीहरूले बहन गर्न सक्ने देखिँदैन । आञ्चलिकताका सन्दर्भमा सिंहले कविता विधाअन्तर्गतको महाकाव्यले आञ्चलिकताका विशेषतालाई बोक्न सक्ने र महाकाव्यले जीवन जगत्का भोगाइका सम्पूर्ण पक्षलाई समेट्न सक्ने भएकाले महाकाव्यमा अञ्चलविशेषका विशिष्टतालाई देखाउन सकिन्छ (सिंह. सन् १९८६. पृ. ६०) भन्नुले पनि आञ्चलिक विशिष्टतालाई बोक्न कविताअन्तर्गतको महाकाव्य विधा सक्षम हुन्छ अन्य हुँदैन भन्ने बुझिन्छ। जवाहर सिंहले कविता विधाअन्तर्गतको महाकाव्यले सहज र सम्पूर्ण आञ्चलिक विशेषतालाई बहन गर्न सक्ने कुराको उल्लेख गरे तापनि कतिपय समालोचकहरूले महाकाव्यले त आञ्चलिकता बोक्न सक्षम छ नै। खण्डकाव्यले पनि आञ्चलिक विशिष्टतालाई देखाउन सक्छ भन्ने मान्यता राखेको पाइन्छ। खण्डकाव्य

साहित्य वा कविताको मझौलो रूप भएको कृति हुनाले यसमा जीवन जगत्का सम्पूर्ण पक्षको चित्रण नभएर एउटा विशिष्ट पक्षको चित्रण हुने भएकाले यसमा आञ्चलिकताका सबै पक्ष वा अञ्चल विशेषका सबै पक्षमध्ये प्रमुख पक्षलाई चित्रण गर्न सकिन्छ। कविता विधाअन्तर्गत आञ्चलिकताका विशेषतालाई महाकाव्यले सम्पूर्ण रूपमा र खण्डकाव्यले कुनै एक पक्षलाई चित्रण गर्न सक्दछन् भने कविताका लघु रूपमा रहने मुक्तक, हाइकु, फुटकर कविता, गजल जस्ता लघु विधामा आख्यान नहुने हुनाले आञ्चलिक विशेषता नहुने देखिन्छ। कविताको मझौला रूप खण्डकाव्य र बृहत् रूप महाकाव्यमा आञ्चलिकता आएको हुन्छ वा देखाउन सकिन्छ।

### कथामा आञ्चलिकता

आख्यान विधाअन्तर्गतको कथा पनि साहित्यको मझौला रूप भएको विधा हो। कवितामा मझौला रूप भएको खण्डकाव्यलाई मानिन्छ भने आख्यानमा कथालाई मानिन्छ। कविताको खण्डकाव्यमा जसरी नै कथामा पनि जीवन भोगाइका सम्पूर्ण पक्षको चित्रण नभएर एउटा महत्त्वपूर्ण पक्षको मात्र चित्रण हुने हुनाले अञ्चल विशेषका विशिष्टतामध्ये प्रमुख विशिष्टतालाई कथामा चर्चा गर्न सकिने भए पनि कविताको खण्डकाव्यमा भन्दा आञ्चलिक विशिष्टता कथामा बढी झल्किएको पाइन्छ। वर्तमान परिवेशमा आएका साहित्यिक विधा, उपविधामा देखिएका र आञ्चलिक भएका कृतिहरूको तुलनात्मक अध्ययन गर्ने हो भने पनि आञ्चलिक खण्डकाव्यको तुलनामा आञ्चलिक कथा नै बढी लेखिएको र चर्चा गरिएको भेटिन्छ। यसरी पनि आञ्चलिकताको लागि कविताभन्दा आख्यान विधा नै उपयुक्त हो भन्ने कुराको ज्ञान हुन्छ भने खण्डकाव्यभन्दा कथा नै उपयुक्त मानिएको महसुस हुन्छ। यसै सन्दर्भमा सिंहले आञ्चलिकताका लागि आख्यान विधा (उपन्यास र कथा) नै महत्त्वपूर्ण मानिन्छ, जसले अञ्चल विशेषका विशेषताहरूलाई सहजै टिप्न सक्दछन् (सिंह. सन् १९८६. पृ. ६८) भन्नुले पनि खण्डकाव्यका तुलनामा कथामा वा कविताका तुलनामा आख्यानमा आञ्चलिक विशेषताहरू बढी सहज र स्पष्ट हुन सक्दछन् भन्ने बुझिन्छ। यसरी अञ्चल विशेषका विशिष्टतालाई टिप्न अन्य विधाका तुलनामा उपन्यास र कथा सरल, सफल र सक्षम देखिन्छन्। हुन पनि आजसम्मका सिर्जनामा आञ्चलिकताका प्रवृत्तिको प्रयोग मुख्यतः उपन्यास र कथामा नै बढी गरिन्छ।

### नाटकमा आञ्चलिकता

दृश्य विधाअन्तर्गतका एकाङ्की र पूर्णाङ्की वा नाटकमा पनि आञ्चलिक विशिष्टता आउन सक्छ। कविताको मझौलो रूप खण्डकाव्य, आख्यानको कथाजस्तै एकाङ्कीमा पनि जीवन भोगाइका सम्पूर्ण पक्षको चित्रण नभएर महत्त्वपूर्ण पक्षको मात्र चित्रण हुने भएकाले अञ्चल विशेषका विशिष्टतामध्ये एक प्रमुख विशिष्टताको चर्चा गर्न सकिन्छ। पूर्णाङ्कीमा जीवन भोगाइका सम्पूर्ण पक्षको चित्रण हुन सक्ने भएकाले आञ्चलिक विशेषतालाई पूर्णाङ्की नाटकले बहन गर्न सक्ने देखिन्छ। साहित्यको सुरु-सुरुको अवस्थामा जीवनको साङ्गोपाङ्गोको चित्रण

महाकाव्य र नाटकमा हुने गरेको भए पनि पछिल्लो समयमा आइपुग्दा यी विधाहरूको लेखनमा केही कमी आएको र यिनीहरूको ठाउँ पनि उपन्यासले लिएको पाइन्छ। शर्माले उपन्यासले सजिलै महाकाव्य, नाटक, कथा, निबन्ध आदि विधाहरूलाई आत्मसात् गर्छ र ती विधालाई आफ्ना ढाँचामा ढाल्न सक्दछ (शर्मा. २०६३. पृ. ४५१) भनेका छन्। उनका अनुसार महाकाव्य, नाटक, कथा, निबन्ध आदि विधाको ठाउँ उपन्यासले लिएको र तिनीहरूलाई आफूमा नै समाहित गर्न सक्ने विधा उपन्यास भएकाले आञ्चलिक विशेषतालाई सहजै बहन गर्न सक्ने विधा उपन्यास नै हो भने पनि आञ्चलिकताका लागि उपयुक्त विधा उपन्यास हो तापनि महाकाव्य, नाटक आदिमा पनि आञ्चलिक विशेषताका रूपमा रहने भूगोल, समाज, संस्कृति, राजनीति, आर्थिक, ऐतिहासिक, प्रकृति, भाषा आदि आउन सक्छन् र यिनीहरूले पनि बहन गर्न सक्छन्। कथा, एकाङ्कीमा भने आञ्चलिकताका सबै विशेषता नरहेर एउटा महत्त्वपूर्ण पक्षको चित्रण हुन सक्दछ। वर्तमान सन्दर्भमा उपन्यासपछि आञ्चलिकतालाई विषय बनाएर लेखिएको विधामा कथा देखापरेको पाइन्छ। त्यसैले पनि आञ्चलिकताको लागि उपयुक्त परिवेश भएका साहित्यिक विधामा आख्यान विधा नै अगाडि रहेको देखिन्छ।

**निबन्धमा आञ्चलिकता**

निबन्ध आत्मपरक वा वस्तुपरक हुन्छ। आत्मपरक निबन्धमा व्यक्तिविशेषका अनुभूति तथा भोगाइहरूले महत्त्वपूर्ण स्थान पाएका हुन्छन्। जीवनका अनुभूति र भोगाइ निबन्धमा आउने भएकाले आञ्चलिकताका केही गुण र अभिलक्षण निबन्धमा पनि रहेका हुन्छन्। आत्मपरकतामा भन्दा वस्तुपरक निबन्धमा त कुनै स्थान विशेषका बिम्बहरू विषयसमेत बनेका हुन्छन्। आख्यानेतर रचनामध्ये आञ्चलिकताका गुण निबन्धमा केही वस्तुगत रूपमा प्राप्त गर्न सकिन्छ (ओस्वी. सन्१९९६. पृ.१९७)। यिनका अनुसार केही रूपमा भए पनि आञ्चलिकताका गुणहरू निबन्धमा पनि रहन सक्छन् भन्ने दृष्टिकोण देखिन्छ। निबन्धलाई आञ्चलिकताका दृष्टिले उर्वर विधाका रूपमा लिन सकिने नभए पनि र आख्यान विधामा जस्तो आञ्चलिकताको सघनता निबन्धमा नरहे पनि आञ्चलिकताका केही तत्त्व निबन्धमा पनि रहन सक्छन्। अझ विशेष रूपमा भन्ने हो भने वर्णनात्मकता प्रधान भएका निबन्धहरू आञ्चलिकताका दृष्टिले बढी उल्लेखनीय मानिए पनि आञ्चलिकताका लागि ज्यादै सबल र सफल विधाका रूपमा आख्यानलाई लिन सकिन्छ र आख्यानमा पनि उपन्यासलाई मानेको पाइन्छ।

**उपन्यासमा आञ्चलिकता**

सामान्यतः उपन्यास र आञ्चलिकता बीच नजिकको सम्बन्ध छ भन्ने कुराको चर्चा माथि नै भइसकेको पनि छ। आञ्चलिक उपन्यासको प्रमुख पहिचान अञ्चल हो। आञ्चलिक उपन्यास आख्यानको वंशज हुने हुनाले कथात्मक भएर उपन्यास हुन्छ भने अञ्चलको जीवन-जगत्को नै विषय हुने हुँदा स्थानिक भएर आञ्चलिक हुन्छ (शर्मा. २०६८. पृ. ४४)। शर्माका अनुसार कुनै स्थान वा क्षेत्र विशेषका बारेमा लेखिएको साहित्य आञ्चलिक

हुन्छ भन्ने धारणा रहेको पाइन्छ। आञ्चलिक उपन्यास शब्द अङ्ग्रेजीको रिजनल नोभेलको नेपाली रूपान्तरण हो। उपन्यासले मानव र मानवेतर, भूगोल, समाज, प्रकृति, रीतिस्थिति, इतिहास, भाषा आदिका साथै मानव जीवनका उतार-चढाव, सङ्गति, असङ्गति आदिको व्यापक र प्रभावकारी तरिकाले चित्रण गर्दछ (राग्रा. सन् १९८६. पृ. ८३)। उनका अनुसार उपन्यास गद्यमा लेखिने विशाल आकार-प्रकार भएको आख्यान विधा हो। यसले अञ्चल विशेषका भूगोल, समाज, संस्कृति, राजनीति, आर्थिक, ऐतिहासिक, भाषिक आदि आञ्चलिक विशिष्टतालाई सहजै आफूभित्र समाहित गर्न सक्छ भन्ने दृष्टिकोण रहेको पाइन्छ।

सामान्यतः साहित्यका विभिन्न विधाहरूमा आञ्चलिक विशिष्टतालाई सहजै बहन गर्न सक्ने विधा उपन्यास नै हो। अझ विशेष रूपमा भन्ने हो भने आञ्चलिक विशेषतालाई उपन्यासले जसरी अरू विधाले विभिन्न कारणले बहन गर्न सकेको पाइँदैन। जैनले उपन्यासबाट नै आञ्चलिकताको प्रारम्भ भएको हो र उपन्यासले मात्र आञ्चलिकताका प्रवृत्तिलाई वहन गर्न सक्छ (जैन. सन् १९७६. पृ. ३-७) भनेकी छन्। उनले यसो भन्नुको कारण उपन्यासबाट नै आञ्चलिकताको प्रारम्भ भएको र आञ्चलिकताको विशेष चर्चा उपन्यास विधामा हुने हुनाले पनि हुनसक्छ। आञ्चलिकताका लागि सबैभन्दा महत्त्वपूर्ण विधा उपन्यास हो भन्ने क्रममा मोहनराज शर्माले भनेका छन् :

> *अञ्चलका सबै विशेषताहरूको पूर्ण चित्रण भने उपन्यास र उपन्यासका समकक्षी विधाहरू महाकाव्य र पूर्णाङ्की नाटकमा मात्र सम्भव हुने देखिन्छ। यसमा पनि उपन्यासमा साहित्यका अरू सबै रूपहरू समाहित हुनसक्ने र यो विधा साहित्यका नियम वा बन्धनहरूबाट धेरै खुकुलो भई साहित्यको विराट् रूप बन्न सक्ने देखिएकाले उपन्यास नै आञ्चलिकताका लागि सबैभन्दा उर्वर विधा हुने देखिन्छ (शर्मा. २०६३. पृ. ४५१)।*

शर्माका अनुसार उपन्यासमा जस्तै आञ्चलिकताको विशिष्टतालाई महाकाव्य र पूर्णाङ्की नाटकमा पनि देखाउन सकिने भए पनि उपन्यास नै उपयुक्त हुने कुराको दृष्टिकोण राखेको पाइन्छ। उपन्यासमा आञ्चलिकताका सबै विशेषता सहजै अटाउन सक्छन् र सहज रूपमा चित्रण गर्न पनि सकिन्छ।

## निष्कर्ष

साहित्यका विभिन्न विधाहरूमा आञ्चलिक विशिष्टता आएको हुन्छ। कविता विधाअन्तर्गतका खण्डकाव्य र महाकाव्यमा पनि आञ्चलिक विशिष्टता आउन सक्छन्। खण्डकाव्यमा आञ्चलिक विशेषतामध्ये कुनै एउटा विशेषताको र महाकाव्यमा आञ्चलिक सबै विशेषताको चर्चा गर्न सकिन्छ भने एकाङ्कीमा पनि एउटा विशेषताको र पूर्णाङ्की नाटकमा सबै विशेषतालाई देखाउन सकिन्छ। निबन्धमा पनि केही रूपमा आञ्चलिक विशेषता आउन सक्छ। सबै विधामा आञ्चलिक विशेषता कुनै न कुनै रूपमा आउन सक्ने भए पनि कथा र उपन्यासलाई छोडेर अन्य साहित्यिक विधाहरूमा आञ्चलिकता त्यति आएको वा चर्चा भएको पाइँदैन। आञ्चलिक प्रवृत्तिलाई बहन

गर्ने विधाका रूपमा आख्यान विधा रहेको छ। आञ्चलिक मान्यता अनुरूप केही कथाहरू लेखिएका पनि छन् भने उपन्यासहरू प्रशस्त मात्रामा लेखिएको देखिन्छ। कथा र उपन्यासले नै यो मान्यतालाई उचाइमा पुऱ्याउने कार्य पनि गरेका छन्। यसैले आञ्चलिकताका कोणबाट साहित्यका विभिन्न विधाहरूलाई हेर्दा आञ्चलिकताका केही विशेषतालाई कथाले र सम्पूर्ण विशिष्टतालाई सहज रूपमा उपन्यासले बहन गरेको पाइन्छ। आजसम्मको अध्ययनले पनि यसै कुरालाई प्रमाणित गरेको छ।

### सन्दर्भसामग्री


ओस्वी. इयान. (सन् १९९६). *लिटरेचल इङ्लिस*. क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटि प्रेस।

(सन् १९६३). *इन्साइक्लोपेडिया अफ द सोसल साइन्स*. (भोलुम १३). न्यूवर्क : म्यासमिलियन कम्पनी।

जैन. नगिना. (सन् १९७६). *आञ्चलिक और हिन्दी उपन्यास*. नयी दिल्ली : अक्षर प्रकाशन।

बदरीदास. (सन् १९६९). *हिन्दी उपन्यास पृष्ठभूमि और परम्परा*. कानपुर : ग्रन्थम्।

बराल. ऋषिराज (२०५४). "आञ्चलिकता, स्थानीय रङ्ग र नेपाली उपन्यास". *मिमिरे*. वर्ष. १४६ : ४५-५४।

राई. इन्द्रबहादुर (२०६७). *नेपाली उपन्यासका आधारहरू*. काठमाडौँ : साझा प्रकाशन।

राग्रा. रणबीर (सन् १९८६). *समकालीन हिन्दी उपन्यासों की भूमिका*. दिल्ली : जगतराम एण्ड सन्स।

शर्मा. मोहनराज (२०६३). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*. (दो.सं.). काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

................ (२०६८). "नेपाली उपन्यासमा आञ्चलिकता". *समकालीन साहित्य*. १.६७ : ५५-५६।

श्रेष्ठ. शर्मा. दयाराम र मोहनराज (२०३४). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास*. ललितपुर : साझा प्रकाशन।

सापकोटा. कृष्णप्रसाद (२०७४). *ध्रुवचन्द्र गौतमका उपन्यासमा आञ्चलिकता*. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. काठमाडौँ : त्रिभुवन विश्वविद्यालय।

सिंह. जवाहर (सन् १९८६). *हिन्दी के आञ्चलिक उपन्यासों की शिल्पविधि*. नयी दिल्ली : नेसनल पब्लिसिंग हाउस।

सुवेदी. धनप्रसाद (२०६८). *नेपाली आञ्चलिक उपन्यासका प्रवृत्ति*. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. काठमाडौँ : त्रिभुवन विश्वविद्यालय।

# पात्रविधानका कोणबाट चन्द्रवदन कथाको अध्ययन

रमेश प्रभात, दर्शनाचार्य
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर
rameshprabhat29@gmail.com, ramesh@bmc.edu.com

**लेखसार**

*प्रस्तुत अध्ययन कथाको पात्रविधानसँग सम्बन्धित छ। पात्रविधान कथाको विश्लेषण गर्ने नवीन अवधारणा हो। यस अध्ययनमा चन्द्रवदन कथामा प्रयुक्त पात्रहरूको खोजी गरिएको छ। ती पात्रहरूमध्ये प्रमुख पात्र चन्द्रवदनलाई पात्रविधानका कोणबाट विश्लेषण गर्दै संरचनात्मक आधार र चारित्रिक विभेदक अभिलक्षणका आधारमा चर्चा गरिएको छ। यसरी पात्रविधानका आधारमा चन्द्रवदन कथाको विश्लेषण यस अध्ययनमा गरिएको छ।*

**शब्दसूची** : पात्रविधान, संरचनात्मक आधार, जीवनचेतना, आसन्नता, आबद्धता, चारित्रिक विभेदक अभिलक्षण।

## विषय परिचय

'चन्द्रवदन' (१९९२) कथा शारदा पत्रिकामा पहिलो चोटि प्रकाशित र विश्वेश्वरप्रसाद कोइरालाका कथा (२०५०) मा सङ्कलित एक उत्कृष्ट नेपाली फुटकर कथा हो। नेपाली कथाका क्षेत्रमा मनोविज्ञानको प्रारम्भ गर्ने श्रेय प्राप्त यस कथाका रचनाकार विश्वेश्वरप्रसाद कोइराला (१९७१–२०३९) हुन्। आख्यानकार कोइराला नेपाली गद्य साहित्यअन्तर्गत कथा, उपन्यास र संस्मरणका क्षेत्रमा समेत सुपरिचित स्रष्टा हुन्। उनका दोषी चश्मा (२००६) र श्वेतभैरवी (२०३९) गरी दुईवटा कथासङ्ग्रहहरू प्रकाशित छन्। त्यस्तै आख्यान विधाअन्तर्गत उनका तीनघुम्ती (२०२५), नरेन्द्रदाइ (२०२६), सुम्निमा (२०२७), मोदिआइन (२०३६), हिटलर र यहुदी (२०४०) तथा बाबु आमा र छोरा (२०४५) गरी छवटा उपन्यासहरू प्रकाशित छन्। यसबाहेक कृतिगत रूपमा उनका आ नो कथा (२०३९), जेल जर्नल (२०५१) र आत्मवृत्तान्त (२०५४) गरी तीनवटा संस्मरणात्मक कृतिहरू र विश्वेश्वरप्रसाद कोइरालाका कविता (२०५४) नामक कवितासङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ। नेपाली साहित्यका विविध विधाका सर्जक कोइराला मूलतः मनोवैज्ञानिक आख्यानकार हुन्।

पात्रविधान पदले पात्रहरूको विन्यास भन्ने कुरालाई जनाउँछ। यसभित्र रहेका दुई शब्दहरूमध्ये पात्रले सहभागी विधानले त्यसको विन्यास वा व्यवस्थापनलाई बुझाउँछ। जुनसुकै आख्यानात्मक कृतिमा पात्रको उपस्थिति अनिवार्य

*प्रभात नेपाली विषयका उप-प्राध्यापक हुनुहुन्छ।*

हुन्छ। खासगरी आख्यानात्मक कृतिहरूमा गरिने पात्रहरूको चयन, भूमिकानिर्धारण र व्यवस्थापन नै पात्रविधान हो। यहाँ कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' कथामा प्रयुक्त पात्रविधानको अध्ययन गरिएको छ।

## पात्रविधानको सैद्धान्तिक अवधारणा

आख्यान प्रयोगका दृष्टिले साहित्यमा आख्यानात्मक विधा र आख्यानेतर विधा गरी दुई विधा रहेका छन् । साहित्यको आख्यानात्मक विधाअन्तर्गत खास गरी आख्यानका कथा र उपन्यास तथा अभिनयसँग सम्बन्धित नाटक विधा पर्दछन् । आख्यानेतर विधाअन्तर्गत कविता र निबन्ध विधा पर्दछन् । कविता विधाका पनि आयामका आधारमा मझौला र बृहत् रूप अर्थात् खण्डकाव्य र महाकाव्य आख्यानात्मक रचना हुन् । यसरी साहित्यका जुनजुन विधामा आख्यानको प्रयोग हुन्छ, ती सबै विधामा घटना, पात्र र परिवेशजस्ता तत्त्वहरू अनिवार्य रूपमा रहेका हुन्छन् । आख्यानात्मक कृतिमा जेजति घटना हुन्छन् ती सबै पात्र वा सहभागीकै माध्यमबाट घट्ने गर्दछन् । त्यस्तै पात्रले जेजस्ता घटनाहरू घटाउने गर्दछन्, ती सबै पात्रले बेहोरेको परिवेशका कारण घट्ने गर्दछन् । त्यसैले आख्यानात्मक रचनामा सहभागीको भूमिका महत्त्वपूर्ण भएको हो । आख्यानकारले आख्यानमा जीवनजगत्सम्बन्धी कुनै घटना, कार्य वा विषय, विचार आदिलाई प्रस्तुत गर्नका लागि खडा गरेको व्यक्ति नै सहभागी हो । आख्यानात्मक कृतिले सहभागीका अभावमा कुनै संरचना प्राप्त गर्न नसक्ने भएकाले तिनमा चरित्र वा पात्रलाई उपस्थित गर्नु आवश्यक हुन्छ। यसरी आख्यानात्मक कृतिभित्र ती पात्र वा सहभागीका काम, स्वभाव, विचार, प्रवृत्ति आदिका दृष्टिले तिनका चरित्रको जेजस्तो चित्रण गरिएको हुन्छ, त्यही नै सम्बन्धित आख्यानात्मक कृतिको पात्रविधान हो ।

सामान्यतया साहित्यिक कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्र नै सहभागी हो । यस्ता सहभागी वा पात्रको संरचनात्मक स्थितिलाई समालोचक मोहनराज शर्माले लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गीय र व्यक्ति, आसन्नताका आधारमा नेपथ्य र मञ्च तथा आबद्धताका आधारमा बद्ध र मुक्त (शर्मा. २०४८. पृ. ७२ ) गरी विभाजन गरेका छन् । यहाँ संरचनात्मक आधारमा विश्लेषण गर्न तिनै बुँदाहरूलाई निम्नानुसार लिइएको छ :

(१) लिङ्गका दृष्टिले पुरुष र स्त्री
(२) कार्यका दृष्टिले प्रमुख, सहायक र गौण
(३) प्रवृत्तिका दृष्टिले अनुकूल र प्रतिकूल
(४) स्वभावका दृष्टिले गतिशील र गतिहीन

(५) जीवनचेतनाका दृष्टिले व्यक्तिगत र वर्गगत

(६) आसन्नताका दृष्टिले मञ्चीय र नेपथ्य

(७) आबद्धताका दृष्टिले बद्ध र मुक्त।

त्यस्तै चारित्रिक विभेदक अभिलक्षणका आधारमा पात्रविधानको विश्लेषण गर्नका लागि प्रस्तुत 'चन्द्रवदन' कथाबाट मुख्यमुख्य पात्रका कार्यकलापसँग सम्बद्ध तथ्याङ्कलाई आधार मानिएको छ।

**'चन्द्रवदन' कथाको कथानक**

प्रस्तुत 'चन्द्रवदन' कथा छोटो आयाम भएको कथा हो। यसमा एउटी उन्नाईस वर्षीय विवाहित युवती चन्द्रवदनका सामान्य दिनचर्याको चर्चा गरिएको छ। ऊ बस्ने ठाउँका बारेमा कथाले प्रस्ट नपारे पनि लगभग सहरिया परिवेश भन्ने छनक पाइन्छ। यस कथाको मुख्य पात्र चन्द्रवदनको दिनचर्या एकोहोरो खालको र पट्यार लाग्दो किसिमले बित्ने गरेको चर्चा कथामा पाइन्छ। उसको लोग्ने जेल परेकाले उसको दिनभरको काम नै खाना पकाउनु, खानु, सरसफाइ गर्नु, कोरीबाटी गर्नु र आफ्नी तीन वर्षकी छोरीको हेरचाह गर्नुमा सीमित देखिन्छ। ऊ छिमेकमा गएर गफ गर्ने गर्दिन। ऊ बार्दलीमा बसेर बाहिर हेर्ने गर्छे, सोही क्रममा छिमेकमा बस्न आएको जुल्फीवाला गुन्डाजस्तो देखिने मानिससँग उसको आँखा जुध्न पुग्छ। यो क्रम केही दिनसम्म चल्छ। ऊ त्यो मान्छेलाई राम्रो मान्दिन, तर फुर्सदको समयमा उसका बारेमा सोच्न भने छाड्दिन। यसरी आफूले कत्ति पनि मन नपराएको मान्छेका बारेमा सोचेर समय बिताउने चन्द्रवदन अरूभन्दा पृथक् पात्र हो। यस्तै गरी समय बितिरहेकामा एकदिन ऊ त्यो जुल्फीवालालाई देखाउनका निम्ति सिँगारपटार गरी राम्रो लुगा लगाएर दिनभर बार्दलीमा बस्छे। त्यो दिन उक्त जुल्फीवाला दिनभर पल्लो घरमा देखापर्दैन। त्यस दिनदेखि ऊ त्यता देखा नै पर्दैन। यसपछि चन्द्रवदनको दिनचर्या पुरानै ढाँचामा पट्यारलाग्दो तरिकाले बित्ने गरेको घटना कथामा देखाइएको छ।

**'चन्द्रवदन' कथाका पात्रहरु**

प्रस्तुत 'चन्द्रवदन' कथा थोरै पात्र प्रयोग भएको फुटकर कथा हो। यस कथामा चन्द्रवदन, चन्द्रवदनकी छोरी, चन्द्रवदनको पति, चन्द्रवदनको दाजु, चन्द्रवदनकी भाउजू, चन्द्रवदनकी बहिनी, जुल्फीवाला, जुल्फीवालाकी पत्नी, विवाहिता स्वास्नीमानिस, उनीहरूका दुलहा, कालिका र कालिकाको पति गरी जम्मा बाह्रजना पात्रहरू मात्र प्रयोग गरिएका छन्।

**'चन्द्रवदन' कथाका पात्रहरुको संरचनात्मक विश्लेषण**

प्रस्तुत 'चन्द्रवदन' कथामा प्रयुक्त बाह्रजना पात्रहमध्ये विवाहिता स्वास्नीमानिस र उनीहरूका दुलाहाले समूहको प्रतिनिधित्व गर्छन् भने अन्य पात्रले व्यक्तिको प्रतिनिधित्व गर्छन्। ती पात्रहरूलाई संरचनात्मक आधारमा वर्गीकरण गरी तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका : १. 'चन्द्रवदन' कथाका पात्रहरूको संरचनात्मक वर्गीकरण

| वर्गीकरणको आधार र पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | व्यक्तिगत | वर्गगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| चन्द्रवदन | | + | + | | | + | | + | | + | | + | | + | |
| चन्द्रवदनकी छोरी | | + | | | + | + | | | + | | + | + | | | + |
| चन्द्रवदनको पति | + | | | | + | + | | | + | | + | | + | | + |
| चन्द्रवदनको दाजु | + | | | | + | + | | | + | | + | | + | | + |
| चन्द्रवदनकी भाउजू | | + | | | + | + | | | + | | + | | + | | + |
| चन्द्रवदनकी बहिनी | | + | | | + | + | | | + | | + | | + | | + |
| जुल्फीवाला | + | | | | + | | + | | + | + | | + | | + | |
| जुल्फीवालाकी पत्नी | | + | | | + | + | | | + | | + | | + | | + |
| विवाहिता स्वास्नीमानिस | | + | | | + | + | | | + | | + | | + | | + |
| उनीहरूका दुलहा | + | | | | + | + | | | + | | + | | + | | + |
| कालिका | | + | | | + | + | | | + | | + | | + | | + |
| कालिकाको पति | + | | | | + | + | | | + | | + | | + | | + |

माथिको तालिकालाई हेर्दा 'चन्द्रवदन' कथाका पात्रहरूलाई हेर्दा लिङ्गका आधारमा चन्द्रवदनको पति, चन्द्रवदनको दाजु, जुल्फीवाला, उनीहरूका दुलहा र कालिकाको पति पुरुष पात्र हुन् भने चन्द्रवदन, चन्द्रवदनकी छोरी, चन्द्रवदनकी भाउजू, चन्द्रवदनकी बहिनी, जुल्फीवालाकी पत्नी, विवाहिता स्वास्नीमानिस र कालिका स्त्री पात्र हुन् । ती पात्रहरूको कार्यलाई हेर्दा चन्द्रवदन प्रमुख पात्र हो भने बाँकी पात्रहरू गौण पात्र हुन् । प्रवृत्तिका आधारमा जुल्फीवाला प्रतिकूल पात्र हो भने बाँकी सबै पात्र अनुकूल छन् । स्वभावका आधारमा चन्द्रवदन गतिशील पात्र हो भने बाँकी सबै गतिहीन पात्र हुन् । जीवनचेतनाका आधारमा चन्द्रवदन र जुल्फीवाला व्यक्तिगत पात्र हुन् भने बाँकी सबै पात्रहरू वर्गगत पात्र हुन् । आसन्नताका आधारमा चन्द्रवदन, चन्द्रवदनकी छोरी र जुल्फीवाला मञ्चीय पात्र हुन् भने बाँकी सबै नेपथ्य पात्र हुन् । आबद्धताका आधारमा चन्द्रवदन र जुल्फीवाला बद्ध पात्र हुन् भने बाँकी सबै मुक्त पात्र हुन् ।

माथि प्रस्तुत गरिएका पात्रहरूमध्ये यस कथामा चन्द्रवदनको भूमिका मुख्य देखिन्छ । उसले कथाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकीले यहाँ उसको पात्रविधानगत अवस्थाको विश्लेषण गरिएको छ ।

**'चन्द्रवदन' कथाको प्रमुख पात्र चन्द्रवदनको संरचनात्मक विश्लेषण**

प्रस्तुत 'चन्द्रवदन' कथाको प्रमुख पात्र चन्द्रवदनलाई कथामा उसले देखाएको सहभागिताका आधारमा लिङ्गका दृष्टिले स्त्री, कार्यका दृष्टिले प्रमुख, प्रवृत्तिका दृष्टिले अनुकूल, स्वभावका दृष्टिले गतिशील, जीवनचेतनाका दृष्टिले व्यक्तिगत, आसन्नताका दृष्टिले मञ्चीय र आबद्धताका दृष्टिले बद्ध पात्र हो भन्ने कुराको पुष्टि तलका कथाबाट साभार गरिएका निम्न तथ्याङ्कका आधारमा गरिएको छ :

तथ्याङ्क (१)

*त्यसका पति एउटा मुद्दामा परी थुनिएका थिएन्त्र कहिले छुट्छन् उसलाई पनि राम्ररी थाहा छैन।* (शर्मा. २०६७. पृ. १११)

माथिको तथ्याङ्कलाई हेर्दा चन्द्रवदनको पतिको प्रसङ्ग आएको छ। यस्तो पति हुने व्यक्ति उसकी पत्नी हुने भएकाले लिङ्गका आधारामा चन्द्रवदन स्त्री पात्र हो।

तथ्याङ्क (२)

*भोलिदेखि फेरि अल्छीलाग्दो दिन सुरु भयो। चन्द्रवदनको एकनासको जीवनमा यस्तो घटना पनि भएछ।* (शर्मा. २०६७. पृ. ११४)

माथिको तथ्याङ्कमा चन्द्रवदनको एकनासको जीवनमा यस्तो घटना पनि भएछ भनेर उसको केन्द्रीयताको कुरा गरिएको हुनाले ऊ यस कथाको प्रमुख पात्र हो। त्यस्तै यस कथाको सुरुदेखि अन्त्यसम्म फैलिएर कथामा मुख्य भूमिकामा देखिएकाले पनि चन्द्रवदनलाई प्रमुख पात्र भनिएको हो।

तथ्याङ्क (३)

*एक वर्षपहिले उसको पतिलाई पक्री लगेर झ्यालखानामा हालिदिए। माइत जाओस् भने माइतमा कोही छैनन् त्यसो त दाज्यू-भाउज्यू छन्, बहिनी छ, तर माइतीले चाख नमाने के जानु।* (शर्मा. २०६७. पृ. १११)

माथि प्रस्तुत तथ्याङ्कमा उसले माइतीलाई दुःख नदिने विचार राखेकी छे। यसरी उसको सकारात्मक धारणा देखाइएको छ। उसको सकारात्मक रूप देखिएकाले प्रवृत्तिका आधारमा ऊ अनुकूल पात्र प्रमाणित हुन्छे।

तथ्याङ्क (४)

*त्यो कात्दै सोच्न थाली- त्यो निश्चय नै खराब मान्छे हो। बदमास मान्छे त्यस्तै तेलले चिपिचल्ल पारेको जुल्फी राख्छन्, र फेरि हेर न निहुरी-निहुरी चन्द्रवदन त्यसलाई हेर्दथी- यतै हेरिरहेछ। चन्द्रवदनलाई आजकालका त्यस्ता गुन्डादेखि रिस उठ्थ्यो।* (शर्मा. २०६७. पृ. ११२)

तथ्याङ्क (५)

*एक दिन आफ्नो सबभन्दा राम्रो लुगा लगाई आफ्नी छोरीलाई पनि राम्रो फेराई, आज त्यसै रहर लाग्यो। गाजलटीकी-कालटीकी लगाई बारदलीमा आएर बसी। तर त्यो जुल्फीवाला आएन- दिनभरि बसिरही। अहिले आउला- अब आउला भन्दाभन्दै दिन बित्यो।* (शर्मा. २०६७. पृ. ११४)

माथि प्रस्तुत तथ्याङ्क (४) मा उसले अर्को घरको बारदलीबाट हेर्ने जुल्फीवालालाई खराब मान्छे ठानेर रिसाउने काम गरेकी छे भने तथ्याङ्क (५) राम्रो लुगा लगाई शृङ्गारसमेत गरेर दिनभरि बारदलीमा बसेर उसैको प्रतीक्षा गरेकी छे। यसरी एउटै व्यक्तिका बारेमा बिल्कुल फरक खालका व्यवहार गरेकीले उसलाई स्वभावका आधारमा गतिशील चरित्रको व्यक्ति भनिएको हो।

जीवनचेतनाका आधारमा चन्द्रवदन व्यक्तिगत पात्र हो। माथि प्रस्तुत तथ्याङ्क (४) मा छिमेकबाट आफूलाई चियाउने जुल्फीवालालाई उसले घृणा गरेको देखाइएको छ भने तथ्याङ्क (५) मा त्यसैलाई देखाउन भनेर दिनभर राम्रो लुगा लगाएर बारदलीमा उसले कुर्ने काम गरेकी छ। यसरी अरूसँग नमिल्ने व्यवहार गर्ने चन्द्रवदन जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो।

आसन्नताका आधारमा चन्द्रवदन मञ्चीय पात्र हो। सिङ्गो कथाभरि उसको उपस्थिति मञ्चीय रूपमा देखापरेकाले उसलाई आसन्नताका आधारमा मञ्चीय पात्र भनिएको हो, जसलाई माथिका सबै तथ्याङ्कहरूले समेत पुष्टि गर्छन्।

आबद्धताका आधारमा चन्द्रवदन बद्ध पात्र हो। सिङ्गो कथा उसकै वरिपरि घुमेको छ। उसलाई कथाबाट हटाउन सकिँदैन। यस आधारमा ऊ बद्ध पात्र हो, जसलाई माथिका सबै तथ्याङ्कहरूले प्रष्ट पार्छन्।

विभिन्न तथ्याङ्कहरूलाई हेरी संरचनात्मक आधारमा चन्द्रवदनलाई विश्लेषण गर्दा प्रस्तुत 'चन्द्रवदन' कथामा ऊ लिङ्गका आधारमा स्त्री, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा आएकी छे।

**'चन्द्रवदन' कथाका प्रमुख पात्र चन्द्रवदनको चारित्रिक अभिलक्षण**

प्रस्तुत 'चन्द्रवदन' कथामा प्रयुक्त बाह्रजना पात्रहरूमध्ये चन्द्रवदनको भूमिका मुख्य देखिन्छ। यस कथामा चन्द्रवदनले निर्वाह गरेको भूमिकाका आधारमा उसको चारित्रिक अभिलक्षण निर्धारण गरी निम्नानुसार विश्लेषण गरिएको छ :

'चन्द्रवदन' कथाको मुख्य भूमिकामा देखिने चन्द्रवदनका चारित्रिक विशेषताहरूलाई केलाउँदा कथामा ऊ युवती, मेहनती, गृहिणी, रूढिवादी, मनोरोगी, एकलकाँटे, विद्रोही पात्रका रूपमा देखा परेकी छ, जसलाई तथ्याङ्कका आधारमा निम्नानुसार पुष्टि गरिएको छ :

तथ्याङ्क (१)

*आफू अहिले १९ वर्षकी भै। प्रेम भनेको के हो थाहा पाएकी थिइन। ५ वर्ष पहिले बिहा भएपछि फेरि जीवनमा रहरलाग्दो कुरा भएन।* (शर्मा. २०६७. पृ. १११)

माथिको तथ्याङ्कलाई हेर्दा अहिले उसको उमेर उन्नाईस वर्ष भनिएको छ। त्यस्तै उसको विवाह भएको

पाँच वर्ष भइसकेको कुरा पनि तलको तथ्याङ्कमा गरिएकाले चन्द्रवदन युवती पात्र हो ।

तथ्याङ्क (२)

*चन्द्रवदनको दिन बडो कठिनले बित्दथ्यो । अलिक फुर्तिली हुनाले सानो घरको काम सबै सिद्ध्याइकन पनि उसलाई सारा दिन फुर्सद हुन्थ्यो ।* (शर्मा. २०६७. पृ. १११)

माथिको तथ्याङ्कलाई हेर्दा उसलाई फुर्तिली भनिएको छ । उसको घरायसी काम छिटै सकिने कुरा पनि तलको तथ्याङ्कमा गरिएको छ । यसरी समयमै काम सक्ने हुनाले चन्द्रवदन मेहनती पात्र हो ।

तथ्याङ्क (३)

*बिहान उठी नुहाइवरी पूजा-पाठ पनि हाल्थी र जब त्यो तरकारी काट्न भनेर बस्दथी, उसकी एउटी तीन वर्षकी छोरी बिछ्यौनाबाट उठीकन आँखा मिच्दै रुँदै आउँथी । एकछिन त्यसलाई काखामा ली फुल्यायो, काट्दाकाट्दैको एउटा आलुमा ४ वटा सिन्को घोची नानीको खसी बनाई उसलाई खेल्न दियो, भात पकायो, खायो, भाँडा पनि माझ्यो, घरको यताउति गऱ्यो तैपनि दिन भर्खर ढल्न लागेको हुन्थ्यो ।*

(शर्मा. २०६७. पृ. १११)

माथिको तथ्याङ्कलाई हेर्दा उसले बिहान सबेरै उठेर पूजापाठ गर्ने गरेको, तरकारी काट्ने गरेको र सानी छोरीको राम्रो हेरचाह गर्ने गरेको कुरा गरिएको छ । त्यस्तै खाना पकाउने, खाने, भाँडा माझ्ने जस्ता कामहरू खुरुखुरु गरेकीले ऊ गृहिणी पात्र हो ।

तथ्याङ्क (४)

*त्यसको स्वभाव कसैसँग नमिल्ने हुनाले छिमेकीहरूसँग आवत-जावत थिएन । अल्छीले हाइ-हाइ दिन बिताउनुपर्थ्यो, फेरि तर्खर गर्न थाल्थी र खाईपिई छोरीलाई ख्वाई समसाँझमै सुत्दथी ।*

(शर्मा. २०६७. पृ. १११)

माथिको तथ्याङ्कलाई हेर्दा उसको छिमेकीसँग आवतजावत नभएको र दिनभरि अल्छीले हाइहाइ गरे बिताउने गरेको कुरा गरिएको छ । यसरी छिमेकीसँग कुनै सम्बन्ध नराख्ने गरेकीले चन्द्रवदन एकलकाँटे पात्र हो

तथ्याङ्क (५)

*चन्द्रवदन अल्छी मानीमानी पित्तलको एउटा कटौरामा खरर ... टन खरर ... टन बत्ती कातिरहेकी थिई । बीचबीचमा काठको सानो बट्टामा खरानी औंलोमा घस्दथी ।* (शर्मा. २०६७. पृ. ११२)

तथ्याङ्क (६)

*चन्द्रवदनले थाहा थाहा पाई- कोही नयाँ मान्छे आएछ, पहिले त्यो मान्छे कहिले पनि देखिएको थिएन । त्यसलाई देख्नासाथ चन्द्रवदनले कपालमा लुगा हाली, आँखा तल गरी बत्ती कात्न थाली ।*

(शर्मा. २०६७. पृ. ११२)

माथिको तथ्याङ्क (५) लाई हेर्दा उसले पूजा-पाठका लागि बत्ती कात्ने गरेको कुरा गरिएको छ भने तथ्याङ्क (६) मा पल्लो घरमा नयाँ लोग्नेमान्छे देखेर उसले कपालमा लुगा राखेकी छ। यसर्थ चन्द्रवदन रुढिवादी पात्र हो।

तथ्याङ्क (७)

*संसारमा यो के नियम चलाएको रहेछ। स्वास्नीमानिसलाई मात्र काम गर्नुपर्ने।* (शर्मा, २०६७. पृ. ११३)

*माथिको तथ्याङ्कलाई हेर्दा उसले स्वास्नीमान्छेले मात्र काम गर्नुपर्ने नियमको विरोध गरेकी छे। यसर्थ चन्द्रवदन विद्रोही पात्र हो।*

तथ्याङ्क (८)

*अर्को दिन ठीक उही समयमा जुल्फीवाला उस्तै गरी हेर्न थाल्यो। कस्तो असभ्य मान्छे रहेछ। थाहा पाई थाहा पाई म स्वास्नीमान्छे छु, एक्लै छु भनी यता हेर्छ। हेर न त्यसै ठिङ्ग उभिरहेछ।*
(शर्मा. २०६७. पृ. ११२)

तथ्याङ्क (९)

*सधैँ चन्द्रवदन त्यो जुल्फीवालालाई कहिले बारदलीमै, कहिले पानी भर्न जाँदा बाटामा देख्दथी। सधैँ त्यसको जुल्फी तेलले चिपिचल्ल रहन्थ्यो। चन्द्रवदनलाई कहिले पनि त्यो भद्र मनुष्यजस्तो लागेन, र जहिले पनि त्यसको दृष्टिबाट हट्ने प्रयास गर्थी। तर अहिले बारदलीमै छ कि त्यहाँबाट गइसक्यो ? भन्ने सोच्दै फेरि बारदलीमा आउँथी।* (शर्मा. २०६७. पृ. ११४)

तथ्याङ्क (१०)

*एक दिन आफ्नो सबभन्दा राम्रो लुगा लगाई आफ्नी छोरीलाई पनि राम्रो फेराई, आज त्यसै रहर लाग्यो। गाजलटीकी-कालटीकी लगाई बारदलीमा आएर बसी। तर त्यो जुल्फीवाला आएन- दिनभरि बसिरही। अहिले आउला- अब आउला भन्दाभन्दै दिन बित्यो।* (शर्मा, २०६७. पृ. ११४)

माथिको तथ्याङ्क (८) मा उसले छिमेकबाट आफूलाई घुरेर हेर्ने जुल्फीवालालाई असभ्य मान्छे ठानेकी छ भने तथ्याङ्क (९) उसले त्यो जुल्फीवालालाई नराम्रो मान्छे ठाने पनि ऊ अहिले बारदलीमा छ कि छैन भनेर हेर्ने गरेको देखाइएको छ। त्यस्तै तथ्याङ्क (१०) मा उसले त्यही जुल्फीवालालाई हेर्न भनेर राम्रो लुगा लगाएर दिनभरि कुरेर बसेकी छ। यसर्थ चन्द्रवदन मनोरोगी पात्र हो।

'चन्द्रवदन' कथामा चन्द्रवदनका चारित्रिक अभिलक्षण केलाउँदा ऊ युवती, मेहनती, गृहिणी, रूढिवादी, एकलकाँटे, विद्रोही, मनोरोगी पात्रका रूपमा देखा परेकी छ, जसलाई तथ्याङ्कका आधारमा माथि पुष्टि गरिएको छ।

**निष्कर्ष**

प्रस्तुत 'चन्द्रवदन' कथा तृतीय पुरुष दृष्टिबिन्दुमा अगाडि बढेको पाइन्छ। चरित्रचित्रणका दृष्टिले यस कथाका प्रमुख पात्र चन्द्रवदनलाई हेर्दा कथाकारले पात्रको चिनारी दिनका लागि वर्णनात्मक पद्धतिको प्रयोग गरेको पाइन्छ भने चरित्रचित्रणका लागि नाटकीय पद्धतिको प्रयोग गरी उसका चारित्रिक विशेषता देखाइएको छ। कथाको प्रमुख पात्र चन्द्रवदनमा विविध खालका चारित्रिक अभिलक्षणहरू भेटिनु त्यसको सशक्त उदाहरण हो। यसर्थ पात्रविधानका दृष्टिले प्रस्तुत 'चन्द्रवदन' कथा उत्कृष्ट देखिन्छ।

**सन्दर्भ सामग्रीसूची**

अर्याल. भैरव (सम्पा. २०२५). *साझा कथा*. ललितपुर : साझा प्रकाशन।

काफ्ले. नारायण (२०६८). *विश्वेश्वरप्रसाद कोइरालाका कथामा रूपविन्यास*. अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र. त्रि.वि. त्रिचन्द्र क्याम्पस।

कोइराला. खेम (२०४५). *साहित्यकार विश्वेश्वरप्रसाद कोइराला*. (तेस्रो संस्क.). काठमाडौँ : श्री विद्या प्रकाशन।

घर्ती. दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान*. ललितपुर : साझा प्रकाशन।

ज्ञवाली. ज्ञाननिष्ठ (२०५७). *विश्वेश्वरप्रसाद कोइराला कथाका पुरुषपात्रहरूको अध्ययन*. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि. त्रिचन्द्र क्याम्पस।

न्यौपाने. शान्ति (२०५५). *विश्वेश्वरप्रसाद कोइरालाका कथाका नारीपात्रहरूको अध्ययन*. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि. पद्मकन्या क्याम्पस।

बराल. कृष्णहरि (२०७२). *मनोविश्लेषण र साहित्य*. (दो. संस्क.). काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि।

लुइँटेल. खगेन्द्रप्रसाद (२०६२). *नेपाली कविताको संरचनात्मक विश्लेषण*. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा. मोहनराज (२०४८). *शैलीविज्ञान*. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

शर्मा. शारदा (२०४९). *उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र तथा तिनका दृष्टिकोण र आकांक्षा*. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि. नेपाली केन्द्रीय विभाग।

शर्मा. हरिप्रसाद (२०४५). *कथाकार विश्वेश्वरप्रसाद कोइराला : विश्लेषण र मूल्याङ्कन*. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रि.वि. नेपाली केन्द्रीय विभाग।

........ (२०५०). *विश्वेश्वरप्रसाद कोइरालाका कथा*. ललितपुर : साझा प्रकाशन।

ेष्ठ. दयाराम (२०६८). *नेपाली कथा भाग ४*. (पाँचौँ संस्क.). ललितपुर : साझा प्रकाशन।

# समाज विकासमा वैकल्पिक शिक्षाको भूमिका र मानवीय संवाहकको आवश्यकता

सुरेन्द्र घिमिरे, पिएचडी
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र वहुमुखी क्याम्पस
ghimireshurendra@yahoo.com

**लेखसार**

*यस लेखले समाजमा पछि परेको समुदायलाई वैकल्पिक शिक्षामार्फत समाजको मूल धारमा ल्याउन मानवीय संवाहक आवश्यक हुने जिकिर गरेको छ। गोरखा जिल्ला अश्राङ् गाविसमा कार्यरत सामाजिक परिचालिकाले पिछडिएका समुदायका नागरिकमा चेतना स्तर बढाउन र स्वास्थ्यसम्बन्धी बानी व्यवहार विकास गराउन खेलेको भूमिकालाई स्थलगत अवलोकन गरी उत्पादन गरिएको जानकारीलाई विश्लेषण गरी निकालिएको प्राप्तिका आधारमा यो जिकिर गरिएको हो । यहाँ खास गरी शिक्षा र विकास, वैकल्पिक शिक्षा, र मानवीय संवाहक तीन अवधारणामा पूर्व साहित्यको समीक्षा गरी तयार गरिएको सैद्धान्तिक खाकामा आधारित भएर क्षेत्र अध्ययनमा जानकारीको उत्पादन र विश्लेषण गरिएको छ भने सामाजिक परिचालकले सचेत गराउने, सम्झाउने र सहयोग गर्ने काममा खेलेको रचनात्मक भूमिकालाई सैद्धान्तीकरणको प्रयाश गरिएको छ। विविध सामाजिक असमानता युक्त हाम्रो मुलुकमा वैकल्पिक शिक्षा मार्फत समाज विकासको गति बढाउनको लागि मानवीय संवाहक अनिवार्य हुने कुरालाई प्रकाश पारिएको छ। परम्परागत विधिले औपचारिक शिक्षाबाट दीक्षित मानवीय संवाहकले आफ्नो सीमित ज्ञान, सीप र अभिवृत्तिले सामाजिक परिवर्तनमा यसरी उल्लेखनीय भूमिका खेल्दछ भने वैकल्पिक शिक्षाको दार्शनिक आधार भएको मानवीय संवाहक भएमा उसको कार्यदक्षता अझ उच्च हुन्छ भन्ने कुरालाई पनि यहाँ सङ्केत गरिएको छ।*

**शब्दसूची** : सामाजिक उत्पादन/पुन उत्पादन, वैकल्पिक शिक्षा, मानवीय संवाहक।

## विषय परिचय

सन् १९५० को दशकमा आइपुग्दा शिक्षालाई विकासको साधनको रूपमा सर्वमान्य स्वीकार गरिए तापनि १९७० को दशकबाट भने राज्यले होसियारी पूर्वक प्रयोग गर्न नसकेमा औपचारिक शिक्षा सामाजिक उत्पादन वा विकासको साधन हुन नसकी सामाजिक पुनरुत्पादन वा वर्ग विभाजनको साधन पनि बन्न सक्छ भन्ने मान्यता पनि

*घिमिरे पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षा विषयका उप-प्राध्यापक हुनुहुन्छ।*

आयो। यस मान्यतासँगै समाजमा पछि परेका समुदायका व्यक्तिलाई औपचारिक शिक्षाले समेट्न नसक्ने भएकोले उनीहरूलाई वैकल्पिक शिक्षा दिन पर्छ भन्ने बहस पनि उठ्यो। यस मान्यतासँगै अर्को "पिछडिएको समुदाय आशाहीन, निरीह र अन्धविश्वासी हुने भएकोले उनीहरूको विकासका लागि वैकल्पिक शिक्षा मात्र पर्याप्त हुँदैन, नजिकबाट घच्घच्याउन सक्ने मानवीय संवाहक पनि चाहिन्छ" भन्ने मान्यता पनि आयो। नेपालमा पनि विगत ४० वर्षदेखि अनौपचारिक तथा अनियमित तरिकाबाट वैकल्पिक शिक्षा प्रदान गरिँदै आएकोमा २०६८सालदेखि वैकल्पिक शिक्षामा मानवीय संवाहकको प्रयोग गरेको पाइन्छ।

नेपाल समग्र विकासमा पछि परेको, भौगोलिक तथा विभिन्न सामाजिक रूपमा विभेदयुक्त मुलुकमा सामाजिक परिचालक मार्फत दिइएको वैकल्पिक शिक्षाको प्रभावकारिताको विश्लेषण गर्ने हेतुले गरिएको एक अध्ययनलाई यहाँ लेखको रूपमा प्रस्तुत गरिएको छ। गोरखा जिल्लाको अश्राङ गाउँ विकास समितिमा खटाइएको सामाजिक परिचालकले समाजमा पछि परेका समुदायलाई सचेतीरण तथा सशक्तीकरण गर्न २०६९, २०७० र २०७१ तीन सालमा गरेका रचनात्मक क्रियाकलापहरूलाई यहाँ मानवीय संवाहकले प्रदान गरेको वैकल्पिक शिक्षाको रूपमा लिइएको छ। यस लेखले शिक्षालाई सामाजिक उत्पादन तथा पुनरुत्पादकको साधनका रूपमा चर्चा गर्दै मूलधार र वैकल्पिक शिक्षाका परिपूरकता सम्बन्धमा पूर्वसाहित्यको विश्लेषण गरेको छ। साथै लेखले पिछडिएको समुदायको उत्थानका वैकल्पिक शिक्षाको तथा मानवीय संवाहकको भूमिकालाई कार्य क्षेत्रमा अध्ययन गरी आएका प्राप्तिका आधारमा मानवीय संवाहकको रूपमा सामाजिक परिचालकको अवश्यकता सुझाएको छ। यस लेखको पूर्वाङ्गमा पूर्व साहित्यको समीक्षा गरी वैकल्पिक शिक्षामा मानवीय संवाहकको भूमिकामा प्रकाश पारिएको छ भने उत्तराङ्गमा क्षेत्र अध्ययनको प्राप्तिलाई साहित्यमा जोडेर व्याख्या गरिएको छ।

## सैद्धान्तिक खाका

यस अध्ययनमा पूर्व–साहित्यको समीक्षा गरी "शिक्षामार्फत समाज विकास गर्दा वैकल्पिक शिक्षाको आवश्यकता र त्यस्तो शिक्षा प्रवाहका लागि मानवीय संवाहकको अपरिहार्यता" भन्ने कथन स्थापित गरिएको छ। विश्वमा औपनिवेशिक कालको अन्त्यसँगै कुनै समाजको समग्र विकास र त्यहाँका सदस्यहरूको शिक्षाको स्तरका बीचमा सकरात्मक सहसम्बन्ध हुन्छ भने सिधा मान्यता विकास भयो। यसरी राज्यले समाज विकासको साधनको रूपमा स्वीकारी शिक्षामा राष्ट्रिय लगानीलाई पहिलो प्राथमिकता दिने क्रम चल्यो र १९८० को दशकमा आइपुग्दा यो विश्वव्यापी भयो (कुम्ब्स. १९७०.)। यद्यपि शिक्षामा गरिएको लगानीको प्रतिफल शिक्षाको गुणस्तर, रोजगारीको अवस्था आदिमा निर्भर हुने उपमान्यताहरू पनि अध्ययनका क्रममा देखिए (हानुसेक र ओव्म्यान. २००७.)। जब राज्यले प्रदान गर्ने शिक्षाको प्रयोग, असर, प्रणाली र तरिकाको मिहीन विश्लेषण गर्न थलियो तब शिक्षाको असर सधै सामाजिक मूल्य मान्यताहरूको उत्पादन मात्र हैन पुन उत्पादन पनि हुन्छ भन्ने तथ्यहरू आउन थाले (उ.ला वोर्जु. १९८६.)। तसर्थ यस खण्डमा पहिलो चरणमा शिक्षा उत्पादन र पुनरुत्पादनको साधनको रूपमा र दोस्रो

चरणमा वैकल्पिक शिक्षा र मानव संवाहकको आवश्यकतामा चर्चा गरी क्षेत्र अध्ययनको आधार तयार गरिएको छ।

### शिक्षा, उत्पादन र पुनरूत्पादनको साधन

यसको पहिलो खण्डमा शैक्षिक समाजशास्त्रको कार्यवाद र दोस्रो खण्डमा आलोचनात्मक सिद्धान्तको चर्चा गरिएको छ।

### शिक्षा र सामाजिक उत्पादन

"सामाजिक विकास" योजनाबद्ध रूपमा गराइएको समाज परिवर्तन हो जहाँ राज्यले शिक्षा, कानुन, आर्थिक उपार्जनका कार्यक्रम, स्वास्थ्यका कार्यक्रम आदिको प्रयोग गर्दछ। ढुङ्गे युगको संस्कारबाट विकास हुँदै आएको मानव समाजमा अन्धविश्वास, रुढिवाद, पछौटेपना जस्ता कुरीतिहरू धेरथोर मात्रामा अभिव्यक्त वा सुषुप्त रूपमा अझै रहिरहेका छन् र यस्ता कुरीतिहरूलाई हटाएर नयाँ मुल्य मान्यताको प्रयोगका लागि खोज-अनुसन्धान, प्रचारप्रसार-शिक्षा, समाज विकास-आधुनिकीकरण आवश्यक छ। समाजका सदस्यहरूले विज्ञानले उजागर गरेका सत्यहरूको अवलम्बन गर्ने र प्रविधिको प्रयोग गर्ने बानी/संस्कार प्रस्तुत गरेको समाजलाई "विकसित समाज" को विशेषण दिएको पाइनु तथा यस्तो संस्कार आधुनिकीकरणसँग पनि जोडिनुले गर्दा समाज विकास, आधुकिकीकरण र विज्ञान एक आपसमा अन्तरसम्बन्धित धारणाहरू हुन् भन्न सकिन्छ (व्रे. सन् २००७. पृ. ३७)।

समाजका सदस्यहरूको ज्ञानमा, अनुभवबाट अनुभूतिमा र यी दुईले अभिवृत्तिमा परिवर्तन आउँछ यसरी मूल्य-मान्यताहरूमा र दैनिक व्यवहारमा पनि परिवर्तन आउँछ। यसरी समाजका अधिकांश सदस्यहरूको व्यवहारमा परिवर्तन आएर सामाजिक परिवर्तन देखिन्छ (पाटिल. सन् २०१२. पृ. २०५)। समाजका अधिकांश सदस्यहरूको मूल्य-मान्यता र व्यवहारका कारण सामाजिक/सांस्कृतिक संरचना बनेको हुन्छ। समाजका केही व्यक्तिहरू पुरानो संरचनाको साटो नयाँ संरचना चलाउन खोज्दछन्। यसरी समाजमा पुरानो संरचना टिकाउन खोज्ने र नयाँ संरचना चलाउन खोज्ने बीच निरन्तर रूपमा दृश्य र अदृश्य दुवै खालको सङ्घर्ष चलिरहन्छ। विज्ञानवादको वैधता अरु उपागमको भन्दा बढी हुने हुँदा विज्ञानसम्मत मूल्य-मान्यताले पुरानो संरचनालाई प्रतिस्थापन गर्दछ। युरोपमा यो कुरा पन्ध्रौं शताव्दीबाट द्रुततर विकास भई अठारौं शताव्दीमा आइपुग्दा ज्ञान उद्वेलनको तहमा पुगेको तथा त्यसले आधुनिकता र विकास ल्याएको देखिन्छ। यसरी वैज्ञानिक ज्ञानको उत्पादन र प्रचारप्रसार गर्ने भएकाले शिक्षालाई आधुनिकीककरण वा विकासको साधन मानिन्छ। आधुनिकतावादका महान् विचारकका विचारलाई विश्लेषण गर्दा शिक्षा, विकास र आधुनिकीकरण एक आपसमा जोडिएका छन्: औद्योगिक समाजमा शिक्षाद्वारा मानिसहरू स्पष्ट श्रम विभाजन गरी बढी उत्पादनमूलक कार्य सम्पादन गर्छन् (वेवर), औद्योगिक विकासका लागि विवेकसङ्गत र नैतिक हुन्छन् (डर्खिम), र आफ्नो श्रमको मूल्य लिन सचेत र सक्षम हुन्छन् (मार्क्स) (गिडेन. १९९१.)।

शिक्षालाई समाज विकासको साधनका रूपमा महत्त्वपूर्ण अध्ययन गरेका डर्खिम (सन् १९५६. पृ. ७१-७३) ले शिक्षाले समाजका सदस्यहरूलाई मूल्य मान्यताको पालन गर्न सक्ने बनाई सामाजिक स्थायित्व ल्याउन महत्वपूर्ण भूमिका खेल्ने हुनाले यो नयाँ पुस्तालाई सामाजिकीकरण गर्ने विधि र साधन हो भनी व्याख्या गरे। यही मान्यतामा आधारित रहेर अमेरिकी समाजशास्त्री पारसन (सन् १९५९. पृ. ३१४ र ३१५) ले विद्यालयले नै अख्तियारीको पालना गर्ने, क्षमता अनुसारको काम र सामाजिक सम्मानको स्वीकार गर्ने संस्कृतिको विकास गरी भविष्यमा राज्यको परिपाटीलाई मान्ने नागरिक विकास गर्दछ भन्दछन्। विज्ञान र प्रविधिको निरन्तर विकासले समाजलाई गतिशील बनाएकाले व्यक्तिले आफूलाई अझ परिष्कृत र विशिष्ट सामाजिक भूमिकामा अनुकूलन/विकास गर्न खोज्दछ (पारसन. १९९१. पृ. ३५८ र ३५९)।

## *शिक्षा र सामाजिक पुनरूत्पादन*

दार्शनिक मार्क्सको विश्लेषणमा पूँजिवादी समाजमा शिक्षा सामाजिक असमानतालाई वैधानीकरण गर्नका लागि प्रयोग गर्ने साधनको रूपमा देखिन्छ। मार्क्स (१९६७. पृ. ५७८) भन्छन्:- "पूँजिवादी उत्पादन प्रणालीले एकातिर पूँजिवादी र अर्कोतिर ज्यालादारी श्रमिकको पनि उत्पादन र पुनरुत्पादन गर्दछ।" समाजको उपरि संरचनाको फेरबदलले परिवर्तन र आधारभूत संरचनाको फेरबदलले मात्र रुपान्तरण ल्याउने भएकाले आधार संरचना नफेर्एसम्म सामाजिक मूल्य मान्यता वास्तविक रूपमा पुनरुत्पादित मात्र भइरहन्छन्। कार्ल मार्क्सको यही धारणामा आधारित भएर १९७० को दशकमा शिक्षा र सामाजिक परिवर्तनका सम्बन्धमा केही महत्त्वपूर्ण अध्ययनहरू भ (उ.ला. बोलिस र गिन्टिस को पूँजिवादी अमेरिकामा शिक्षा. सन् १९७६. वोर्जु र पासेरन्को शिक्षामा पुनरुत्पाद सन् १९७०)। यही धारणामा पछि पियारे बोर्ज्यु (सन् १९८६) ले सास्कृतिक/सामाजिक पुनरुत्पादनको सिद्धान्त विकास गरे। बोलिस र गिन्टिस (सन् २००२) ले पश्चिमी समाजमा अनुसन्धान गर्दा पाइएका प्राप्तिहरूको संश्लेषण गरी भने। उपल्लोबाट तल्लो पुस्तामा धन दौलत मात्र स्थानान्तरण हुने हैन धनी परिवारमा हुर्केको संस्कार, बनेको व्यक्तित्व र शिक्षामा गरेको लगानी स्वरूप उच्च उत्पादनयुक्त जनशक्ति पनि स्थानान्तरण हुन्छ। यसरी धनाढ्यता र गरिबी पनि अन्तरपुस्ता सरिरहन्छ र यसरी समाजको वर्गीय चरित्र पनि रहिरहन्छ। व्यक्तिला अन्तर्वर्ग स्थानान्तरण गर्न शिक्षा चाहे जस्तो साधन बन्न सक्दैन। यसरी पूँजिवादी राज्य सत्ताले शिक्षाला सामाजिक पुनरुत्पादनका लागि प्रयोग गर्दछ।

नेपाली समाजमा औपचारिक शिक्षाको उपयोगको सम्बन्धमा पिग (सन् १९९२) र स्किनर तथा हल्याण्ड (स १९९६) का अध्ययनले शिक्षाले सामाजिक उत्पादन गरेको तथ्य प्रस्तुत गरेका छन् भने खाती (सन् २००३. १३९-१४२) र कार्नी तथा म्याड्सन (सन् २००९. पृ. १७१-१८७) का अध्ययनले सामाजिक पुनरुत्पादन गरेको तथ्य प्रस्तुत गरेका छन्। यसरी शिक्षा आफैंमा सामाजिक पुनरुत्पादनको साधन देखिएकाले शिक्षा प्रणाली प्रवाहको सन्दर्भमा विकल्प खोज्न थालिएको हो।

वैकल्पिक शिक्षा: औपचारिक शिक्षाको परिपूरक र विकल्पका रुपमा

यसको पहिलो खण्डमा औपचारिक शिक्षाको प्रवाहगत सीमितताको परिपूर्ति गर्न परिपूरकका रूपमा वैकल्पिक शिक्षा ल्याउनु पर्ने मतको चर्चा गरिएको छ भने दोस्रो खण्डमा औपचारिक शिक्षाले ल्याउने सामाजिक असमानता र विभेद निर्मूल गर्न यसको विकल्पमा अर्को शिक्षा प्रणली स्थापना गर्नु पर्ने मतको चर्चा गरिएको छ।

## औपचारिक शिक्षाको परिपूरकको रुपमा वैकल्पिक शिक्षा

सीमित स्रोत र साधन खर्चेर उच्चतम प्रतिफल लिनका लागि शिक्षामा योजनीकरण भयो। समय सन्दर्भ अनुसार शैक्षिक योजना निर्माणका उपागमहरू अपनाइए र विकल्पहरू खोजिए (कुम्ब्स. सन् १९७०. पृ. २३ र २४)। उत्तर औपनिवेशकालमा राष्ट्र विकासका योजनाहरूको विष्फोट भएपछि व्यापक मात्रामा आवश्यक हुने जनशक्ति आपूर्ति गर्ने हिसावले मानव संसाधन विकासको उपागमले शैक्षिक योजना गरियो (कुम्ब्स. सन् १९७०. पृ. २५)। बहुपार्टी प्रतिस्पर्धाको संस्कारले शैक्षिक योजना र विकासलाई लोकप्रियतामा लगेर जोडियो जसले गर्दा सामाजिक मागको उपागमको विकास भयो। यसले एक प्रकारको सैद्धान्तिक द्वन्द्व ल्यायो, प्राविधिज्ञहरू लागत प्रतिफलमा आधारित योजना रोज्दथे भने राजनीतिज्ञहरू सामाजिक मागको। पछिल्लो उपागमले एकातिर शैक्षिक बेरोजगारी र अर्कोतिर अयोग्य जनशक्ति उत्पादन गरेको छ। यी उपागममा पनि समाजको एउटा वर्ग राज्यको शिक्षा योजनामा समेटिन सकेन किनकि ऊ योग्यता प्रणाली मार्फत पनि आउन सकेन र लोकप्रियताका लागि शासक वर्गले समेट्नै पर्ने गरी महत्वपूर्ण हुन पनि सकेन। तर विभिन्न अनुसन्धानहरूले समाज विकासको गति शिक्षित समाजमा बढी हुने र गरिबी निवारणको पहिलो शर्त गरिबका लागि शिक्षा हुनुपर्ने सुझाए पछि तथा राज्यले सामाजिक न्याय दिन्छु भन्न चाहेपछि पिछडिएको वर्गलाई पनि शिक्षामा पहुँच दिन पर्ने अवस्था सिर्जना गर्‍यो (ओइसिडि. सन् २०१२. पृ. २५ र २६ यूएन. सन् २००३. पृ. १) र सकरात्मक विभेदको रणनीति अवलम्वन गरेर भए पनि वहिष्कृत समुदायलाई समावेश गरी शिक्षा मार्फत व्यक्तिगत तथा सामाजिक विकासमा पहुँच दिने नीति ल्याए पछि समताको उपागममा शैक्षिक योजना बनाइए। यसरी किनारा लगाइएको समुदायलाई शिक्षाको पहूँच दिलाउनका लागि वैकल्पिक शिक्षा राज्यको लागि एक अनिवार्य बाध्यता भएर आयो।

## वैकल्पिक शिक्षा प्रणाली

बिसौं शताव्दीका शुरुवातमा शिक्षालाई प्रजातन्त्रको लागि अमोघअश्त्रको रूपमा लिइएकोमा उत्तरार्धमा आइपुग्दा शिक्षा विद्यालय भित्र मात्र होइन विद्यालय बाहिरबाट पनि दिन पर्छ भन्ने मान्यता जन्मियो (मार्स र विलिस. सन् १९९९. पृ. ५२ र ८२)। त्यसै ताका औपचारिक शिक्षालाई त्यसको आफ्नै प्रणालीगत समस्या र राज्य सत्तामार्फत् सम्भ्रान्त वर्गले आफ्नो स्वार्थमा प्रयोग गर्ने आक्षेप लगाउँदै आलोचनावादी धारमा विभिन्न विचारहरू आए। सन् १९७० देखि आधुनिक शिक्षा प्रणालीको आलोचना गरी लेख्न थालेका इभान इलिच (सन् १९७१) ले औपचारिक

वा विद्यालय शिक्षाका कमजोरीलाई चार चार मिथकका रूपमा "१.विद्यालय वा संस्थामा सिकेको ज्ञानलाई मात्र महत्व हुने, २.मापनीय सिकाइ उपलब्धिले मात्र पाठ्यक्रमको प्रभावकारित जाँच्ने, ३. विद्यार्थीलाई मानव जाति भन्दा मानवीय पूँजिको रूपमा हेर्ने र ४. विद्यालयको कृत्रिम वातावरण मार्फत मान्छेमा कृत्रिमता र यान्त्रि ल्याउने" प्रस्तुत गरे । इभेट राइमर (सन् १९७१) ले पनि विद्यालय शिक्षाका कमजोरीका रूपमा विद्यालय विद्यार्थीलाई १. हिरासतमा राखेर हुर्काउँछ २) अर्काका अनुसार भविष्यको जीवनको लागि तयारी गराउँछ, ३ जीवनको लागि सफलता, प्रतिस्पर्धा, चाकरी, र लुसोकरणमा प्रशिक्षित गर्दछन् ४) सामान्य संज्ञानात्मक सिकाइको लागि अति लगानी गर्दछ भने ।

यी दुईजना विद्वान्को आलोचनाले औपचारिक विद्यालय शिक्षामा कुनै ह्रास ल्याउन त सकेन तर वैकल्पिक शिक्षाको आवश्यकता, महत्व र प्रयोगलाई सैद्धान्तीकरण गर्न बाध्य बनायो । यसैताका गरिबहरूका लागि छोटे समयमा सिक्न सकिने सीप दिएर निर्वाहमुखी बनाउन सकिने, तथा समूह कार्य गराई आर्थिक उपार्जन र सचेतना ल्याएर निरपेक्ष गरिबीको दुश्चक्रबाट मुक्ति दिलाउन सकिने कुरा पनि प्रयोगसिद्ध भए (कुम्ब्स र अहमद. स १९७४) । समुदायलाई निरपेक्ष गरिबीको दुश्चक्रबाट मुक्त गर्न तथा अन्तर्समुदाय असमानता हटाउन आय आर्जन र समूह कार्यसँगै सचेत अन्तर्क्रियाको आवश्यकता पर्ने कुरा पाउने फ्रेरेले उठाए (फ्रेरे. सन् १९७०) । यस समानताका लागि दार्शनिकहरूमा मार्क्सले आर्थिक संरचनामा र वोर्ज्युले सामाजिक र सांस्कृतिक संरचनामा जोड दिए भने फ्रेरेले शिक्षक–विद्यार्थी अन्तर्क्रियाको संस्कृतिमा जोड दिए । यसरी सहजकर्ताले आलोचनात्मक शिक्षण प्रयोग गरी अनौपचारिक शिक्षामार्फत् प्रभुत्ववादी र दमितहरूका बीचमा पनि समानताको संस्कार विका गराउन सक्दछ भन्ने मान्यता आयो (कोर्नेल. सन् २०००) । नेपालले क) समावेशी प्रजातन्त्र र सहभागितामूल विकासको अभ्यास गर्न चाहेको (नेस. २०६९, पृ. ६),राष्ट्रिय योजनाको मूल रणनीतिमा गरिबी निवारण राखे सहजकर्तामार्फत् वैकल्पिक शिक्षा प्रवाह अनिवार्य देखिन्छ ।

### वैकल्पिक शिक्षामा मानवीय संवाहक

राज्य सत्ताले समाजलाई स्वाभाविक रूपमा भइरहने परिवर्तन भन्दा प्रभावकारी बनाउनका लागि बाि प्रयाश पनि प्रयोग गर्दछ । त्यसको एक रूप मानवीय संवाहक प्रयोग गरी वैकल्पिक शिक्षा मार्फत समुदाय सदस्यहरूको मनोवृत्तिमा परिवर्तन ल्याउने तरिका एक हो । समाजमा क) एकथरी व्यक्तिहरू विवेकसङ्ग प्रगतिशील हुन्छन्, यस्ताहरू अनुभवजन्य अनुसन्धानद्वारा प्रतिपादित सत्यको अवलम्वन गर्छन् ख) समाज अर्का थरी व्यक्ति/वर्ग/समुदाय स्वःस्फूर्त अघि आउँदैनन् र उनीहरू पिछडिएका हुन्छन् । यस्ताहरूलाई डोर्या अघि बढाउने काम मानव संवाहकले गर्नुपर्दछ, ग) समाजमा केही मान्छेहरू परिवर्तनको आवश्यकता र मह बुझेर पनि नबुझे जस्तो गर्ने वा आफ्नो निहित स्वार्थका लागि अरूलाई पनि परिवर्तन नअपनाउन उक्साउने भड्काउने स्वभावका हुन्छन् । यस्ताहरूलाई परिवर्तन गराउन बलपूर्वक कानुन पालना गर्न लगाउने रणनीति प्र

गर्नुपर्छ (प्रिण्ट. सन् १९९३. पृ. २३३–२४०)। समाजमा सदस्यहरू बीचको श्रम विभाजन, सामाजिक भूमिका, शक्ति सम्बन्ध र त्यसमा अनुशासको मूल्य–मान्यता आदिको कारणले एक निश्चित सामाजिक संरचना बनेको हुन्छ। प्रत्येक संरचनामा यथास्थितिमा रहन चाहने गुण र परिवर्तनको संवाहक सँगै उपस्थित भएका हुन्छन्। यी दुई तत्वहरूका बीचमा निरन्तर अन्तर्क्रिया र शक्ति सङ्घर्ष हुन्छ (सेवेल. सन् १९९२. पृ. २–४)। समाज परिवर्तन गर्न खोज्ने व्यक्ति, समूह, समुदाय वा संस्थालाई परिवर्तनको संवाहक भनिन्छ (प्रिण्ट. सन् १९९३. पृ. २३३)। समाजमा पिछडिएका, सोझा र नादान सदस्यहरू पुराना मूल्य–मान्यताहरूलाई सही सत्य मानी अपनाउँछन्। उनीहरूलाई आफ्ना व्यवहार परिवर्तन गर्दा हुने फाइदा प्रत्यक्ष अनुभव गराई मनोवृत्तिमा नै परिवर्तन ल्याउनु पर्छ। परिवर्तनको यो विधि सबैभन्दा प्रजातान्त्रिक र चिरस्थायी हुने भएकाले यही रणनीति प्रयोग गर्न मानवीय संवाहक चाहिन्छ (एनएआइसिइ. सन् २०११)।

### साहित्य–क्षेत्र सम्बन्ध

खण्ड २ मा गरिएको छलफलबाट "समाज विकासमा पछि परेको समुदायका व्यक्तिहरूलाई सामतामूलक उपागम अवलम्बन गरेर भए पनि मूलधारमा समाहित गर्नुपर्ने भएकाले उनीहरूको मनोवृत्तिमा परिवर्तन ल्याउन वैकल्पिक शिक्षा उपयुक्त हुने हुनाले त्यसका लागि मानवीय संवाहक परिचालन गर्न पर्दछ" भन्ने सार खिच्न सकिन्छ। नेपालमा मानवीय संवाहकमार्फत वैकल्पिक शिक्षामा गरिएको प्रयोग वा प्रयासमा यस सारसँग कत्तिको मेल खाएको छ त भनेर क) वैकल्पिक शिक्षाको योगदानको आँकलन र ख) शिक्षा सहजकर्ताको भूमिकाको पहिचान गर्न लक्षित गरेर एक सानो र सङ्केतात्मक क्षेत्र अध्ययन गरिएको थियो।

### जानकारी उत्पादन तथा विश्लेषण विधि

समाज विकासको संवाहकको रूपमा वैकल्पिक शिक्षा र त्यसमा सहजकर्ताको कार्य प्रक्रिया तथा त्यसको प्रभावकारिता हेर्न सामाजिक परिचालकको शिक्षा सहजीकरण कार्यको अध्ययन गरियो। विभिन्न १६ वटा काम, कर्तव्य र जिम्मेवारी (नेपाल सरकार. २०७१. पृ. १७) पूरा गर्ने क्रममा "सामाजिक परिचालकबाट कस्ता रणनीतिहरूको प्रयोग कसरी भए, खासगरी शैक्षिक सहजीकरण रणनीतिले समाज परिवर्तन गर्न कस्तो योगदान गऱ्यो ?" यी प्रश्नको उत्तर खोज्नमा मात्र सीमित र केन्द्रित गरियो। साथै रणनीतिहरूको अध्ययनका लागि क) शिक्षामूलक रणनीतिका रूपमा– सहजकर्ताले सदस्यहरूको घरघर पुगेर अन्तर्क्रिया गरी उनीहरूलाई सचेत बनाउने, समूह वा समुदायमा अरुले गरेको देखेर सिक्ने, सँगै काम गर्ने क्रममा सिक्ने, बैठकमा भएको छलफलमा भाग लिएर सिक्ने, अरुले सम्झाइबुझाई गरेर वा चुप लागेर हेर्दै सिक्ने वातावरण बनाउने गतिविधि वा क्रियाकलापलाई र ख) दवाबमूलक रणनीतिका रूपमा सहजकर्ताले सदस्यहरूको आनीबानी बदल्न सार्वजनिक दवाब र आलोचना सृजना गर्ने तथा राज्य प्रदत्त सुविधा रोक्का गर्ने गतिविधिलाई लिइयो। सहजकर्ताको भूमिका

हेर्नका लागि गोरखा जिल्ला अश्राङ गाविसमा जिविस गोरखाले खटाएको एकजना सामाजिक परिचालकलाई उद्देश्यपूर्ण तथा सहज (क्रेसवेल, सन् २०१२. पृ. २०६) नमूनाको रूपमा लिई सामाजिक परिवर्तनका निज सहभागी भएका गतिविधिलाई अध्ययन गरियो। वैकल्पिक शिक्षा र त्यसको सहजकर्ताले ल्याएको सामाजिक परिवर्तनको सूचकका रूपमा तीनवटा पक्षमा मानवीय व्यवहारहरूमा आएको परिवर्तनलाई हेरिएको छ। यी मानवीय व्यवहार हरूको जानकारी सामाजिक परिचालक र स्वस्थ्य चौकी तथा गाविसमा कार्यालयमा रहेको अभिलेखबाट लिइयो। सम्बन्धित व्यक्तितहरूको व्यवहारमा आएको परिवर्तन प्रक्रिया जान्नका लागि सहजकर्ताले समुदायमा सहभागी अवलोकनकर्ता (उही. पृ. २१४) बनेर बटुलेको अनुभवलाई अनुसन्धाताले गुणात्मक अन्तरवार्ता (उही. पृ. २१८) बाट खोतली जानकारी उत्पादन गरियो।

## जानकारीको विश्लेषण र छलफल

अध्ययन क्षेत्रबाट सङ्कलन गरी ल्याइएका तथ्याङ्कलाई सामाजिक परिचालकको प्रयाशले आएको परिवर्तन, ती प्रयाशमा परिवर्तनका रणनीतिहरूको प्रयोग र सहजकर्ताको भूमिकालाई रचनात्मक बनाउने कुरामा लक्षित गर्दै सारमूलक विश्लेषण गरी तीनवटा मुख्य सार निकालिएको छ ती सारलाई शीर्षकभित्र जानकारी गराउँदै विश्लेषण र छलफल गरिएको छ।

### क. सामाजिक परिवर्तन

तालिका १ मा पोषण, सरसफाइ, र स्वास्थ्य सेवासँग सम्बन्धित बानीमा समुदायका सदस्यहरूमा आएको परिवर्तनको प्रवृत्तिलाई तीन सालको तथ्याङ्कका आधारमा प्रस्तुत गरिएको छ।

तालिका १

समाजमा परिवर्तन को अवस्था

| | पोसिलो खान पाएका गर्भवती प्रतिशतमा | | पोसिलो खान पाएका बालबालिक प्रतिशतमा | | चर्पी प्रयोग गर्ने घरधुरी प्रतिशतमा | | उपचार गर्न झँक्रिकोमा जाने र स्वस्थ्य चौकी जाने घर अनुपात | |
|---|---|---|---|---|---|---|---|---|
| साल | जम्मा गर्भवती संख्या | पोषिलो खान पाएका | जम्मा बालबालिका संख्या | पोषिलो खान पाएका | जम्मा घरधुरी संख्या | चर्पी प्रयोग गर्ने घरधुरी | स्वास्थ चौकी जाने घरसंख्या | झँक्रिकोमा जाने घरसंख्या र अनुपात |
| २०७१ | ९७ | ९७ (१००%) | १०१ | १०१ (१००%) | ४० | ३९ (९७%) | ३७ | २=.०५ |
| २०७० | १०१ | ९८ (९८%) | ११९ | ८४ (७०%) | ४० | २१ (५२%) | ३४ | ५=.१५ |
| २०६९ | ११९ | ८१ (६८%) | १२१ | ५० (४१%) | ४० | १० (२५%) | २९ | ९=.३१ |
| | स्रोतः अश्राङ गा.वि.स. कार्यालय र सुआहारा परियोजना | | | | स्रोतः गाविस कार्यालय, गाउँ स्वस्थ्य चौकी र अन्तरवार्ता | | | |

अ) पोषण तत्त्व विश्लेषण गरी खाने बानीमा आएको सुधारलाई दुई फरक लक्षित समूहमा अध्ययन गरिएको थियो । गर्भवतीले खाने पोषिलो खाना दिनमा कम्तीमा पनि एक छाक हरियो सागपात, पहेँलो फलफूल, अन्न, गेडागुडी र पशुजन्य खाना (दूध, दही, माछामासु, अण्डा) खान पाएकोलाई मानिन्छ र बालबालिकाले खाने पोसिलो खाना ६ देखि ९ महिना उमेर सम्मकोले आमाको दूधका अतिरिक्त दिनमा कम्तीमा तीन पटक लिटो वा जाउलो खान पाएको, र ९ देखि २४ महिना सम्मकाले दिनमा कम्तीमा पनि एक छाक हरियो सागपात, पहेँलो फलफूल, अन्न, गेडागुडी र पशुजन्य खाना (दूध, दही, माछामासु, अण्डा) खान पाएकालाई मानिन्छ । आ) सरसफाइ सचेतना र आचारमा आएको परिवर्तन गाविसका वडा नं १ र २ मा पर्ने लक्षित समुदायका सदस्यहरूका चर्पीमा मात्र दिशा गर्ने बानीको अध्ययन गरिएको थियो । ई) स्वस्थ्य सचेतना र आचरणमा आएको परिवर्तन वडा नं. २ को लक्षित समुदायका सदस्यहरूको बिरामी हुँदा उपचार गर्न स्वास्थ्य चौकीमा जाने (धामीझाँक्रीकोमा गएपनि) र धामी झाँक्रीकोमा मात्र जाने बानीको अध्ययन गरिएको थियो ।

**ख. सहजीकरणमा रणनीति प्रयोग**

समाजका स्वयंसेवी अगुवाहरूले गरेको प्रयासबाट मात्र अपेक्षित परिवर्तन आउन नसकेपछि निश्चित काम कर्तव्य र पारिश्रमिक किटान गरी सामाजिक परिचालक नियुक्त गरेका पाइन्छ । यी तलवी कार्यकर्ताले समाजका लक्षित वर्गका व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरेर सकेसम्म आफूले सम्झाइबुझाई र आफूले भन्दा नमानेमा समाजको गन्यमान्य व्यक्तिहरूमार्फत् हप्काइधम्काई पनि गरी समाजका व्यक्तिहरूको व्यवहारमा सुधार ल्याएको विवरण तल प्रस्तुत गरिएको छ ।

चर्पी नभएको घरका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता लगायतका गाविसबाट पाउने सहयोग रोक्का गर्ने रणनीति २०७० सालमा आएर प्रयोग गरेपछि अटेर गर्नेहरू पनि बाध्य भए तर केहिले देखाउनका लागि नाम मात्रको चर्पी बनाउने तर दिशा बाहिरै गरे गर्न थाले । गर्भवती र बच्चालाई पोसिलो खाना ख्वाउनु पर्छ भन्ने कुरामा चाहिँ बाध्यकारी रणनीति प्रयोग गरिएन सहजकर्ताले चियो चर्चो र सम्झाइबुझाई गरेर कार्यान्यन गराइयो । तर चर्पी प्रयोगका लागि भने केही परिवारमा सामाजिक परिचालकले चियो चर्चो गरी गन्यमान्य व्यक्तिहरूमार्फत् हप्काइधम्काई नै गरे पछि मात्र परिवर्तन आयो । केही व्यक्तिहरूमा धामीझाँक्री र स्वास्थ्यकर्मी दुवैको सहयोग लिने, कुनै एकमा मात्र पूर्ण विश्वास नगर्ने प्रवृत्ति रहेको पाइयो । सामाजिक परिचालकले गाउँमा झारफुक गर्ने व्यक्ति पहिचान गरी कुराकानी गरे पछि उनीहरूले आफ्नो उपचार पद्धतिमा रहेको सीमाहरू स्वीकार गर्दै आफूकहाँ आउने बिरामीलाई एकचोटी स्वास्थ्य संस्थामा पनि जान सल्लाह दिन थाले । यसरी सबै बिरामीहरू सधै वा घुमेर स्वास्थ्य संस्थामा पुग्ने वातावरण सृजना भएको छ । सहजीकरणको एक उदाहरण, *२०६८ सालमा वडा भेला गराउँदा ३० जना महिला सदस्यमा १६/१७ जना उपस्थित हुने र ती पनि सुन्नेमात्र हुन्थे, यस्तो अवस्था थियो । सामाजिक परिचालकले प्रत्येक हप्ता बैठक राख्ने र प्रत्येक बैठकमा दुई घण्टासम्म आफ्ना समस्याहरू*

*राख्ने र कसरी समाधान गर्न सकिन्छ भनेर छलफल गर्दा हाल आएर बैठक गर्दा २/३ जना विशेष काम पर्ने बाहेक अन्य महिला उपस्थित हुने र सक्रिय रूपमा छलफलमा भाग लिने बानीको विकास भएको छ। २०७१/०८/०५ मा स्थानीय विकास अधिकारीसँग अन्तर्क्रिया गर्ने कार्यक्रम तय भएकामा महिलाहरू प्रतिनिधि बन्न उत्सुक भएको पाइयो। पहिला हिच्किचाउने महिलामा आफ्नो समस्या राख्न सक्ने र सरकारको जवाफदेहिता खोज्न सक्ने क्षमताको विकास भएको छ। त्यसै गरी अर्को उदाहरण, एक जना महिलाले आफ्नो सानो बच्चाको दिशा घरमा चर्पी हुँदा हुँदै पनि सार्वजनिक वा आफ्नो घरको धारा वरिपरि फाल्ने गरेको कुरा सामाजिक परिचालकले थाहा पाए, निजले चियो गर्दा पनि यही यथार्थ भेटियो। सामाजिक परिचालकले व्यक्तिगत रूपमा एक्लै सम्झाउँदा नटेरे पछि त्यस वडाका महिलाहरूको भेलामा यो प्रस्ताव छलफलमा लगियो। त्यसपछि ती महिलाले सार्वजनिक रूपमा आत्माआलोचना गरेर पछि व्यवहार सुधारेको पाइयो।* सामाजिक परिचालकका कारण यस्ता परिवर्तनहरू सहज र द्रुत भएका छन् र निजले यहाँ केही हदसम्म कानुनको बाध्यकारी रणनीतिको प्रयोग गरे पनि महत्त्वपूर्ण भूमिका चाहिँ सहजीकरण रणनीतिकै छ। विगत दुई वर्षमा अश्राङ गाविसको निश्चित भूगोलका निश्चित व्यक्तिका व्यवहारमा सामाजिक परिचालकको सक्रियतामा आएका परिवर्तनलाई तलबी सहजकर्ताको र सहजीकरण रणनीतिको उपजका रूपमा मान्नु पर्छ।

**ग. सहजकर्ताको रचनात्मक भूमिका**

सामाजिक परिचालक एकातर्फ कार्यकारी अधिकार केही पनि नभएको र गाविस सचिवको सहयोगी कार्यकर्ता जस्तो तलबी कर्मचारीको देखिन्छ भने अर्कातर्फ गाविस सचिवभन्दा स्थानीय वा गाउँलेसँग बढी रहने भएकाले र गाउँलेका समस्याहरू नागरिकताको प्रमाणपत्रको उपलब्धता, सामाजिक सुरक्षा भत्ताको प्राप्ति, स्वास्थ्यको अवस्था, बच्चाको पढाइ र छात्रवृत्ति विषयमा चासो राख्ने, सल्लाह दिने तथा समाधानमा सहयोग गर्ने कार्यमा सक्रिय भूमिका गरेका कारण विपन्न वर्गका व्यक्तिमा घुलमेल हुँदै गएर निकटताको सम्बन्ध राख्न सक्ने भएकाले वास्तविक परिवर्तनको संवाहकको भूमिका भएको पाइन्छ।

सशक्तीकरण गर्ने दुई आयाममध्ये सचेतनाको केही हदमा विकास भएका लक्षित वर्गका व्यक्तिहरूले आर्थिक उपार्जनका लागि आफ्ना समस्या वा सुझाव सामाजिक परिचालकको सामु राख्नसक्ने भएको पाइयो, क) आफैंले पहिचान गरी पहिलो प्राथमिकतामा सिलाइ बुनाइ, हाते कडाइ, र ब्रिकेट बनाउने तालिमको माग राखे, साथै यस तालिममा प्रशिक्षकलाई भत्ता दिन भनेर नागरिक सचेतना केन्द्रलाई गाविसले छुट्टाइएको बजेट रु ३०,०००/ मध्ये बैठकमा चिया खाने रकम रु १५,०००/ पनि उनीहरूले जोगाएर राखका छन् र ख) सिंचाईलाई दोस्रो प्राथमिकतामा राखे ताकि आफ्ना थोरै जग्गामा पनि तरकारी लगायतका खेती गर्ने अवसर मिलोस्। तेह्रौं योजनाले रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि हासिल गर्दै गरिबी निवारण गर्ने प्रमुख उद्देश्य लिएका सन्दर्भमा यस्ता रोजगारी सृजनाका अभ्यासहरू अर्थपूर्ण हुन्छन्।

परिचालकले विपन्न वर्गका महिलाहरूको यो आवश्यकता र उत्कठ इच्छालाई पूरा गर्न गरेको पहलस्वरुप माथिल्लो निकायमा अनुरोध गरेको व्यहोरा यस्तो छ, १) विपन्न महिलाहरूले संकलन गरेको रकमले नपुगे बाँकी बजेट गाविस सचिवले कतैबाट रकमान्तर वा यस्तै प्रक्रिया मिलाएर प्रशिक्षक भिकाएर तालिम दिने, २) निश्चित विषयमा सामाजिक कार्यकर्तालाई नै प्रशिक्षकको तालिम दिएर उनीहरूमार्फत् तालिम दिने, ३) प्रशिक्षण निःशुल्क भए पनि तालिम अवधिभर सदरमुकाममा बस्ने उनीहरूको आर्थिक तथा घरायसी अवस्था नहुने भएकाले तालिमहरू जिल्ला सदरमुकाममा हैन लक्षित वर्ग वा विपन्न महिलाको पायकमा सञ्चालन गर्ने, ४) गाविसको अनुदान रकममध्येबाट लक्षित समुदायको उत्थानका लागि नियमावली अनुसार छुट्याउनु पर्ने बजेट त्यसैमा खर्च गर्ने (यसो नगरेर गाउँ परिषद्द्वारा रकमान्तर गरी अन्य क्षेत्रमा खर्च गरिएको अवस्था छ यद्यपि विगत वर्षहरूका तुलनामा यो प्रवृत्ति केही मात्रामा घटेको छ), ५) यसो नगरौं भनी सामाजिक परिचालकले अनुरोध गर्दा पनि सम्बन्धित व्यक्तिहरूले बेवास्ता गरिरहेकाले यसलाई रोक्न लक्षित समुदायका व्यक्तिहरूलाई सचेत बनाई आन्दोलित गर्न लगाउनेसम्मको सोचाइ सामाजिक परिचालकमा विकासित भएको अवस्था छ। यद्यपि यी पहलहरूले तत्काल परिवर्तन ल्याएका त छैनन् तर परिचालक र लक्षित समुदायबाट यस्तो जायज विषयवस्तु उठ्नु पनि समाज परिवर्तनका लागि राम्रो लक्षण हो।

**अध्ययनका प्राप्तिहरु**

क) **पिछडिएको समुदायलाई मूल धारमा ल्याउन वैकल्पिक शिक्षा वा सहजीकरण आवश्यक पर्छ,** समाज परिवर्तनका लागि परिचालित मानवीय संवाहकले समुदायका सदस्यहरूको सचेतना वृद्धि तथा आर्थिक विकास गर्नका लागि सहजीकरणको रणनीति प्रयोग गर्नुपर्छ। आयमूलक व्यवसायका लागि सम्भाव्यता अध्ययन लगायत त्यसपछिका प्रक्रियाका लागि समुदाय र राज्यसंयन्त्रका बीचमा पुलको काम गर्नुपर्दछ। यसका अतिरिक्त निहित स्वार्थका लागि समाजभडुँवा वा सोभा जनता भड्काउने कार्य कसैले गरेमा वा अनभिज्ञताको पराकाष्ठा स्वरुप परिवर्तनलाई आत्मसात् गर्नै नसक्ने समुदायका केही नगण्य संख्यामा रहेका सदस्यहरूका लागि दवाबमूलक रणनीति पनि प्रयोग गर्नुपर्छ।

ख) **वैकल्पिक शिक्षा प्रदान गर्नका लागि मानवीय संवाहकको आवश्यकता पर्छ,** मानवीय संवाहकले विकासको दिशानिर्देश गरी र गतिलाई बढाउन सक्छ। त्यसैले राज्यले समुदायका सदस्यहरूमा विकास गर्नुपर्ने मानवीय गुणहरूको पहिचान गरी त्यसमा काम गर्न सक्षम मानवीय संवाहक अनिवार्य रूपमा परिचालन गर्नुपर्छ।

ग) **संवाहकको विशेष सीप, क्षमता र भावना विकास गराउन पर्छ,** यहाँ अध्ययन गरिएको मानवीय संवाहक विशेष लगाव भएको र सम्बन्धित समाजमा भिजेको वा स्थानीय भएकाले उल्लेखनीय भूमिकामा देखिएका छन्। संवाहकबाट अझ गुणस्तरीय सेवा लिने हो भने समाजका सदस्यहरूका बीचमा रही काम गर्नका लागि विशेष शिक्षा र सीप भएको सामाजिक परिचालकलाई प्रयोग गर्न उपयुक्त देखिन्छ।

### निष्कर्ष

यस तथ्यपरक अध्ययनले शिक्षा र विकाससँग सम्बन्धित मान्यताले असमानतायुक्त सामाजमा पिछडिएका समुदायका नागरिकमा वैकल्पिक शिक्षामार्फत् समाज विकासको गति बढाउनका लागि मानवीय संवाहक आवश्यक पर्ने कुरालाई प्रकाश पारेको छ। यस अध्ययनले सामाजिक परिचालिकाले नागरिकको आफ्नो हक अधिकारका लागि लड्ने चेतनाको स्तर बढाउन र स्वास्थ्यसम्बन्धी बानी–व्यवहार विकास गराउन रचनात्मक भूमिका खेल्न सक्न भन्ने निष्कर्ष दिन्छ। शिक्षा र विकास, वैकल्पिक शिक्षा र मानवीय संवाहक तीन अवधारणामा पूर्व साहित्यले दिएको मान्यताको वैधता बढाउनमा यस अध्ययनको प्राप्तिले थप बल प्रदान गरेको छ। २०७४ वैशाखबाट गाउँगाउँमा जनप्रतिनिधि रहेको अवस्थामा अब उनीहरू नै सामाजिक परिचालक हुन सक्छन् भन्ने तर्क आउन सक्छ तर यस अध्ययनले देखाएअनुसार समाजमा भिजेको वा स्थानीय भए पनि जनप्रतिनिधिहरूमा वैकल्पिक शिक्षाको अनुभव र विशेष लगाव भएको हुन्छ नै भन्ने छैन। साथै यस अध्ययनको सहजकर्ता स्थानीय र बिएड अध्ययनरत भएकाले ऊ वैकल्पिक शिक्षाको सैद्धान्तिक ज्ञान तथा प्रयोगात्मक अनुभवमा परिचित भएको भए उसको कार्यदक्षता अझ उच्च हुने थियो। त्यसैले राज्यले परिचालकका लागि विशेष कोषको व्यवस्था गर्ने र त्यसबाट दीक्षित भएकालाई स्पष्ट कार्यादेश र कार्यसम्पादनमा आधारित तलबको व्यवस्थाका साथ नियुक्त गर्नु पर्छ। यस्ता परिचालकले जातीय, लिङ्गीय, क्षेत्रीय असमानताका विरुद्ध पीडितलाई सचेतीकरण गर्ने, संगठित गर्ने, पीडितको पक्षमा पैरवी गर्ने र शान्तिपूर्ण विद्रोहका लागि उत्प्रेरित गर्ने काम गर्दछन्।

### सन्दर्भ सूची

Bourdieu. P. (1986). The forms of capital. In J. E.Richardsun (ed.). *Handbook of theory of research for sociology of education,(pp. 241-58)*. NY: Greenword Press.

Bowles. S. & Herbert, G. (2002). The inheritance of inequality. *Journal of Economic Perspectives, 16*(3): 3-30. DOI: 10.1257/089533002760278686.

Brey. P. (2003). 'Theorizing technology and modernity. In M. Thomas, B. Philip & F. Andrew (eds.). *Modernity and technology, 33-71*. MT: MIT Press.

Carney. S. & Madson, U. A. (2009). A place of one's own: schooling and the formation of identities in modern Nepal. In J. Zadia et al. (eds.). *Nation Building, Identity, Citizenship Education: Cross-sectional Perspectives, Globalization, Comparative Education and Policy Research 3*. Springer Science+ Business Madia B.V.

Carroll. J. (2000). Freire's message for social workers: looking back, looking ahead. *Journal of community Practice, 8* (1), 21-36. The Haworth Press, Inc.

Coombs. P. H. & Ahmed, M. (1974). *Attacking rural poverty*. NY: WB.

Coombs. P. H. (1970). What is educational planning? Paris: Unesco, IIEP.

Creswell. J. W. (2012). *Educational research: planning, conducting, and evaluating quantitative and qualitative research*. Boston: Pearson Education, Inc.

Durkheim. E. (1956). *Education and sociology*. London: Collier-Macmillan Limited.

Giddens. A. (1991). *The consequences of modernity*. Cambridge: Polity Press,

Government of Nepal. (2069, 2071BS). *Working manual for local body* resource *mobilization and management 20719BS*. Kathmandu: Author.

Hanushek. E. A. & Wößmann, L. (2007). The role of education quality in economic growth. *World Bank Policy Research Working Paper 4122*, February 2007.

Illich. I. (1971). Deschooling Society. New York: Harper & Row.

Khati. R. (2003). *Education in dilemma*. Kathmandu: Udaya Books (P) Ltd.

Luthans. F, (2011). Organizational behaviours. NY: McGraw- Hill Companies.

Marsh. C. J. & Willis, G. (1999). *Curriculum: alternative approaches, ongoing issues*. NJ: Prentice Hall Inc.

Marx, K. (1967a). *Capital: a critique of political economy,* vol. 1. Moscow: Progress Publishers.

NIACE. (2011). *Social value of adult learning for community empowerment*. Leicester: Author.

OECD. (2012). Equity and quality in education: supporting disadvantaged students and schools. Paris: OECD Publishing. R. http://dx.doi.org/10.1787/9789264130852-e

Parsons. T. (1959). The school class as a social system: some of itsfunctions in American society. *Harverd Eduvational Review, 29*(4), 297-318.

Parsons. T. (1991).*The social system, 2nd ed.* London: Routledge.

Patil. N. P. (2012). Role of education in social change. *International Educational E-Journal, 1* (2), 205-210.

Pigg. S. (1992). Inventing social categories through place: social representation and development in Nepal. *Comparative Studies in Society and History, 34*, 491-513.

Print. M. (1993). *Curriculum development and design*. St Leonards: Allen & Unwin Pty Ltd.

Reimer. E. (1971). *School is dead (aAn essay on alternatives in education)*. Harmondsworth: Penguin.

Sewell. W. H. (1992). A theory of structure: duality, agency, and transformation. *American Journal of Sociology, 98* (1), 1-29. Chicago: Chicago University Press.

Skinner. D. & Holland, D. (1996). School and cultural production of educated person in a Nepalese Hill Community. In B. Levinson, D. E. Foley & D. C. Holland (eds). *The cultural production of educated person: critical ethnographies of schooling and local practices*. NY: State University of New York Press.

United Nations (2003). *Population, education and development* ST/ESA/SER.A/226. NY: Department of Economic and Social Affairs Population Division.

# आरुको फूल कथामा यौनमनोविज्ञान

भीष्मराज पौडेल
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
bhishma.raj@gmail.com

**लेखसार**

*प्रस्तुत लेखमा फ्रायडका प्रमुख मनोवैज्ञानिक मान्यताहरूको चर्चा गर्दै पात्रका मानसिक स्थितिको विश्लेषण गर्ने वा यौन अतृप्तिका कारण पात्रको मानसिकतामा के कस्तो प्रभाव पर्न जान्छ र त्यसबाट उसको जीवन कसरी दुर्घटित हुन जान्छ भनेर हेर्ने नवीनतम समालोचना पद्धतिको रूपमा मनोवैज्ञानिक समालोचना पद्धति रहेको छ भन्ने देखाइएको छ। विशेष गरी फ्रायडीय मान्यताका आधारमा आरूको फूल कथाकी पात्र रश्मिमा अतृप्त यौनाकांक्षाका कारण देखिएका मनोवृत्तिहरूलाई सम्बन्धित अंश उधृत गरी यहाँ देखाइएको छ।*

**शब्दसूची** : इदम्, अहम्, पराहम्, अचेतन, अवचेतन, चेतन, अहम् प्रचालन, यौन प्रचालन, जीवन मूल प्रवृत्ति, मृत्यु मूल प्रवृत्ति उच्चता ग्रन्थी, हीनता ग्रन्थी।

## विषय परिचय

आरूको फूल कथाकी स्रष्टा पद्मावती सिंह (२००५) हुन्। समाजमा जरो गाडेर बसेका विभिन्न विकृति र विसङ्गति, नारीजीवनका पीडा, जीवन जिउनेक्रममा प्राप्त व्यक्तिगत अनुभव र अनुभूतिहरूलाई आफ्ना सृजनाको विषयवस्तु बनाउने सिंह २०२२ सालमा आरती पत्रिकामा पत्थरको हृदय शीर्षकको कथा प्रकाशित गरी नेपाली कथा सहित्यमा प्रवेश गरेकी हुन्। यिनका कथादि (२०३८), कथायान (२०४९), कथाकार (२०४४), पद्मावती सिंहका कथाहरू (२०५७), मौन स्वीकृति (२०६५), समय दंश (२०६७) कथासङ्ग्रहका साथै समानान्तर आकाश (२०६२), विश्रान्ति (२०७१) जस्ता उपन्यासहरू पनि प्रकाशित छन्। नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदरस्वरुप यिनलाई रत्नश्री स्वर्णपदक (२०३९), मैनाली कथा पुरस्कार (२०४७), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५९), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९) जस्ता पुरस्कारबाट सम्मानित गरिएको छ। आफ्नो जीवनमा यिनले नेपाल परिवार नियोजन संघ, एशिया फाउण्डेसन, सेभ दि चिल्ड्रेन (यू.एस.ए.), जस्ता प्रसिद्ध संस्थामा विभिन्न पदमा रहेर काम गर्नुका साथै जागिरे जीवनको समाप्तिपछि समाजसेवामा आफूलाई समर्पित (प्रसाईं,पृष्ठ १११) गरेको देखिन्छ। जागिरे जीवनमा विभिन्न क्षेत्रमा पुग्दा त्यहाँको समाज, जनजीवनलाई नजिकबाट नियाली त्यहाँ

*पौडेल नेपाली विषयका शिक्षण सहायक हुनुहुन्छ।*

देखिएका सामाजिक, सांस्कृतिक, लैङ्गिक विकृति र विसंगतिले यिनलाई ज्यादै नै प्रभाव पारेको देखिन्छ। यिनै प्रभावहरू नै यिनका साहित्यिक कृतिहरूमा यथार्थ रूपमा अभिव्यक्त भएका छन्।

पाश्चात्य साहित्य जगत्‌मा मनको वैज्ञानिक अध्ययन गर्ने शास्त्रका रूपमा प्रचलित साइकोलोजी शब्दकै समानार्थी शब्द मानेर नेपाली भाषामा मनोविज्ञान शब्लाई प्रयोगमा ल्याइएको छ। अनेक अर्थ वहन गर्दै आएको यस शब्दले नेपाली समालोचनाका क्षेत्रमा मूलत : मनमा उब्जने विविध विचार, मनको प्रवृत्ति, अवस्था, क्रियाकलाप आदिको विस्तृत विवेचनापरक अर्थलाईं कायम राखेको छ।

आरूको फूल कथा मानिसभित्र रहेको यौन आकांक्षालाई अत्यन्त कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको उत्कृष्ट कथा हो। यस लेखमा उक्त कथालाई आधार मानेर भर्खर रजोदर्शन गरेकी र जनेन्द्रियावस्थालाई प्राप्त गरेकी एउटी किशोरीका मनमा जागेका चाहनाहरूलाई फ्रायडीय यौन मनोविज्ञानका आधारमा विश्लेषण गरिएको छ।

## फ्रायडीय मनोविश्लेषण सिद्धान्त

अङ्ग्रेजीमा साइकोएनलासिस भनिने सिद्धान्तलाई नेपाली भाषामा मनोविश्लेषण सिद्धान्त भनिन्छ। साइकोएनलासिस शब्दको निर्माण सन् १८९६ मा मनोविश्लेषण सिद्धान्तका प्रवर्तक सिग्मन्ड फ्रायड (सन् १८५६-१९३९) ले गरेका हुन् (शर्मा र लुइटेल. २०६१. पृ. १६१)। हुन त इसापूर्वका प्लेटो, अरस्तुले मानिसका मनमा साहित्यद्वारा पर्न जाने प्रभावका बारेमा चर्चा गरेको भए तापनि त्यस समयमा यसले साहित्य समालोचनाको मान्यता भने प्राप्त गर्न सकेको थिएन। मनोविश्लेषणलाई साहित्य अध्ययनको नवीनतम शाखाको रूपमा स्थापित गराउने व्यक्तिका रूपमा सिग्मण्ड फ्रायड रहेका छन् (भण्डारी. २०५६. पृ. ३)।

## मनोविश्लेषणका आधार

प्लेटो, अरस्तुदेखि सुरुवात भएको मनोवैज्ञानिक चिन्तन परम्पराको पृष्ठभूमिमा सन् १८९६ पछि सेक्सपियरका ह्याम्लेट लगायतका कृतिहरूमा मनोविश्लेषणात्मक समालोचनाको प्रयोग गर्दै फ्रायड र त्यसपछि उनका सहकर्मी तथा शिष्य एडलर, युङ, नवफ्रायडवादी ओट्टो ऱ्याङ्क, विल्हेम रिच, जाक लकाँ आदिले यसलाई पूर्णता दिएका हुन् (शर्मा र लुइटेल. २०६१. पृ. १६७)। मनको विश्लेषण गर्ने चिन्तनको सूत्रपात फ्रायडले नै गरेको हुनाले यसलाई फ्रायडीय सिद्धान्त भनिन्छ। मूलप्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, दमनको सिद्धान्त, अन्तर्द्वन्द्वको सिद्धान्त, मनोरचनाको सिद्धान्त, सपनाको सिद्धान्त, मनोलैङ्गिक उत्पत्तिको सिद्धान्तलाई फ्रायडीय मनोविश्लेषण समालोचनामा अन्तर्भूत गरिएको छ।

## मूलप्रवृत्तिको सिद्धान्त

फ्रायडले मूलप्रवृत्तिलाई व्यक्तिको गतिशीलताको प्रमुख स्रोत मानेका छन्। मूलप्रवृत्ति एक प्रकारको जन्मजात

अनार्जित मनोशक्ति हो अर्थात् यो मानसिक शक्तिहरूको जन्मजात तात्विक योग हो भन्ने फ्रायडको विचार छ। व्यक्तिका व्यवहार यिनै मूल प्रवृत्तिका कारणले घटित हुन्छन् (भण्डारी. २०५६. पृ. २१)। व्यक्तिको व्यक्तित्वलाई सम्पन्न बनाउने मूल प्रवृत्तिका स्रोत, लक्ष्य, वस्तु र गतिशक्तिजस्ता चारओटा विशेषता हुन्छन्। शारीरिक आवश्यकताहरूले व्यक्तिमा उत्तेजना र असन्तुलन पैदा गर्नु नै मूल प्रवृत्तिको स्रोत हो। मूल प्रवृत्तिले उत्तेजना र असन्तुलनलाई निराकरण गर्ने कार्य गर्दछ। मानव जीवनको बाल्यकालमा यो प्रवृत्ति ज्यादा सक्रिय रहन्छ भने क्रमशः उमेर बढ्दै जाँदा यो प्रवृत्ति क्रमशः कमजोर हुँदै मृत्यु मूल प्रवृत्ति हावी हुन थाल्दछ। यो पनि अहम् प्रचालन र यौन प्रचालन गरी दुइ प्रकारको हुन्छ। भोक, प्यास, निद्रा, यौन, विश्रामजस्ता मानवका अनिवार्य आवश्यकताहरूको पूर्ति गर्नु अहम् प्रचालनको काम हो भने महिला–पुरुषका बीचमा हुने पूर्ण/अपूर्ण यौनिक क्रियाकलापका साथै बाबुआमाको छोराछोरीप्रतिको प्रेम, वात्सल्य, मित्र, पतिपत्नी, दाजुभाइ, दिदीबहिनीका बीचको प्रेमका साथै अन्य सम्पूर्ण सामाजिक सम्बन्ध कायम गरी जीवनलाई सुखमय बनाउने काम यौन प्रचालनले गरेको हुन्छ। मानिसमा सृजनात्मक र संरक्षणात्मक प्रवृत्तिका साथै विध्वंशात्मक प्रवृत्ति पनि रहेको हुन्छ। जसले व्यक्तिलाई प्रेमका साथै घृणा, जीवन रक्षाका साथै हत्या, निर्माणका साथै विनाश कार्य गर्न उत्प्रेरित गर्दछ यसैलाई नै मृत्यु मूल प्रवृत्ति भनिन्छ। मानिसमा रहेका विभिन्न विनाशकारी अन्तःप्रेरणाहरूले नै उसलाई विनास वा मृत्यतर्फ अग्रसर गराउँदछन् (भण्डारी. २०५६. पृ. २६)।

**मनको सिद्धान्त**

मनोविश्लेषण सिद्धान्त विशेष गरेर कृतिमा देखिएको पात्रको मानसिक स्थिति र कृतिकारको मानसिक अवस्थाको अध्ययन, विश्लेषण गरिने सिद्धान्त भएकाले फ्रायडको मनोविश्लेषण सिद्धान्तमध्येको प्रमुख सिद्धान्तको रूपमा मनको सिद्धान्त रहेको स्पष्ट हुन्छ। मन मूर्त वस्तु नभई अमूर्त वस्तु हो। जसका कारण हामी मनलाई प्रत्यक्षतः देख्न भने सकिदैन तर अनुभव गर्न सकिन्छ। जब मानिसको अगाडि एकभन्दा बढी विरोधी प्रेरकहरू उपस्थित हुन्छन् तब मनका आकारात्मक पक्ष र गत्यात्मक पक्षको ज्ञान हुन थाल्दछ। मनको आकारात्मक पक्ष पनि चेतन, अवचेतन र अचेतन गरी तीन प्रकारको हुन्छ। त्यस्तै फ्रायडले मनको गत्यात्मक पक्षलाई इदम्, अहम् र पराहम् गरी तीन वर्गमा विभाजन गरेका छन्।

**दमनको सिद्धान्त**

व्यक्तिको अचेतन मनमा उत्पन्न हुने अनन्त इच्छाहरू जुन पूरा हुन योग्य छन् तिनलाई अवचेतन मनसँग सम्बन्धित अहम्ले बाहिर निस्कन अनुमति प्रदान गर्दछ र पूरा हुन्छन् तर जुन चाहना अनैतिक, अमर्यादित, असामाजिक र दुःखपूर्ण हुन्छन् तिनलाई बाहिर निस्कन वा तिनको सन्तुष्टि अहम्ले हुन दिँदैन। जसको फलस्वरूप चेतन मनमा अन्तर्द्वन्द्वको जन्म हुन पुग्दछ। यसबाट बच्न ती सम्पूर्ण अपूर्ण इच्छाहरूको दमन अचेतन मनमा हुन जान्छ। यस

प्रकारको क्रियालाई नै दमनको सिद्धान्त भनिन्छ। इदम्भन्दा माथिल्लो स्तरमा रहेको अहम्लाई बाह्य वातावरण, धार्मिक, नैतिक आदि पक्षको ज्ञान हुनाका कारण यसले इदम्द्वारा प्रेषित चाहनाहरू माथि सेन्सर गर्दछ। अहम्ले सेन्सर गरी बाह्य वातावरण अनुकूलका चाहनालाई चेतनमा जाने अनुमति दिन्छ र वाह्य वातावरण, नीति, नियम, सामाजिक मर्यादा आदिको प्रतिकूल रहेका अनैतिक चाहनालाई चेतनमा जान नदिई अचेतनमा धकेली दमन गर्दछ। कतिपय अवस्थामा अहम्ले चेतनमा जाने अनुमति दिएका चाहनाहरूलाई पनि पराहम्ले सामाजिक, नैतिक दृष्टिले निन्दनीय ठहऱ्याएर सेन्सर गरी सन्तुष्टिमा अवरोध सृजना गर्दछ र अचेतनमा धकेलिदिन्छ अर्थात् दमन गर्दछ (भण्डारी. २०५६. पृ. ६९)।

## अन्तर्द्वन्द्वको सिद्धान्त

व्यक्तिमनमा एकैसाथ उत्पन्न हुने समान वा भिन्न-भिन्न इच्छाहरूको पूर्ति एकैसाथ हुन नसक्दा उत्पन्न हुने मानसिक स्थितिलाई नै अन्तर्द्वन्द्व भनिन्छ। फ्रायडका अनुसार मानिसको जीवनको विकास यस्तै अन्तर्द्वन्द्वका शृङ्खलाबाट भएको हुन्छ (भण्डारी. २०५६. पृ. ७५)। विशेषतः यसप्रकारको अन्तर्द्वन्द्व व्यक्तिमनको गत्यात्मक पक्ष इदम्, अहम् र पराहम्मध्ये कुनै दुईका बीचमा वा तीनवटै पक्षका बीचमा हुन सक्दछ। अन्तर्द्वन्द्वको मात्रा बढ्दै गएमा व्यक्ति असामान्य बन्न पुग्दछ र मानसिक रोगी समेत बन्न सक्दछ। अन्तर्द्वन्द्वमा सन्तुलन कायम राख्न र सामान्जस्यता स्थापित गर्न सके व्यक्तित्वको विकास हुन्छ भने सन्तुलन स्थापित हुन नसक्दा यथार्थ, नैतिक, मनस्तापी, दुष्चिन्ताहरू उत्पन्न भई व्यक्तिको व्यक्तित्व नाश हुन पुग्दछ (शर्मा र लुइटेल. २०५६. पृ. १८६)। दुश्चिन्ताहरू तीन प्रकारका हुन्छन् : यथार्थ दुश्चिन्ता, मनस्तापी दुश्चिन्ता, नैतिक दुश्चिन्ता।

## मनोरचनाको सिद्धान्त

व्यक्तिको अहम्को रक्षाको निमित्त प्रयोग गरिने मनोरचना सिद्धान्त व्यक्तिको आन्तरिक व्यक्तित्वसँग सम्बन्धित मानसिक एकाइ हो कसै कसैले यसलाई अहम् प्रतिरक्षारचनाको सिद्धान्त पनि भनेका छन्। यो व्यक्तिको अहम्को रक्षासँग सम्बन्धित हुन्छ। जब इदम् र उच्चाहम्का बीच अन्तर्द्वन्द्व उत्पन्न हुन्छ तब अहम्लाई सघाउने प्रतिरक्षाको उपायलाई नै मनोरचना वा अहम् प्रतिरक्षारचना भनिन्छ (शर्मा र लुइटेल. २०६१. पृ. १७७)। कुण्ठा वा अन्तर्द्वन्द्व चेतन वा अचेतन रूपमा उत्पन्न भएपछि व्यक्ति चिन्तित हुन पुग्दछ। तनावपूर्ण अवस्थामा व्यक्तिको अहम् असुरक्षित हुने हुँदा अहम्ले आफ्नो सुरक्षा प्रतिरक्षारचनाको सहायताले गर्दछ। अतः यो मनोरचना अहम्द्वारा अहम्को रक्षाका लागि अचेतन रूपमा गरिएको सूक्ष्म सुरक्षात्मक प्रयास हो (भण्डारी. २०५६. पृ. ८२) व्यक्तिको अहम्ले इदम्, उच्चाहम् र वातावरणका बीच उत्पन्न अन्तर्द्वन्द्वबाट बच्न २४ प्रकारका मनोरचनाको सहयोग लिएको हुन्छ।

### सपनाको सिद्धान्त

मानिसले निदाएको समयमा देख्ने दृश्यहरूलाई सपना भनिन्छ। व्यक्तिले चेतन अवस्थामा कहीँ कतै देखेका/सुनेका कुराहरू नै निदाएको बेलामा सपनाका माध्यमबाट साकार रूपमा मूर्तिन पुगेका हुन्छन् । यसैका माध्यमबाट व्यक्तिको अचेतन मनको अध्ययन मनोविज्ञानीहरूले गरेको देखिन्छ। अतः व्यक्तिमनको अचेतन पक्षको अध्ययन गर्ने सिद्धान्त विशेषलाई नै सपनाको सिद्धान्त भनिन्छ । सपनालाई अचेतन मनका इच्छाहरू चेतन मनमा छद्म रूपमा प्रवेश गर्ने प्रक्रिया हो भनी परिभाषित गरिएको छ (शर्मा र लुइटेल. २०६१. पृ. १७८)। सपनाले व्यक्तिलाई केही समयका लागि जीवनका क्रुर एवम् कठोर वास्तविकतालाई बिर्सिएर काल्पनिक संसारमा आफू अनुकूल जीवन बिताउने अवसर प्रदान गरी सुख दिने काम गर्दछ। फ्रायडले सपनाका विशेषता उल्लेख गर्दै सपनाले निद्राको रक्षा गर्छ, सुरक्षित ढोकाको काम गर्छ, इच्छापूर्तिको माध्यम र अचेतनतर्फ जाने राजपथ हो भनेका छन्।

### मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त

व्यक्तित्वको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने सिद्धान्तको रूपमा मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त रहेको छ। यसलाई कामशक्ति/यौनप्रवृत्ति पनि भनिन्छ । यौनप्रवृत्तिको केवल शारीरिक महत्त्व मात्र नभई मनोवैज्ञानिक महत्त्व पनि रहेको हुन्छ। फ्रायडले यौनलाई लिविडो शब्दले सम्बोधन गरेका छन् । जीवनमा उचित, अनुचित सबै प्रकारका कार्यहरूको मूलमा कामशक्ति वा यौनशक्तिको भूमिका रहेको हुन्छ भन्ने मान्यता राख्ने फ्रायडले यौनलाई जीवनदायिनी शक्तिका साथै व्यक्तित्व विकासको मेरुदण्डको रूपमा लिएका छन् । यिनी भन्दछन् "व्यक्तिमा यौनिक विकास वाञ्छित रूपले हुन्छ भने व्यक्तित्व सामान्य हुन्छ र यदि यसको विकासमा अत्यधिक अवरोध तथा विकृति उत्पन्न भएमा व्यक्तित्वमा पनि विकृति उत्पन्न हुन पुग्दछ (भण्डारी. २०५६. पृ. १३३)।

### आरुको फूल कथामा यौनमनोविज्ञान

फ्रायडका मुख्य मुख्य मनोवैज्ञानिक सिद्धान्तका आधारमा आरूको फूल कथाकी प्रमुख पात्र रश्मि र उसकी आमाको चरित्रिक विशेषताका साथै रश्मिमा देखिएको यौनमनोभावनालाई यसमा विश्लेषण गरिएको छ।

### आरुको फूल कथा आख्यान सन्दर्भ

आरूको फूल कथा लैङ्गिक विकासका दृष्टिकोणबाट हेर्दा जनेन्द्रियावस्थामा पुगेकी एउटी किशोरीको अन्तर्मनमा उब्जिएका यौन मनोभावनालाई कथ्य विषयवस्तु बनाई लेखिएको यौन मनोवैज्ञानिक कथा हो। कथाकी प्रमुख पात्र रश्मिमा यौनाङ्गको पूर्ण विकासको संकेत रजस्वलाका माध्यमबाट भएको छ। उसको घरको बगैंचामा रहेको आरूको बोटमा पनि पहिलोपल्ट फूल फुलेको छ। रश्मि र मुना यसमा आरूका ठूला ठूला रसिला फल लाग्ने आशा गर्दछन्। उसको घरको सामुन्नेको घरबाट एउटा युवकले उसलाई नियालेको देख्छे। उसलाई पनि त्यो युवक

हेरेको मन पर्छ। युवकले आफूलाई हेरोस् भन्ने सोचेर रश्मि आफ्नो घरको कौशीमा आएर बस्छे। आमाले गाली गर्दा उसलाई नरमाइलो लागेको छ। रजस्वला भएपछि परम्पराअनुसार रश्मिले एघार दिन गुप्तबास बस्नु पर्छ। उसलाई सिंगारिन मन लाग्छ। आफ्नो सुन्दरता देखेर आफैं मख्ख पर्छे। यो सुन्दर रूप पल्लो घरको युवकलाई देखाउन पाए हुन्थ्यो भन्ने सोच उसमा जाग्दछ। सोच्दा सोच्दै बगैंचाको आरूको बोट बलिष्ठ पुरुष बनेर आफूलाई अँगालोमा लिएको अनुभव गर्न पुग्छे। गुप्तबास पछिका दिनमा उसको समय आरूको बोट मुनि बित्न थाल्छ। उसलाई पल्लो घरको युवकको आँखाले पछ्याएको थाहा पाउँदा आनन्दको अनुभूति हुन्छ। आरूका बोटमा लागेका फल पाक्न थालेपछि उसमा फल खाने इच्छा जाग्दछ तर हजुरआमाको देवतालाई नचढाई खान हुँदैन भन्ने भनाइले रोक्दछ। हावाले झारेको आरूको फल हातमा उठाए पनि मुनाको आगमनले फललाई मुठी पारेर लुकाएर राख्छे।

**फ्रायडीय सिद्धान्तका आधारमा 'आरुको फूल 'कथाको विश्लेषण**

यस लेखमा भर्खर रजोदर्शन गरेकी र जननेन्द्रियवस्थालाई प्राप्त गरेकी एउटी किशोरी रश्मिका मनमा जागेका चाहनाहरूलाई फ्रायडीय यौन मनोविज्ञानका आधारमा निम्न उपशीर्षकमा विश्लेषण गरिएको छ :

**'आरुको फूल 'कथामा मूलप्रवृत्तिको सिद्धान्त**

यस कथाकी मुख्य पात्र रश्मिमा जीवनमूलप्रवृत्ति अन्तर्गतको यौन प्रचालन जाग्न गएको छ त्यसैले त उनीभित्र आफूलाई सिगार्ने चाहना जागेको छ, आफ्नो सौन्दर्य देखी आफै मुग्ध बनेकी छ र अहम् जागेको छ। जसलाई तलको साक्ष्यमा देख्न सकिन्छ :

> उनले पहिले दुई चुल्ठा सलक्क बाटिन्। त्यसपछि गाजल लगाइन्। दुई आँखीभौंको बीचमा टुपुक्क रातो टीका लगाइन्। ओठमा अनकनाउँदै लिपिस्टिक लगाइन्।....(पृष्ठ ४२)।

हठात् आमाको कोठामा प्रवेश र आमालाई आज कोही साथी पनि नआएकाले नरमाइलो र नियास्रो लागेकाले सिंगार गरेर बसेकी भनी स्पष्टीकरण दिन पाउँदा नपाउँदै आमाले उसलाई "रश्मि, मलाई उत्ताउलो पाराले सिंगार गरेको पटक्कै मन पर्दैन।" भन्दै हप्काउँदा आमाका क्रियाकलापका कारण रश्मिको अन्तर्मनको प्रफुल्लता विलीन हुन पुगेको छ र मृत्युमूल प्रवृत्ति जाग्न पुगेको छ। यही प्रवृत्तिको फलस्वरूप रश्मिले आमाले "चिया खान्छ्यौ" भनी सोद्धा चिया खाने प्रबल इच्छा हुँदाहुँदै पनि उसले नखाने भन्ने जबाफ दिएकी छ। आमा कोठाबाट गइसकेपछि आमाका भनाइका कारण उसमा उत्पन्न क्रोध अझ प्रवल भएर देखिएको छ र विद्रोही बनेर देखिएकी छ :

> कोठाबाट आमा निस्कनासाथ रश्मिले जुरुक्क उठेर पहिले ढोकाको छिड्की लगाइन्, त्यसपछि उदास अनुहार पारेर एकपल्ट आफ्नो अनुहार ऐनामा हेरिन्। अब ....;(पृष्ठ ४२)

हरेक व्यक्तिमा जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्ति जन्मजात रूपमा रहेका हुन्छन् । यी दुईको स्वभाव ठीक विपरीत देखिन्छ । एउटाले व्यक्ति मनलाई सकारात्मक, सृजनात्मकतातर्फ लाग्न उत्प्रेरित गर्दछ भने अर्कोले विनाशतर्फ उत्प्रेरित गर्दछ। व्यक्ति जब मायालु, सृजनात्मक देखापर्दछ तब उसमा जीवनमूल प्रवृत्ति सशक्त बनेको हुन्छ तर जब व्यक्ति रिसाउने, झगडा गर्ने गर्दछ तब उसमा मृत्यु मूल प्रवृत्ति सशक्त बनेर आएको हुन्छ। यसरी विपरीत प्रवृत्तिका रूपमा यी दुई प्रवृत्ति देखा परे तापनि व्यक्ति, जीवन यी दुवै प्रवृत्तिको सहयोगबाट सञ्चालित हुन्छ। यी दुवै मूल प्रवृत्ति विरोधी स्वभावका भए तापनि सामान्य व्यक्तिमा यी दुवैले मिलेर काम गर्दछन्। माथिका दुई प्रसङ्गका आधारमा हेर्दा कथाकी प्रमुख पात्र रश्मिमा यी दुवै प्रवृत्ति एकसाथ रहेको देखिन्छ।

**'आरुको फूल' कथामा मनको सिद्धान्त**

यस कथाकी प्रमुख पात्र रश्मिमा इदम् ,पराहम् पक्ष र चेतन अवचेन मन प्रवल रूपमा सक्रिय रहेको देखिन्छ। व्यक्तिका क्रियाकलापहरू निरर्थक र निरुद्देश्य हुँदैनन् भन्ने फ्रायडीय मान्यताका आधारमा हेर्दा यस कथामा देखिएका रश्मिका क्रियाकलापहरू, उसका भनाइहरू निरर्थक छैनन्। यौवनावस्थालाई प्राप्त गर्दै गरेकी रश्मिका अन्तर्मनमा उब्जिएका यौनाकांक्षा मुनासँगको वार्तालापमा यसरी व्यक्त भएका छन् :

> "हेर, अब छिट्टै यो बोटमा आरू फल्नेछ।" रश्मिले बगैंचाको पश्चिमपट्टि झ्यांगिएको आरूको बोट औंल्याउँदै भनिन्।
>
> "कहिले हो कहिले ?" मुनाले भनिन्।
>
> "यसमा फल्ने आरू निश्चय नै मिठा हुनेछन्, ठुलठुला, खुब रसिला...."
>
> "आरू नै नफली कसरी भन्न सकिन्छ र ?"
>
> "अँ थाहा पाइहालिन्छ नि...."(पृष्ठ ३९)।

यहाँ झ्याङ्गिएको आरूको बोटको माध्यमबाट रश्मिले आफूमा आएको बैसको अवस्थालाई प्रतीकात्मक ढङ्गबाट अभिव्यक्त गरेकी छ। पूर्ण वयस्कतालाई प्राप्त गरेपछि यौनिक आनन्द प्राप्त गर्ने चाहना जाग्छ र यहाँ त्यो आनन्द प्राप्त गर्न रश्मि लालायित छ। यहाँ आरूको फलले पुरुषको पौरुषत्वलाई सङ्केत गरेको छ। आरूको फल खुब रसिलो र मिठो हुन्छ भन्नु, मुनाले नफली कहाँ थाहा पाइन्छ भन्दा अँ थाहा पाइहालिन्छ नि भनेर प्रतिवाद गर्नुले रश्मिभित्र जागेको यौन चाहनालाई अभिव्यक्त गरेको छ।

**'आरुको फूल' कथामा दमनको सिद्धान्त**

समय बित्दै जाँदा रश्मिभित्रको इदम् शक्तिशाली बन्दै गएको छ। अहम् र पराहम् कमजोर हुने बित्तिकै अचेतनमा दबेर रहेको काम भावना सशक्त बनेर आएको छ। त्यसैले रश्मिभित्रको यौन चाहना प्रवल बन्दै गएको देखिन्छ।

> अघिल्तिर झ्यालबाट चिहाउने आँखाहरू निर्धक्क उनीसम्म आइपुग्छन्। बिस्तार बिस्तार....(पृष्ठ ४४)।

रश्मिको मनमस्तिष्क चौबिसै घण्टा त्यही बास्नाले आकर्षित भई त्यसलाई खाने एक अशिम रहर उत्पन्न भइदिन्छ (पृष्ठ ४४)।

...रश्मिभित्र जागृत हुन पुगेको यौन चाहनालाई अहम् र पराहम्ले सामाजिक, नैतिक, आदि मर्यादाका कारण पूरा हुन नसक्ने भन्दै अचेतन मनतर्फ नै फर्काएर दमन गर्न पुगेको देखिन्छ।

## 'आरूको फूल' कथामा अन्तर्द्वन्द्वको सिद्धान्त

यहाँकी पात्र रश्मि अन्तर्द्वन्द्वमा फसेकी छ। पौरुषत्वको प्रतीक बनेर आएको आरूको बोटमा फल लागेदेखि नै उसमा उक्त फल खाने इच्छ जागेको छ तर हजुरआमाको पहिला फल देउतालाई चढाउनु पर्छ अनि मात्र खानु पर्छ भन्ने भनाइले उसलाई फल खानबाट रोकेको छ। यहाँ रश्मिभित्रको इदम्ले आरूको फल (प्रतीकात्मक रूपमा पौरुषत्व) खान उत्प्रेरित गरेको छ (फल खानु अर्थात यौन चाहना पूरा गर्नु ) तर पराहम्ले यो अनैतिक कार्य हो भनेको छ। देवतालाई फल चढाउनु पर्छ भन्नु सामाजिक मर्यादामा रहेर वैवाहिक सम्बन्ध कायम भएपछिमात्र यौन चाहना पूरा गर्नुपर्छ भन्ने कुरा रश्मिको पराहम्ले गरेको छ। उदाहरण :

> आरूको बोटमा फूल फुलेदेखि हजारपल्ट उनकी बज्यैले दिनहुँ झैँ "देउतालाई नचढाई पहिलोपल्ट आफ्नो बारीमा फलेको फल टिपेर खानु हुँदैन है" भनिसकिन्। बज्यैको डरले उनले आरू टिप्ने साहस गरेकी छैनन्।
>
> एकपल्ट बज्यै र आमा कीर्तनमा जाँदा उनले झन्डै आरू टिपेर खाइसकेकी तर कुन्नि के मनमा आएर उनले टिप्न बढाइसकेको हात पनि रोकेकी थिइन्।
>
> सधैँ झैँ आरूको बोटमुनि उनी अल्झिरहेको बेला बतास चलेर एक दाना पाकेको आरू उनका खुट्टैमुनि खस्यो। खस्नासाथ आरू हातमा लिएर उनी एकछिन अन्यमनस्क भइरहिन्।
>
> एक मनले देउतालाई चढाउन बज्यैलाई दिनुपर्छ, भन्छ अर्को मनले यसलाई कसैले नदेखीकन खानुपर्छ भन्छ (पृष्ठ ४४)।

इदम् र पराहम्का बीच द्वन्द्व चल्दा यसको प्रत्यक्ष असर रश्मिमा परेको देखिन्छ। इदम् भन्छ यो फल खाइहाल पराहम् भन्छ यसो गर्नु पाप हो। उसले के गर्ने के नगर्ने भन्ने कुनै कुरा सोच्न सकेकी छैन। यस्तो अवस्थामा बज्यैलाई आफूतर्फ आउँदै गरेको देख्दा भने इदम् पराजित भएको छ र पराहम्को जित हुन पुगेको छ। तर यो अवस्था केही समयको लागि मात्र रहन्छ। रश्मिले पल्लो घरको झ्यालतिर दृष्टि पुर्याउँदा त्यहाँ आफूलाई नै नियालिरहेको आँखालाई देख्ने बित्तिकै उनीभित्र फेरि इदम् बलवान भएर देखिन्छ र आरूको फल खाने चाहना अझ दृढ भएर आएको छ।

**मनोरचनाको सिद्धान्त**

यस कथामा रश्मिको चरित्रमा सन्तुलन ल्याउनमा ऊभित्रको अहम्ले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। रश्मिभित्रको इदम्ले उसमा जागृत यौनेच्छा पल्लो घरको युवकसँग सम्पर्क बढाएर पूरा गर्न खोजेको छ तर पराहमले नैतिकता, सामाजिक मर्यादा आदिका कारण सम्भव हुदैन भने पछि अहम्ले यो समस्याको समाधान प्रतीकात्मरूपमा आरूको बोटलाई युवकको रूपमा उभ्याएर गरेको छ। रश्मिले आरूको बोटको सामीप्यतामा अलौकिक आनन्द प्राप्त गरेकी छ :

ओठभरि कलिलो मुस्कान लिएर रश्मिले भनिन् "मुना हाम्रो बारीको आरूको बोटमा फूल फुलिसक्यो, देख्यौ ?"

"देखें।"

" अब तयसमा चाँडै फल लाग्नेछ।"

रश्मिका आँखा स्वप्निल हुँदै आए। कहिले गुफाबाट निस्कूँ र आरूको बोटलाई आँखाभरि हेरुँ जस्तो लाग्यो उनलाई – "यी बाँकी दुई दिन पहाड जस्तै भइसक्यो मलाई...।"

जसोतसो बाह्र दिन पनि बित्यो। अब रश्मिका साँझहरू आरूको बोटमुनि बित्न थाले।....(पृष्ठ ४४)।

बाल्यकालीन अवस्थामा व्यक्ति इदम्बाट परिचालित हुन्छ त्यसैले ऊ केवल सुखको अपेक्षा गर्दछ। आफ्ना इच्छा पूरा नहुँदा ऊ आक्रोशित बन्दछ, ह्रिंसक बन्दछ। त्यसैले त यस कथाकी प्रमुख पात्र रश्मि घरको बार्दलीमा बसेर पल्लो घरको युवकलाई आफूतर्फ आकर्षित गरिरहेको र प्रकृतिको सौन्दर्यमा रमाइरहेको अवस्थामा आमाद्वारा अवरोध सृजना गर्दा उसमा आमाप्रति क्रोध जाग्न गएको छः

उनका अङ्गप्रत्यङ्गमा सरसरती आँखा दौडाउँदै आमा फेरि फतफताउँछिन्–"केटाकेटी भनुँ भने केटाकेटी रहिन। तरुनी भनुँ भने लुगा लगाउनेसमेत ढङ्ग छैन, न हाँसको चाल न कुखुराको चाल।" अब भने आमाको आफूप्रतिको नौलो दृष्टि,नौलो व्यवहार र बेफ्वाकको फतफत सुनेर रश्मिलाई झर्को लागेर आयो। उनी मनमनै झर्कदै पूजा सामान लिएर के फर्केकी थिइन....(पृष्ठ ४०)।

**'आरुको फूल 'कथामा सपनाको सिद्धान्त**

यस कथाकी प्रमुख पात्र रश्मि आफ्ना अन्तर्मनमा जागृत यौनाकांक्षा पूरा गर्न चाहने पात्रकी रूपमा यहाँ देख परेकी छ। रश्मिले आफ्नो यौन अतृप्ततालाई पल्लो घरको युवकका माध्यमबाट पूरा गर्न खोजकी छ। त समाजको नैतिक नियम, मर्यादा, आमाको प्रतिबन्ध, हजुरआमाको नैतिक, धार्मिक शिक्षा आदिका कारण आफूम जागेको यौन चाहनालाई पूरा गर्न सकेकी छैन। रश्मिको अचेतनमा दबिन गएको यौन चाहनाले अहम्को सेन्सरला छद्म रूप धारण गरी तोडेको छ र रश्मिले यौनतृप्ति लिएकी छ :

बिस्तार बिस्तर पाइला सार्दै ऊ आफूनजिक बढे झैं रश्मिलाई आभास हुन्छ। उनी श्वास रोकेर चुपचाप उसक

...बढेका पाइलाहरू हेरिरहन्छिन् ।....उनका दुवै आँखा बिस्तारै बन्द हुन्छन् ।
निमेषमै उसले उनीलाई कसेर अँगालोमा बाँधिसक्छ । उनको प्रत्येक फुत्किने प्रयासमा उसको अँगालोको शक्ति बढ्दै जान्छ ।
"आहा ! तिमी कति राम्री छ्यौ – भर्खरै कोपिलाबाट फक्रेको फूल जस्ती । एकपल्ट मजासित तिमीलाई पिउन मन लागिरहेछ । " उसले कानैमा मुख ल्याएर फुसफुसाए झैं लाग्छ (पृष्ठ ४३)।
"सपना त हैन, बरु अर्कै एउटा...." बोल्दाबोल्दै रश्मिले बीचैमा कुरा चपाइन् । मात्र उनका ओठका कुनाहरू सगबगाइरहे (पृष्ठ ४३) ।

**'आरुको फूल' कथामा मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त**

यस कथाकी प्रमुख पात्र रश्मिका अचेतनमा दवेको इदम्ले पल्लो घरको पुरुषले आफूलाई हेरोस् भन्ने चाहना आमाको "आइज भित्र, के बार्दलीको डिलमा कुहिना टेकेर बिनसित्तिको फाल्तु कुरा गरेर बसेकी ?" भन्ने भनाइका कारण अवरोधित हुँदा उक्त पुरुषप्रतिको असचेत यौन आकर्षण बढ्दै गएको देखिन्छ :

आमाले प्रफुल्ल अनुहारलाई एक्कासि अमिलो पारेर अर्कै प्रसङ्ग समातेको देख्दा रश्मि छक्क पर्छिन् । त्यसको कारण पत्ता लगाउन उनको दृष्टि स्वतः अघिल्तिर झ्यालमा पुग्यो । साँझको झिसमिसे अँध्यारोमा पनि झ्यालमा एउटा पुरुषको पिठ्युँ स्पष्ट ठम्याउन सकिन्थ्यो । "आमालाई देखेबित्तिकै उसले पिठ्युँ फर्काएको हुनुपर्छ ।" यस्तो अड्कल काट्नेबित्तिकै उनको अनुहार रातो भई घोप्टियो (पृष्ठ ४०) ।

जब व्यक्ति हुर्कदै जान थाल्छ तब ऊ बाह्य परिवेश, समाज आदिसँग परिचित हुँदै जान थाल्छ जसको फलस्वरुप अहम् र पराहमको विकास भई इदम्का चाहनाहरू अवरोधित हुन थाल्दछ। अवरोधित चाहनाहरू कुण्ठाका रूपमा अचेतनमा दबिन जान्छन् । यस्तै प्रवृति रश्मिमा पनि देखिएको छ। रजस्वला पश्चात आफ्नो स्वच्छन्द घुमफिरमा आमाद्वारा बन्देज लगाइदा उसलाई नरमाइलो लागेको छ –

"अचानक आफूलाई नौलो परिस्थितिमा पाएर रश्मिलाई आफूभित्र के के भत्के, के के बने जस्तो लागेर त्यसै त्यसै रुन मन लाग्यो ।"

आरूको बोटमा फल लाग्नुले रश्मिमा यौवनावस्थाको आगमन भएको सङ्केत पनि गरेको छ। यौवनावस्थका कारण उसमा यौन चाहना जागेको छ तर आमा, हजुरआमाद्वारा सिकाइएको आधारमा र समाजद्वारा विभिन्न नैतिक, समाजिक, धार्मिक आदि आधारमा इदम्का चाहनामाथि प्रतिबन्ध लगाइदा रश्मिमा पीडा जागेको छ भने अर्कोतर्फ त्यसको कारण जान्ने चाहना जागेको पनि छ।

म अव तरुनी भएँ। अब म त्यो अवस्थामा छैन, जुन अवस्थामा पहिले थिएँ। ममा एकाएक यस्तो परिवर्तन कसरी, किन आयो ? आउने दिनहरू मेरा कस्ता होलान् ?

"आरूको बोटमा फूल फुल्नु र ममा यौवनको फूल फुल्नु, त्यो पनि एउटै महिना र एउटै साल....। " विस्मय उनीभित्र अग्लिँदै जान्छ नापिनै नसकिने गरी, बडेमानको आकार भएर । जुन बेला बार्दलीमा बसेर आरूको बोटका हाँगाभरि कोपिला फक्रेको दृष्य मुग्ध भएर हेरिरहेकी थिइन्, त्यसै बेला अगाडिको घरको झ्यालबाट एक जोडी आँखाहरू लोलुप घुरा इबोकेर उनलाई हेरिरहेके उनले देखे पनि नदेखे झैं गरेकी थिइन्। अहिले तिनै आँखाहरू र त्यसभित्र छरिएका आकर्षणबारे सोच्न उनले अवकाश पाएकीले सोच्न थाल्छिन्।

सोच्दासोच्दै मानौँ सहस्यैरहस्यका गुजुल्टाहरूबाट एउटा कुराको रहस्योद्घाटन भए झैँ उनी एक्लै मुस्कुराउँछिन् (पृष्ठ ४१)।

**निष्कर्ष**

कथाकार पद्मावती सिंहद्वारा लेखिएको प्रस्तुत कथामा विशेष गरेर मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त अनुसार जननेन्द्रियवस्थामा पुगेकी नारी पात्र रश्मिभित्र जागृत यौन चाहनाको फलस्वरूप उनीद्वारा गरिएका क्रियाकलापहरूको फ्रायडीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ। हुन त मनोविज्ञानपरक समालोचना भन्ने बित्तिकै फ्रायड, एडलर र युङका मनोविश्लेषणात्मक सिद्धान्तको समन्वित मान्यतामा आधारित समालोचना भन्ने बुझिन्छ तापनि यहाँ फ्रायडकै मान्यतामा आधारित भएर पद्मावती सिंहको आरूको फूल कथाकी प्रमुख नारी पात्र रश्मिको यौन मनोवैज्ञानिक अध्ययन गरिएको छ। रश्मि भर्खर युवावस्थामा प्रवेश गरेकी नारी पात्र हो। एकातिर रजस्वला पश्चात् उत्पन्न परिस्थितिका कारण ऊ उद्वेलित भएकी छे भने अर्कोतर्फ पल्लो घरको झ्यालबाट आफूलाई हेर्ने पात्रबाट उसमा यौनाकांक्षा जाग्न पुगेको छ जुन चाहना सहज तरिकाबाट पूरा हुन सकेको छैन। यसले रश्मिभित्र इदम् र पराहम्का बीचमा अन्तर्द्वन्द्वको विकास हुन पुगेको छ। यी दुईका बीचमा अहम्ले मध्यस्थता गर्दै रश्मिको यौन चाहनालाई भ्रमात्मक रूपमा आरूको बोटलाई पुरुषका रूपमा रूपान्तरित गरी पूरा गराइएको छ र रश्मिमा आउन सक्ने मनोविक्षिप्ताको अवस्थालाई हटाई मानसिक स्वस्थता रहेको देखाइएको छ। यहाँ रश्मि जीवन मूल प्रवृत्ति भएकी पात्रका रूपमा देखापरेकी छे भने मनको सिद्धान्तका आधारमा हेर्दा इदम् प्रवृत्ति हावी हुन खोजेको अवस्थाकी पात्रका रूपमा देखापरेकी छे अहम् प्रवृत्तिको हस्तक्षेपका कारण ऊ मनोविकृत अवस्थामा पुग्नबाट जोगिएकी पात्रका रूपमा देखिएकी छे।

**सन्दर्भ सामग्री**

अधिकारी. इन्द्रविलास (२०६१). *पश्चिमी साहित्य सिद्धान्त*. ललितपुर : साझा प्रकाशन।

गौतम. कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन*. ललितपुर : साझा प्रकाशन।

त्रिपाठी. वासुदेव (२०४९). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग २)* (तेस्रो संस्क.). काठमाडौँ :

साझा प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०५६). *फ्रायड र मनोविश्लेषण*. ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद (२०५०). *मनोविश्लेषणात्मक समालोचना (उपन्यास खण्ड)* (दोस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, लुइटेल, मोहनराज र खगेन्द्र (२०५१). *पूर्वीय र पाश्चात्य साहितय सिद्धान्त*. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, वसन्तकुमार (२०५८). *नेपाली शब्द सागर* (दोस्रो संस्क.). काठमाडौँ : भाभा पुस्तक भण्डार ।

श्रेष्ठ, अयनकुमार (२०५४). *प्रारम्भिक मनोविज्ञान* (दोस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४). *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* (दोस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन. ।

अनिवार्य नेपाली विषय स्थायी समिति (२०६६ सम्पा.). *नेपाली साहित्यिक रचना*. ललितपुर. साझा प्रकाशन ।

# नेपालमा महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा भएका परिवर्तनहरू

कृष्णकान्त पौडेल
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवन
krishna.paudelsharma@gmail.com

**लेखसार**

*यस अध्ययन वर्तमान सन्दर्भमा महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा भएका परिवर्तनहरूलाई व्याख्या गर्ने प्रयास गरिएको छ। अध्ययनमा हालसम्म नेपाल सरकार एवं अन्य क्षेत्रहरूबाट विभिन्न समयमा भएका सङ्ग्रहित तथ्याङ्क तथा जनगणनाबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययन सरकारी क्षेत्रहरूबाट विभिन्न समयमा भएका जनगणनाबाट प्राप्त तथ्याङ्क र सूचनाहरूका आधारसम्म सीमित विश्लेषण गरिएको छ।*

*नेपालको जनगणना २०११ का अनुसार महिलाको औसत आयु ६९ प्रतिशत पुगेको छ। औसत जन्मदर ४.६ वाट घटेर २.६ पुगेको छ। महिलाको आर्थिक स्रोत, घर, जग्गा र सम्पत्तिमा महिलाको पहुँच वृद्धि भएको छ। त्यसैगरी लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि लैङ्गिक उत्तरदायी बजेट विनियोजन वृद्धि भएको छ। चालु आ.व. २०७४।७५ मा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको प्रतिशत ३७.४ प्रतिशत रहेको छ। नेपालमा पन्ध्र वर्षभन्दा माथिको श्रम शक्तिका आधारमा हेर्दा लगभग ८८ प्रतिशत महिला कुनै न कुनै प्रकारको श्रम शक्तिमा आवद्ध रहेको तथ्याङ्क छ। जसमा पुरुष भने ८० प्रतिशत मात्र रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार कूल जनसङ्ख्याको अनुपातमा महिलाको साक्षर जनसङ्ख्या पुरुषको तुलनामा कम देखिएको छ।*

*नेपालको राष्ट्रिय जनगणना २०६८ का अुनसार महिलाको आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुनुको साथै मातृ तथा शिशु स्वास्थ्यमा उल्लेखनीय प्रगति गरिएको छ। देशमा सुरु भएको महिला सशक्तीकरणका प्रयासहरूले महिलाहरूको स्थितिमा क्रमिक रूपमा सुधार हुँदै छ। अधिकाङ्श पारिवारिक आर्थिक क्रियाकलापमा महिलाहरूको नियन्त्रण बढ्दै गएको छ। नेपालको कूल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा महिलाले ओगटेको भए तापनि सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच र उपस्थिति ज्यादै न्यून देखिएको छ। नेपालको संविधानमा राखिएको महिलालाई पनि पुरुषसरह सम्पत्ति तथा रोजगारीमा समान अधिकार, सकारात्मक विभेदको प्रावधानले महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनका लागि टेवा पुगेको छ।*

---

*पौडेल समाजशास्त्र तथा मानवशास्त्र विषयका शिक्षण सहायक हुनुहुन्छ।*

शब्दसूची : महिला, सामाजिक, परिवर्तन, जनगणना, हकअधिकार।

### विषय परिचय

सामाजिक परिवर्तन एवं विकासमा पुरुषको जति जिम्मेवारी र दायित्व हुन्छ त्यति नै जिम्मेवारी एवं दायित्व महिलाको पनि हुन्छ। त्यसैले राष्ट्रको समग्र विकासका लागि महिलाहरूको सामाजिक, आर्थिक र राजनीतिक स्तर उठाउन राज्यले विशेष प्रयास निरन्तर जारी राख्नुपर्दछ। महिलाहरूको क्षमता, दक्षता, सीप, क्रियाशीलता एवं सकारात्मक योगदानले नै नेपालको समष्टिगत विकासमा टेवा पुऱ्याउँछ।

नेपालको कूल जनसङ्ख्या २,६६,२०,८०९ मध्ये पुरूषको सङ्ख्या १,२९,२७,४३१ र महिलाको सङ्ख्या १,३६,९३,३७८ पुगेको छ। कूल जनसङ्ख्यामा पुरूषको सङ्ख्या ४८.५६ प्रतिशत र महिलाको सङ्ख्या ५१.४४ प्रतिशत रहेको छ। भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरणमा तराई क्षेत्रमा विगत २०५८ सालको तुलनामा २०६८ वृद्धि भएको देखिएको छ। यसका साथै लैङ्गिक आधारमा हिमाली र पहाडी क्षेत्रमा जनसङ्ख्या घटेको र तराई क्षेत्रमा भने बढेको देखिन्छ। लैङ्गिक अनुपात विगत जनगणनामा जस्तै २०६८ मा पनि पहाडी क्षेत्रमा कम र तराई क्षेत्रमा बढी रहेको देखिन्छ। देशमा महिला परिवारमूली रहेका परिवारहरू वृद्धि भई २०६८ सालमा २५.७३ प्रतिशत पुगेको देखिएको छ। देशको कूल परिवारको १९.७१ प्रतिशत परिवारहरूमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएको छ। जुन विगत २०५८ सालको जनगणनामा महिलाको नाममा घर वा जग्गा भएका परिवारहरू ९.११ प्रतिशत मात्र थिए।

नेपालको कूल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा महिलाले ओगटेको भए तापनि सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच र उपस्थिति ज्यादै न्यून देखिन्छ। देशमा विद्यमान लैङ्गिक भिन्नताका कारण लैङ्गिक असमानता, साधन र स्रोतको पहुँच र प्रयोगको अवसरमा कमी, आर्थिक परनिर्भता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमीजस्ता कारणहरूले महिलाको स्तर पुरुषको दाँजोमा पछाडि परेको छ। यद्यपि देशमा भएका हरेक परिवर्तनहरूसँगै महिलाका हक अधिकारको सुनिश्चितताका आवाजहरू उठ्ने गरेका छन्। तिनै आवाजहरूलाई सम्बोधन गर्दै नेपालको संविधान, २०७२ लगायत विभिन्न कानुन तथा राज्यका नीति तथा कार्यक्रमहरूमा समेत महिलाको हक र अधिकारसम्बन्धी व्यवस्था सुनिश्चित गर्दै लगिएको छ। त्यस्तै पुरुषसरह हरेक क्षेत्रमा समानता हुनुपर्छ भन्ने उद्देश्यका साथ विभिन्न कामहरू भइरहेका पनि छन्। विगतदेखि नै महिलाहरूको सामाजिक, आर्थिक र राजनीतिक विकासका लागि नेपाल सरकार र विभिन्न गैरसरकारी संस्थाहरूले विविध प्रयासहरू गर्दै आइरहेका छन्। यद्यपि महिलाहरूको अपेक्षित स्तरोन्नति भने हुन सकेको छैन। अतः यस अध्ययनमा वर्तमान सन्दर्भमा महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा देखिएका परिवर्तनहरूलाई प्रष्ट्याउने प्रयास गरिएको छ।

यस अध्ययनका उद्देश्यहरू यस प्रकार रहेका छन्:

(क) नेपालमा महिलाहरूको वर्तमान सामाजिक, आर्थिक अवस्थाहरूको विश्लेषण गर्नु।
(ख) नेपालमा महिलाहरूको वर्तमान राजनीतिक अवस्थाको अध्ययन गर्नु।

**अध्ययनको विधि**

यस अध्ययनमा अहिलेसम्म सरकारी क्षेत्रहरूबाट विभिन्न समयमा भएका अध्ययन, सङ्ग्रहित जनगणनाबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरिएको छ। विश्लेषणबाट आएका निचोडहरूको आधारमा महिलाको सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा गरिनु पर्ने सुधारका लागि सुझाव समेत गरिएको छ थोरै समयमा सीमित साधन स्रोतको आधारमा गरिएको प्रस्तुत अध्ययनमा प्राप्त सरकारी तथ्याङ्क एवं सूचनाहरूको आधारमा स्थितिको विश्लेषण गर्ने गरिएको छ। यस अध्ययन सरकारी क्षेत्रहरूबाट विभिन्न समयमा भएका अध्ययन, जनगणनाको प्राप्त तथ्याङ्क र सूचनाहरूका आधारसम्म सीमित गरिएको छ।

**नेपालमा महिलाको जनसङ्ख्या**

राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको कूल जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ। उक्त तथ्याङ्कअनुसार नेपालमा महिलाको सङ्ख्या १ करोड ३६ लाख ९३ हजार ३ सय ७८ छ, जुन कूल जनसङ्ख्याको ५१.५० प्रतिशत हो ।देशमा पुरुषभन्दा ७ लाख ९६ हजार ४ सय २२ महिलाहरूको जनसङ्ख्या बढी छ। यसअनुसार लैङ्गिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरूषको सङ्ख्या ९४.१६ रहेको छ।

**तालिका १ : नेपालमा महिला र पुरूषको जनसंख्या अनुपात**

| विवरण | २०५८ | २०६८ |
|---|---|---|
| नेपाल | २,३१,५१,४३५ | २,६४,९४,५०४ |
| पुरुष | १,१५,६३,९२१ | १,२८,४९,०४१ |
| पुरुष % | ४९.९५ | ४८.५० |
| महिला | १,१५,८७,५०२ | १,३६,४५,४६३ |
| महिला % | ५०.०५ | ५१.५० |
| कूल घरपरिवार संख्या | ४२,५३,२२० | ५४,२३,२९७ |
| वार्षिक जनसंख्या वृद्धिदर (%) | २.२५ | १.३५ |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८ केन्द्रीय तथ्याङ्क विभाग*

**महिला र शिक्षा**

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार जनसंख्याको अनुपातमा महिलाको साक्षर जनसंख्या पुरुषको तुलनामा कम देखिएको छ। २०७४/७५ को तथ्याङ्क केलाउँदा पनि पुरुष (८० प्रतिशत) र महिलाको (६२ प्रतिशत) मात्र साक्षर रहेको देखिन्छ। राष्ट्रिय जनगणना २००१ अनुसार महिलाको साक्षरता दर ४३ प्रतिशत थियो। राष्ट्रिय जनगणना २०११ मा ५७.४% देखिएको छ । महिलाहरूको साक्षरता दर भने क्रमिक बृद्रि हुँदै गएको देखिन्छ

पुरुषको साक्षरता दर २००१ मा ६६% थियो। राष्ट्रिय जनगणना २०११ पुरुषको ७५.१% देखिएको छ र साक्षरता दर भने क्रमिक वृद्धि हुँदै गएको देखिन्छ।

तालिका २ : तह विधार्थी भर्नादर सम्बन्धी विवरण

| विद्यालय तह | कूल भर्ना दर | | | खुद भर्ना दर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| आधारभूत (कक्षा १-५) | १३६.० | १२८.६ | १३२.३ | ९७.१ | ९७.४ | ९७.२ |
| आधारभूत (कक्षा ६-८) | १०८.९ | १०७.२ | १०८.० | ८६.३ | ८८.६ | ८७.४ |
| आधारभूत (कक्षा १-८) | १२२.४ | ११७.९ | १२०.१ | ९१.७ | ९३.० | ९२.३ |
| माध्यमिक (कक्षा ९-१०) | ७८.५ | ८२.२ | ८०.३ | ६५.१ | ६६.७ | ६५.९ |
| माध्यमिक (कक्षा ११-१२) | ४१.४ | ४०.४ | ४०.९ | २२.४ | २१.६ | २२.० |
| माध्यमिक (कक्षा ९-१२) | ६०.० | ६१.३ | ६०.६ | ४३.७ | ४४.१ | ४३.९ |

*स्रोत : नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०७४*

विद्यालय जाने उमेरका बालबालिकाको भर्ना दर हेर्दा भने बालक र बालिकाको भर्ना दरमा विगतका दशकहरूमा हुने गरेको भिन्नता क्रमशः कम हुँदै गएको पाइन्छ। यसबाट अब विस्तारै छोरीलाई पनि पढाउनु पर्छ भन्ने अभिभावकहरूको चेतनाको स्तर बढ्दै गएको देखिन्छ। माध्यामिक शिक्षा परीक्षा २०७४ मा जम्मा नियमित परीक्षार्थी ४ लाख ५१ हजार, ५ सय ३२ मध्ये जम्मा छात्र २,२३,६०१ र छात्राहरू २,२७,९३१ जना विद्यार्थीहरले उत्तीर्ण गरेको देखिन्छ। माध्यामिक तहको यस परीक्षाफल भने सन्तोषजनक नै छ। शैक्षिक सत्र २०७३ को कक्षा १२ को परीक्षा सम्मिलित २ लाख ३८ हजार परीक्षार्थी मध्ये १ लाख १७ हजार विधार्थी उत्तीर्ण भएका थिए। जसमा छात्रा (५१.६%) र छात्रको (४७.१%) उत्तीर्ण रहेको थियो।

परिवारमूली

तालिका ३ : ग्रामीण एवं शहरी क्षेत्रमा महिलाको घरमूली अवस्था

| क्षेत्र | २०५८ | २०६८ |
|---|---|---|
| नेपाल | १४.९ | २५.७ |
| सहरी | १७.० | २८.१ |
| ग्रामीण | १४.५ | २५.२ |

*स्रोत : राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग*

सन् २००१ मा घरमूलीको भूमिकामा रहेका महिलाको सङ्ख्या १४ प्रतिशत मात्र थियो। अहिले २०११ मा वृद्धि भएर २५ दशमलव ७३ प्रतिशत पुगेको छ। सहरी क्षेत्रमा २८ दशमलव १ प्रतिशत र ग्रामीण क्षेत्रमा २५ दशमलव २ प्रतिशत महिला घरमूलीको भूमिकामा छन्। यस अवधिमा सहरी र ग्रामीण क्षेत्र दुबैमा पनि लगभग ११

प्रतिशतकै बृद्रि भएको देखिन्छ। तथापि हालैका वर्षहरूमा कामका लागि विदेश जाने पुरुषहरूको सङ्ख्या बढी रहेकाले घरमूलीको जिम्मेवारी क्रमशः महिलाहरूमा आइपरेको देखिनु पनि स्वभाविक छ।

**महिला र स्वास्थ्य**

नेपालमा महिलाको औसत आयु ६४.५ वर्ष छ भने पुरुषको आयु ६३.६ वर्ष छ। यसले महिलाहरू पुरुषभन्दा बढी उमेरसम्म बाँच्ने देखिन्छ। यद्यपि सामाजिक, आर्थिकजस्ता परनिर्भरताका कारण महिलाको स्वास्थ्यमा विभिन्न समस्याहरू भने तथावत नै छन्।

**तालिका ४ : नेपालमा महिला र पुरूषको औषत आयु**

| विवरण | २०५८ | २०६८ |
|---|---|---|
| कूल | ६०.४ | ६४.१ |
| महिला | ६०.७ | ६४.५ |
| पुरुष | ६०.१ | ६३.६ |

*स्रोत : राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क वि*

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण १९९१, १९९६ र १९९८ हरूमा मातृ मृत्यु दर बढ्दो क्रममा तर २००६ को सर्वेक्षण अनुसार सो दर प्रति १००,००० जिवित शिशुहरूको जन्ममा २८१ मा झरेको देखिन्छ जुन सन् १९९६ को ५३९ को दाँजोमा निकै कम हो। नेपालमा पहिला पुरुषको भन्दा महिलाको औसत आयु रहेको थियो तर २१ औँ शताब्दीको सुरुवातसँगै महिलाको औसत आयु पुरुषको तुलनामा बढी देखिन थाल्यो। वर्षसम्म आइपुग्दा पुरुषको भन्दा महिलाको आयु १ वर्षले बढी भई ६९ वर्ष पुगेको छ।

**तालिका ५ : नेपालमा कूल प्रजनन दरको अवस्थाहरु**

| वर्ष | कूल प्रजनन दर |
|---|---|
| १९८६ | ५.७ |
| १९९५ | ४.६ |
| २००१ | ४.१ |
| २००६ | ३.१ |
| २०११ | २.६ |

*स्रोत : नेपाल जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षण, १९८७, १९९७, २००१, २००६ र २०*

१९८६-२०११ का समयमा भएका विभिन्न पाँच नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणहरूले देखाए प्रजनन दरका तथ्याङ्कहरू हेर्दा नेपालको कूल प्रजनन् दर हरेक सर्वेक्षणहरूमा घट्दो क्रममा देखिएको छ। १९८७ मा ५.७ मा रहेको कूल प्रजनन् दर सन् २०११ मा आइपुग्दा २.६ मा झरेको छ। यसले महिलाहरू प्रजननको सवालमा निर्णय गर्ने क्षमतामा बृद्रि भएको गर्न लगाउन सकिन्छ। यसका साथै महिलाको शिक्षा

रोजगारीमा भएको वृद्धि पनि हुन सक्दछन्।

नेपालमा बाल विवाहको सम्बन्धमा विभिन्न प्रतिवेदनले समय समयमा विभिन्न तथ्याङ्क देखाएका छन्। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको उल्लेख गरेको छ। अर्कोतर्फ यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा हुने गरेको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणअनुसार सन् २००१ मा १५ देखि १९ वर्ष उमेर समूहमा अविवाहित महिला ६० प्रतिशत रहेकोमा सन् २०११ मा ७१ प्रतिशत पुगेको छ। यसले कम उमेरमा विवाह गर्ने क्रम क्रमशः घट्दै गएको देखिन्छ (राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

## महिला र सञ्चार

महिला शसक्तीकरण एवं अधिकारको विकासमा सञ्चार क्षेत्रको महत्व निकै छ। विश्वव्यापी रूपमा सूचनाको विकासले खास गरी इन्टरनेट, टेलिभिजन, रेडियो तथा पत्रपत्रिकाको विकासको कारणबाट महिला सशक्तीकरणमा सघाउ पुऱ्याएको छ नेपालमा विगत केही वर्षदेखि आम सञ्चार माध्यमबाट सम्प्रेषण हुने विषयवस्तुहरूमा महिलाअधिकार तथा लैङ्गिक दृष्टिकोणले महत्व र स्थान पाइरहेका छन्।

**तालिका ६ : सञ्चारमा महिलाहरुको सहभागिताको अवस्था**

| पत्रकार | महिला | पुरूष |
|---|---|---|
| कूल | ६०.४ | ६४.१ |
| महिला | ६०.७ | ६४.५ |
| पुरुष | ६०.१ | ६३.६ |

*स्रोत : राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग*

विगतको तुलनामा सञ्चारका विविध क्षेत्रहरूमा जस्तैः समाचार सङ्कलन, सम्पादन तथा वाचन, कार्यक्रम उत्पादन, प्रसारण, निर्देशन, पत्रकार, स्रोत व्यक्ति, पैरवी इत्यादिमा महिला सहभागिता बढेको छ। सञ्चार क्षेत्रको विकासका लागि राष्ट्रिय सञ्चार नीति, २०४९ र दूरसञ्चार नीति, २०५६ अवलम्बन गरिएका छन् तर सञ्चारको क्षेत्रमा महिलाको नेतृत्व अझै विकास हुन सकेको भने देखिदैंन।

## महिला र सम्पत्ति

नेपालको पछिल्लो संविधान तथा कानुनहरूमा केही मात्रमा महिलाको आर्थिक हक, अधिकारहरूको उल्लेख भए तापनि आर्थिक रूपमा महिलाहरूले अझै पनि आफ्नो हकको प्रचलन गर्न पाएका छैनन्। कानुनमा समान साम्पत्तिक अधिकारको व्यवस्था भए तापनि छोरासरह छोरीले पैतृक सम्पत्ति प्राप्त गर्न सहज छैन र भएका आर्थिक अधिकारहरूलाई पनि व्यवहारमा बदल्न अझै कठिनाइ छन्। देशका कूल परिवारको १९.७१ प्रतिशत

परिवारहरूमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएको छ।

**तालिका ७ : महिलाको घर वा जग्गामा स्वामीत्वको अवस्था**

| क्षेत्र | २०५८ | २०६८ |
|---|---|---|
| नेपाल | ११.७ | १९.७ |
| सहरी क्षेत्र | १५.२ | २६.८ |
| ग्रामीण | १०.० | १८.० |

स्रोत : राष्ट्रिय जनगणना, २०६८

## रोजगारी र महिला

श्रम सर्वेक्षणका २०६८ अनुसार ८०.१% महिला र ८७.५% पुरुषहरू आर्थिक उपार्जनमा सक्रिय छन्। त्यसमध्ये ८९% महिलाहरू कृषि र वनसम्बन्धी क्षेत्रमा काम गर्छन् तर यो प्रतिशत पुरुषको दाँजोमा कम हो। नेपालमा पन्ध्र वर्षभन्दा माथिको श्रम शक्तिका आधारमा हेर्दा लगभग ८८ प्रतिशत महिला कुनै न कुनै प्रकारको श्रम शक्तिमा आबद्ध रहेको तथ्याङ्क छ। जसमा पुरुष भने ८० प्रतिशत मात्र रहेका छन्। क्षेत्रको आधारमा रोजगारीको स्थितिलाई हेर्दा कृषि क्षेत्रमा लाग्नेहरूमा पुरुष (६२.१) प्रतिशतभन्दा महिला (८४.३) प्रतिशत बढी संलग्न रहेको पाइएको छ। निजामती किताबखाना (२०७४/७५) अनुसार निजामती कर्मचारीमा विशिष्ट श्रेणीमा महिला (३.१३%) र (८८.८१%) पुरुष रहेका हुन्। राजपत्राङ्कित तृतीय श्रेणी मा (१३.५%) महिला रहेको छन् भने (८६.९५%) पुरुषहरू छन्। न्यायमा पनि अत्यन्तै न्यून (३.३३%) महिलाहरू छन् भने ९६.६७%) पुरुषहरूको उपस्थिति देखिन्छ।

शैक्षिक सत्र २०७४ मा सामुदायिक र संस्थागत विद्यालयमा गरी कूल ३ लाख २२ हजार शिक्षक मध्ये महिला शिक्षकको संख्या १ लाख २९ हजार र पुरुष शिक्षक १ लाख ९३ हजार रहेका छन्। माध्यमिक तहमा कूल शिक्षकमध्ये महिला प्रतिशत १९.२ रहेकोमा सामुदायिकतर्फ १६.९ प्रतिशत र संस्थागततर्फ २२.५ प्रतिशत रहेको छ। सबै प्रकारको सामुदायिक विद्यालयमा कार्यरत कूल शिक्षक संख्यामा लैङ्गिक समता सूचकाङ्क प्राथमिक तहमा ०.९३ रहेको छ भने आधारभूत तह (६–८ मा) ०.२८ रहेको छ। यद्यपि, संस्थागत विद्यालयमा महिला शिक्षकको सहभागिता उत्साहप्रद रहेको छ।

## राष्ट्रिय आय र महिला

आर्थिक सर्वेक्षण २०७४/७५ का अनुसार आ.व. २०७३/७४ मा नेपालको आर्थिक वृद्धि दर ७. ४ प्रतिशत रहेको थियो। आर्थिक सर्वेक्षण २०७४/७५ का अनुसार चालु आर्थिक वर्षमा अर्थतन्त्र ५.९ प्रतिशतले विस्तार हुने अनुमान छ। देशको आर्थिक वर्ष २०७४/७५ मा प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन प्रचलित मूल्यमा १२.३ ले वृद्धि रु. १,०३,३३५ (यु.एस. डलर १,००४) हुने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा प्रति व्यक्ति कूल राष्ट्रिय आय अमेरिकी डलर ८७७ रहेकोमा चालु आर्थिक वर्षमा सो आय बढेर अमेरिकी डलर १ हजार १२ रहने अनुमान छ। नेपाल जीवनस्तर सर्वेक्षण ०६७/६८ अनुसार यो आँकडा २५.१६ मा प्रतिशतमा झरेको छ तथा पारिवारि

...को वितरणमा रहेको असमानता (गीनी) सूचकाङ्क ०.३२८ रहेको छ।नेपाली महिलाको वार्षिक प्रतिव्यक्ति ... रु. १ हजार ७ सय ८६ छ भने पुरुषको रु. ४ हजार ४ सय २५ छ। बढीभन्दा बढी नेपाली महिलाहरू ...को काममा व्यस्त हुने हुनाले उनीहरूको कार्य, समय, क्षेत्र र आर्थिक योगदानको उल्लेख गरिँदैन। ...को कामहरूलाई राष्ट्रिय योगदानमा समावेश गरिँदैन। यसले गर्दा उनीहरूले चौविसै घण्टा काम गरे तापनि आर्थिक उपार्जनको हिसाबले उनीहरूको योगदान देखिँदैन।

## राजनीतिमा महिला सहभागितामा

...को संविधानले सङ्घीय संसदमा कम्तीमा एक तिहाइ र स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्व ... पर्ने व्यवस्थाको प्रत्याभूति गरेको छ। सोही प्रावधान अनुसार २०७४ सालमा सम्पन्न सङ्घीय संसदको निर्वाचनबाट प्रतिनिधि सभामा ३२.७ प्रतिशत, राष्ट्रिय सभामा ३७.३ प्रतिशत र समग्र सङ्घीय संसदमा ३३.५ प्रतिशत महिला प्रतिनिधित्व रहेको छ। हालै गठित मन्त्रीपरिषदमा १८ प्रतिशत महिला प्रतिनिधित्व रहेको छ। Women in Politics: 2017 UN Report मा समावेश गरिएका १५२ मुलुकमध्ये जम्मा ११ मुलुकमा मात्र महिला राष्ट्रप्रमुख रहेकोमा नेपाल पनि महिला राष्ट्रप्रमुख भएको मुलुक भएको छ। नेपालका स्थानीय तहमा झण्डै ४१ प्रतिशत महिला प्रतिनिधित्व रहेको छ भने प्रदेश सभामा ३४.४ प्रतिशत महिला प्रतिनिधित्व रहेको छ। समग्रमा सङ्घीय गणतान्त्रिक नेपालको तिनै तहको सरकारमा महिला प्रतिनिधित्व ४०.८ प्रतिशत रहेको छ। नेपाल महिलाको प्रतिनिधित्व र समावेशीकरणमा विश्वमा एक उदाहरणीय राष्ट्रका रूपमा रहेको देश हो। राजनीतिमा पछाडि परेका महिला आज आएर अगाडि बढ्न लागि परिरहेका छन्। यसले महिलाहरूको राजनीतिमा बढ्दै गइरहेको पहुँचलाई उजागर गर्न सहयोग पुगेको छ।

**तालिका ८ : स्थानीय तहको निर्वाचनमा महिला निर्वाचित भएको अवस्था**

| पद | सिट | निर्वाचित | मनोनित |
|---|---|---|---|
| मेयर/अध्यक्ष | ७५३ | ७५३ | ० |
| उपमेयर/उपाध्यक्ष | ५७३ | ५७३ | ० |
| वडाध्यक्ष | ६७४३ | ६७३९ | ४ |
| वडा सदस्य | १३४८६ | १३४७२ | १४ |
| महिला वडा सदस्य | ६७४३ | ६७३४ | ९ |
| दलित महिला | ६७४३ | ६५२९ | २१४ |
| जम्मा | ३५२२१ | ३४९८० | २४१ |
| महिला | १४३०८ | ४१ प्रतिशत | |
| पुरुष | २०६७२ | ४९ प्रतिशत | |
| जम्मा | ३४९८० | १०० प्रतिशत | |

*स्रोत : निर्वाचन आयोग, २०७३*

नयाँ संविधानको २०७२ का व्यवस्था अनुसार भएको स्थानीय तहको निर्वाचनमा महिलाहरू निर्वाचित भएर आएका छन्। यसको साथै संबैधानिक व्यवस्था अनुसार ६७३४ जना महिला वार्ड सदस्यहरू र वडामा ६५२९ जना दलित महिलाहरू निर्वाचित भएर आएका छन्। यसले स्थानीय तहमा महिलाको सहभागितामा उल्लेखनीय वृद्धि भएको छ। स्थानीय तहमा कूल १४३०८ महिलाहरू विजयी भएका छन् भने २४१ महिलाहरू मनोनित भएका छन्।

तालिका ९ : दलगत आधारमा महिला निर्वाचित सहभागिता

| राजनीतिक दलको नाम | प्रतिनिधि सभा | | प्रदेश सभा | |
|---|---|---|---|---|
| | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिला हुने निर्वाचित हुने | समानुपातिक |
| नेकपा एमाले | २ | ३७ | ८ | ७१ |
| नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र | ३ | १६ | ७ | ३० |
| नेपाली काँग्रेस | ० | २० | ० | ३९ |
| राष्ट्रिय जनमोर्चा | १ | ० | ० | २ |
| राष्ट्रिय जनता पार्टी | ० | ६ | २ | ९ |
| सङ्घीय समाजवादी फोरम | ० | ५ | ० | १२ |
| नयाँ शक्ति पार्टी नेपाल | ० | ० | ० | १ |
| नेपाल मजदुर किसान पार्टी | ० | ० | ० | १ |
| राप्रपा | ० | ० | ० | ३ |
| राप्रपा प्रजातान्त्रिक | ० | ० | ० | १ |
| विवेकशील साझा पार्टी | ० | ० | ० | १ |
| सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ० | ० | ० | १ |
| नेपाल सङ्घीय समाजवादी पार्टी | ० | ० | ० | १ |
| जम्मा | ६ | ८४ | १७ | १७२ |

*स्रोत : निर्वाचन आयोगको प्रतिवेदन, २०७४*

२०७४ सालमा भएको प्रतिनिधि सभामा जम्मा ६ जना महिलाहरू प्रत्यक्ष निर्वाचित भएका छन् जुन पुरुषको तुलनामा अत्यन्तै न्यून संख्या हो। समानुपातिक प्रणालीबाट प्रतिनिधि सभामा ८४ महिला सभासद हुनु र त्यसको तुलनामा प्रत्यक्षबाट जित्ने ६ जना महिला सभासद हुनु आर्थिक, सांस्कृतिक एवं लैङ्गिक अवस्थाहरूले प्रभाव पारेको हो भन्न सकिन्छ। राष्ट्रीय सभामा कूल सदस्य ५६ मध्ये विभिन्न पार्टीहरूबाट प्रतिनिधित्व गर्ने कूल २१ महिला सभासदहरू हुनुहुन्छ। उहाँहरूको दलीय प्रतिनिधित्व प्रदेशगत रूपमा तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १० : राष्ट्रिय सभामा राजनीतिक दलको आधारमा महिला प्रतिनिधित्व

| प्रदेश / राजनीतिक दल | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १ | ० | २ | २ | २ | २ | २ | ११ |
| नेपाली काँग्रेस | १ | १ | १ | १ | १ | ० | १ | ६ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | १ | १ | ० | ० | ० | १ | ० | ३ |
| राष्ट्रिय जनता पार्टी नेपाल | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सङ्घीय समाजवादी फोरम नेपाल | ० | १ | ० | ० | ० | ० | ० | १ |
| जम्मा | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २१ |

छलफल

नेपालको जनगणना २०११ ले ६५.९ प्रतिशत जनसङ्ख्या साक्षर रहेको देखाएको छ भने महिलाको साक्षरता दर ५७.४ प्रतिशत पुगेको छ। वि.सं. २०५८ सालको जनगणनाअनुसार ६ वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरूको कूल साक्षरता दर ५४.१ प्रतिशत मात्र रहेको देखाएको थियो भने पुरूष साक्षरता दर ६५.५ प्रतिशत र महिला साक्षरता दर ४२.८ प्रतिशत मात्र रहेको थियो। तर, त्यस्तो साक्षरता दरभित्र पनि समावेशी रूपमा समान वृद्धि भने हुन सकेको देखिँदैन। महिलाको सामाजिक तथा आर्थिक क्षेत्रमा कमै मात्रमा सुधार भएको छ। महिलाको समग्र विकास र नयाँ नेपाल निर्माणका लागि अझै थुप्रै प्रयासहरू हुन आवश्यक छ। राज्यका सम्पूर्ण निकाय, तह र संरचनाहरूमा तथा राजनीतिक दलमा कम्तीमा पनि ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्नु पर्दछ। संविधान तथा कानुनहरूले सुनिश्चित गरेका आर्थिक हकअधिकारको उपभोगका लागि राज्यले ती कानुन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयनको साथै त्यस सम्बन्धी अनुगमनको व्यवस्था गर्नु पर्दछ।

नेपाल दक्षिण एसियाका मुलूकहरू मध्ये, अफगानिस्तान पछि उच्च मातृ मृत्यु हुने राष्ट्र हो। विश्व स्वास्थ्य सङ्गठनको बार्षिक प्रतिवेदनले जनाए अनुसार सन् १९९० मा नेपालको मातृ मृत्यु ९०१ रहेको थियो भने, २०१५ मा आईपुग्दा सो दर २५८ मा झरेको छ। सुरक्षित मातृत्व सुधार तथा मातृ मृत्यु दर न्यूनीकरणमा नेपालले पछिल्ला वर्षहरूमा उल्लेख्य प्रगति गरेको पुष्टि हुन्छ।

गत २०५८ सालको जनगणनामा महिलाको नाममा घर वा जग्गा भएका परिवारहरू ९.११ प्रतिशत मात्र थिए। २०११ का अनुसार अब बिस्तारै जमिन तथा घरमा महिलाहरूको स्वामीत्व बढ्दै गइरहेको देखाउँछ। सहरी क्षेत्रमा घर तथा जमिनमा २६ दशमलव ७७ प्रतिशत महिलाको स्वामीत्व छ भने ग्रामीण क्षेत्रमा १८ दशमलव शून्य दुई प्रतिशत महिलाको स्वामीत्व रहेको छ। वि.सं. २०६८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार नेपालको कूल साक्षरता प्रतिशत लगभग ६६ प्रतिशत पुगे पनि महिलाको साक्षरता प्रतिशतमा पुरुषको तुलनामा अझै पनि प्रगति हुन सकेको छैन। नेपाल जीवनस्तर सर्वेक्षण २०११ तथ्याङ्क अनुसार प्राथमिक तहमा ५०.४२, निम्नमाध्यमिक तहमा ५०.४७% र आधारभूत तहमा ५०.४३% छात्राहरू भर्ना भएको देखिन्छ, जुन छात्रहरूको सङ्ख्याभन्दा बढी रहेको छ।

**निष्कर्ष**

महिला हक र अधिकारलाई केवल किताबी नाराहरूमा मात्र सीमित नराखी अब महिलालाई जिम्मेवारी दिन हिच्किचाउनु हुँदैन । देशको समग्र विकासका लागि सामाजिक, सांस्कृतिक रूपमा समाजमा दीर्घ महिलाविरुद्धका भेदभावपूर्ण र नकारात्मक सोचहरूलाई परिवर्तन गर्न विषेश नीति, नियम तथा प्रतिबद्धताहरूको कार्यान्वयन पक्षमा विशेष जोड दिनु पर्ने हुन्छ । संविधान तथा कानुनहरूले दिएका अधिकारहरू प्रयोग गर्न राज्यले महिलाहरूको पहुँच, सशक्तीकरण एवं सहभागितामा जोड दिनु पर्दछ । महिलाका क्षेत्रमा सकारात्मक व्यवस्थाहरू तथा उनीहरूको जीवन स्तरोन्नतिका लागि राज्यले सकारात्मक पहल गर्नुपर्दछ । नेपालको कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा महिलाले ओगटेको भए तापनि सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच र उपस्थिति ज्यादै न्यून रहेको छ। नेपालको पछिल्लो संविधान तथा कानुनहरूमा केही मात्रमा महिलाको आर्थिक हक, अधिकारहरूको उल्लेख भए तापनि आर्थिक रूपमा महिलाहरूले अझै पनि आफ्नो हकको प्रचलन गर्न पाएका छैनन्। संविधान तथा कानुनहरूले सुनिश्चित गरेका आर्थिक हकअधिकारको उपभोगका लागि राज्यले ती कानुन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयनको प्रतिबद्धताको साथै अनुगमनको व्यवस्था गर्नु पर्दछ। संविधानलगायत अन्य कानुनहरूमा रहेका लैङ्गिक विभेदपूर्ण कानुनी व्यवस्थाहरू खारेज तथा संशोधन गर्नुपर्दछ। महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि सरकारले योजना सहितको विशेष व्यवस्था तथा पहल गर्नुपर्दछ।

**सन्दर्भ सूची**

नेपाल सरकार (२०७४/७५). *आर्थिक सर्वेक्षण.* काठमाण्डौं : अर्थमन्त्रालय ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (२०११). *नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण.* काठमाडौं : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

व्यस्थापिका संसद् (२०७२). *नेपालको संविधान.* काठमाडौं : कानून किताव व्यवस्था समिति।

नेपाल सरकार (२०६७/०६८). *नेपाल जीवनस्तर सर्वेक्षण.* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

निर्वाचन आयोग (२०७४). *निर्वाचन आयोगको प्रतिवेदन.* काठमाडौं : निर्वाचन आयोग।

(२०७३) *संवैधानिक परिवेशमा महिला.* काठमाडौं : इन्दु तुलाधर हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च प्रा. लि.।

नेपाल सरकार (२०६८). *राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८.* काठमाडौं : केन्द्रिय तथ्याङ्क विभाग।

नेपाल सरकार (२०६८). *श्रम शक्ति सर्वोक्षण २०६८.* काठमाडौं : केन्द्रिय तथ्याङ्क विभाग।